# इसिलिम

ISILIM

(अर्धवार्षिक दुमी भाषिक पत्रिका) २०६१ वर्ष ६ अंक ७ छिरियाम्लो (उघौली) October 2004






विजयादशमी

तथा

शुभ-दीपावली २०६१ को



शुभ उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाई दिदीबहिनीमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजयादशमी तथा दीपावलीको शुभ उपलक्ष्यमा



विशेष छुट

Your Satisfaction is our Mott

गुणस्तरीय सर्टिङ्का लागि

TIP TOP WEAR

Aradhan Complex Bagbazar, Kathmandu, Nepal, Tel. 4221026

**Visit us for best Stitching, Kinds of Dress Material,**
**We are Specialist in Gents Wear.**

# इसिलिम


अर्धवार्षिक दुमी भाषिक पत्रिका

वर्ष ६, अंक ७, २०६१

जि.प्र.का.द.नं. ४५/०५६, काठमाण्डौ

**संरक्षकः**
क्या. श्री नैनबहादुर दुमीराई(MM)²

**सल्लाहकारः**
भू.पू. सांसद श्री टंक दुमीराई
समाजसेवी श्री रामबहादुर दुमीराई
क्या. श्री पर्जबहादुर दुमीराई
उप-प्रा. श्री चतुरभक्त दुमीराई

**सम्पादकः**
नेत्रमणि दुमीराई
सुजन दुमीराई
धनप्रसाद दुमीराई
रत्नमणि दुमीराई

**व्यवस्थापकः**
गुणराज दुमीराई
अशोक दुमीराई

**विशेष सहयोगीः**
श्रीमति रत्नमाया दुमी(साङपाङ)राई
श्रीमति सरिता दुमी(कोयी)राई
नृप दुमीराई

**कम्प्युटर/डिजाईनर**
ज्ञानेन्द्र महर्जन
चन्द्र वाम्बुले क्याम्पाराई

**मुद्रणः**
महिला जागरण अफसेट प्रिन्टर्स
फोन नं.: ४४९१६४४

**पत्राचार**

**इसिलिम** भाषिक पत्रिका
पो.ब.नं. २०२११
फोन नं. ४४८८५८१
E-mail : chakshyu@enet.com.np

मूल्य : ने.रु. ५०/-, भा.रु. : ५०/-, H.K.$ 15/-
सिंगापूर/ब्रुनाई : $ ५/-, यु.के. £२


## विषयसूची


**खोज-अनुसन्धान**

- २००७ साल मंशिर २४ गतेको राजनीतिक महत्वः एक चर्चा - उप.प्रा. चतुरभक्त राई १

**भेटवार्ता**

- यायोक्खा अध्यक्ष श्री कुलबहादुर राई MBE – चतुरभक्त दुमीराई, नेत्रमणि दुमीराई १०
- समाजसेवी श्री रामबहादुर दुमीराई – चतुरभक्त दुमीराई, नेत्रमणि दुमीराई ४२

**भाषा तथा साहित्य**

- दुमी किरात राई भाषा पनि बोल्ने कि ? - " १७
- मामा सिसि स्यै ? " ७३
- स्वाडेश सय शब्द - " ३९
- दुमी ब्रला - अमर दुमीराई ३३

**भाषा र धर्म संस्कृति**

- खबचु, खरदेल र धार्मिक साँस्कृतिक - अशोक दुमीराई ३५

**वंशावली**

- दिम्मचु - चतुरभक्त दुमीराई ४९
- खबचु - रामबहादुर दुमीराई ६०
- खारुबु - चतुरभक्त दुमीराई ६३

**अर्थ तथा वित्त**

- रिजेन्सी बहुउद्दश्यीय ...... - सुजन दुमीराई २४

**लेख-रचना**

- नारी अनुभूति - सरिता दुमी(कोयी)राई २१
- सत्ययुगी, खक्चुलुपा, तोमा र खेमा - रत्नमाया दुमी(साम्पाङ्ग)राई ३१
- जीन्दगी के हो र ? - सुश्री हिमा दुमीराई ९
- संकल्प - नृप दुमीराई २६

**यात्रा संस्मरण**

- अविस्मरणीय युरोप भ्रमण - कमान सिं दुमीराई १८

**विज्ञान /स्वास्थ्य**

- स्वास्थ्यको लागि निद्रा - संपादक २३

**इतिहास**

- इतिहासको पोल्टाबाट - " २९
- नालिबेलि - " २५

**खोजखबर** - अशोक दुमीराई २८



## चू-पीहामपो तुम् (पूर्खाले भन्थे)

"इंकी रदु नाम्चु म्यै" (हामी किरात राईहरु सूर्यका सन्तान हौं ।)"



# ब्यक्तित्व बाणी

"क्षणिक स्वार्थ र महत्वाकांक्षाको भूलभूलैयामा लागेर जात के हो ? भन्ने थाहा नहुनेहरु नै आफूलाई अर्को जात हौं भनेर वंश फुटाउने काम गर्छन् भने त्यो भन्दा मतिभ्रष्ट मान्छे अरु कोही हुनै सक्दैन ।"

किराया अध्यक्ष, **श्री कुलबहादुर राई MBE,** इसिलिम, बर्ष ६, अंक ७

"नामबाट काम होइन कि कामबाट नाम चिनिनु चाहिँ सँस्थाको लागि हितकर हुन्छ र यसैमा सबैको कल्याण पनि छ ।"

- इसिलिमका सल्लाहकार, समाजसेवी **श्री रामबहादुर दुमीराई** इसिलिम, बर्ष ६, अंक ७

"संगठन र नेतृत्वबिनाको समुदायको औचित्य हुदैन, त्यो त केवल अगुवाबिनाको जनता जस्तो मात्र हुन्छ ।"

- अध्यक्ष, दुकिराफ, **श्री चतुरभक्त दुमीराई,** इसिलिम, बर्ष १, अंक १

"बृटिश सेना मेजर डोनाल्डले नेता मार्न हुन्न कदर गर्नुपर्छ किनभने हजारौंले भुकेको भन्दा एक नेताले बोलेको कुराले विश्वलाई शान्ति प्राप्त हुन सक्छ भनि सम्भाएको कुरालाई आफूले शिक्षाको रुपमा लिएको छु ।"

- मास्टर **धनरुप दुमीराई,** इसिलिम, बर्ष ३, अंक ४

"सबै दुमी परिवारहरु सक्रिय भएर लागेको खण्डमा पक्कै दुकिराफको भबिश्य उज्वल छ ।"

- उपाध्यक्ष, दुकिराफ, **श्री तेजबहादुर दुमीराई,** इसिलिम, बर्ष २, अंक ३

"आफ्नो जाति इतिहास, धर्म, संस्कृति र मातृभाषालाई संरक्षण गर्न इसिलिमलाई निरन्तरता दिइरहनु पर्छ, "

- साफ गेम २०५६ की स्वर्णपदक विजेता : **जुनु दुमीराई,** इसिलिम, बर्ष ३, अंक ४

"बिषेश गरिकन युवाहरु हिँड्ने बाटाहरु धेरै छन्, तर राम्रो बाटो रोजेर हिंडून् । जसका लागि पहिले फुलून् अनि बल्ल फलून् । एक्कैचोटि फल्न नखोजून् ।"

- संरक्षक इसिलिम, **क्या.श्री नैनबहादुर दुमीराई MM²,** इसिलिम, बर्ष४, अंक ५

" हामीले जान्दासम्म पनि बुढापाकाहरुले 'इंकी रदुनाम्चु म्यै' भन्थे । त्यसैले हामी 'सूर्यको सन्तान हौं' भन्ने त्यतिबेलामा हामी सबैको मनमा छापै बसेको पनि थियो । आजकल पो 'रदु'(राई) मात्र भन्न थालियो त ।"

- संस्थापक अध्यक्ष, किरोनासा, **मान्य नेपालतारा क्या. श्री मानबहादुर नाछिरीङराई** इसिलिम, बर्ष ५, अंक ६

"बुवाले सधै भन्ने गर्नुहुन्थ्यो, 'केटा जिऊँ पाल्न के चर्को छ, नाम पाल्न पो चर्को छ ।' मलाई त्यहि भएको छ आज ।"

- इसिलिमका सल्लाहकार, **भू.पू. सांसद टंक दुमीराई,** इसिलिम, बर्ष ५, अंक ६

# २००७ साल मंसिर २४ गतेको राजनीतिक महत्व : एक चर्चा



उप प्रा. चतुरभक्त राई
(पाटन बहुमुखी क्याम्पस)

## परिचय

हरेक दिनको आ-आफ्नो महत्व हुन्छ । तर नेपालको राजनीतिक आन्दोलनको इतिहासमा सात साल मंसिर २४ गतेको विशेष महत्व रहेको छ। यसले नेपाललाई आधुनिकीकरणको प्रकृयामा अगाडि बढाउन महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। विशौं शताब्दिको आधा व्यतित भैसक्ता पनि सामाजिक आथिक, राजनीतिक परिवेशमा पुरातन अन्धविश्वास, निरकुशता, परिवारतन्त्र, बन्द राजनीतिक प्रणाली, राष्ट्रिय ढिकुटी नै प्रधानमन्त्रीको ढिकुटी मानिने स्थितिवाट समाज एवं राष्ट्रलाई खुला परिवेशमा निकास दिने, रैतिवाट जनता हुने, देशलाई साझा बनाउने तथा राजा र प्रजालाई स्वतन्त्र बनाउने महान उद्धेश्यले सात सालको क्रान्ति सम्पन्न भयो । यसका धेरै श्रष्टाहरु मध्ये प्रमुख श्रष्टा भनेको भोजपुर हो। तर यसले आजसम्म नेपालको लिखित इतिहासमा स्थान पाउन सकिरहेको छैन। इतिहासविद तथा राजनीतिशास्त्रीहरुको ध्यान पनि यसतर्फ आकृष्ट हुन सकेको पाइदैन । त्यही राणाकालिन जिल्ला भोजपुर जसले सात सालमा प्रथम पटक सफलतापूर्वक क्रान्ति सम्पन्न गरेर खुला राजनीतिक व्यवस्थाको लागि नेता तथा जनताहरूलाई महत्वपूर्ण मार्ग प्रदान गर्न सक्यो। यसलाई नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा अविष्मरणीय मिलढुङ्गे क्रान्तिको स्रष्टाको रुपमा स्थान दिइनु पर्दछ। किनकी भोजपुरले सर्वप्रथम सम्पन्न गरेको क्रान्तिवाट यसको लहर ओखलढुङ्गा हुदै चैनपुर, तेह्रथुम, ताप्लेजुङ, धनकुटा, बिराटनगर उदयपुर, राजविराज, सोलु, रामेछाप, चरीकोट, मेलुङ र धुलीखेलसम्म राणाहरुको हातवाट सत्ता खोस्न सफल भयो भने नेपालको पशिचममा भैरवा, पाल्पामा पनि यसको प्रभाव परी के आई सिंह तथा अन्य योद्धाहरुको प्रयासमा राणातन्त्र नेपालको शासकीय व्यवस्थावाट सदाका लागि अन्त्य भयो । यसर्थ उक्त दिनलाई आततायी शासन विरुद्ध गरिएको गौरपूर्ण मुक्ति पर्वको रुपमा लिनु पर्ने हुन्छ ।

## उद्धेश्य

सच्चा इतिहासलाई अध्ययन, मनन, स्मरण र लिखितवद्ध नगर्ने हो भने यो दिन दुई गुणा रात चौ गुणा बिर्सिएर गइन्छ र यसले किंवदन्ती, मिथक र कथामा समेटिनु पर्ने हुन्छ । तसर्थ सातसाल मंशिर २४ गते भोजपुर र ओखलढुङ्गाको समेत योद्धाहरुको संयुक्त संघर्षवाट भोजपुरलाई राणाहरुको हातवाट सदाका लागि मुक्त गरेको ऐतिहासिक घट्ना र **त्यसपछि** भएका उपलब्धिहरूको वारेमा संक्षिप्त परिचय गराउने **उद्धेश्यले** यो लेख प्रस्तुत गरिएको हो ।

## के हो त मंशिर २४ गते

क्रान्ति रहरले होइन वाध्यताले गरिन्छ। इतिहासको विभिन्नं श्रृङ्खलाहरुमा आएको संसारका अनेकौं क्रान्तिका कारणहरु यस्तै रहेका छन । जाहाँसम्म नेपालको सन्दर्भ छ, नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास निमार्णमा भोजपुरे योद्धाहरुले सफलतापूर्वक लडेको ऐतिहासिक युद्धको प्रारम्भ र भोजपुरको मुक्ति २००७ साल मंशिर २४ गते प्राप्त भएको थियो ।

यो मुक्ति भोजपुरको लागि मात्र थिएन सिङ्गै नेपालको मुक्तिको मार्ग बनेको थियो। उक्त दिन नेपालको पूर्वी भागवाट लड्ने भोजपुरे योद्धाहरुले एकसय चारवर्षसम्म घरजम गरेर बसेको राणाहरुको शक्तिलाई ध्वस्त बनाई इतिहासलाई नै परिवर्तन गरेको हुनाले यो दिनलाई गौरवपूर्ण दिन मान्नु पर्ने हुन्छ । तर यो ऐतिहासिक पर्वको वारेमा सबै नेपालीहरूलाई पहिचान नभैसकेको र राज्यस्तरवाट समेत यसलाई पूर्ण मान्यता नदिईसकेको हुनाले यसलाई पहिलो चोटी सुन्दा धेरैलाई अनौठो पनि लाग्न सक्छ । तर यो कुरा इतिहासबाट छुटाउन नहुने महत्पूर्ण विषय हो । अझ भन्ने हो भने यसमा संलग्न क्रान्तिकारी योद्धाहरू, भुक्तभोगीहरू, प्रत्यक्षदर्सीहरू र भोजपुर वासीहरुको लागि त सधैं मनमा सुखद वा दुखद क्षणको रुपमा दैनिक दोहोरीरहने विषय पनि हुन । झट्ट सुन्दा र हेर्दा यो राजनीतिक पर्व भोजपुर र विशेषगरी किरातीहरूसंग बढी संवन्धित रहेको देखिए पनि यो त आततायीको विरुद्ध जनाताले उठाएको सिङ्गो नेपालको अजेय पर्व हो जो अझै जारी छ। यो समय समयमा घट्ने योद्धाहरूको इतिहास मात्र होइन यो त मुलुक निर्माणको एउटा वीरता र प्रेरणापूर्ण क्रान्तिकारी मार्ग हो। त्यसैले यो दिन तथा पर्व गौरवपूर्ण रहेको छ। यहि गौरवपूर्ण इतिहासको संझनामा २०५४ सालवाट भोजपुर जिल्ला विकास समितिले ऐतिहासिक वीर योद्धाहरूको सम्मानमा श्री

५ त्रिभुवन सहित, नारदमुनी थुलुङ र रामप्रसाद राईको अर्धकदको शालिक निर्माण गरेरे वार्षिक रुपमा उक्त दिन र तमाम योद्धाहरूको स्मृति दिवश तथा जीवीतहरूको सम्मान अभिनन्दन गर्ने परम्परा पनि प्रारम्भ गरिएको पाइन्छ । [1]

## भोजपुर कव्जा गर्ने निर्णय

क्रान्ति सजिलो हुदैन र सजिलो पाराले इतिहास पनि बन्दैन । इतिहास निमार्णको लागि कैयौं बाङ्गोटिङ्गो क्रान्तिको बाटाहरु हिड्नु पर्दछ अनि मात्र मानव जातिको बलिदानीपूर्ण संघर्षको इतिहास लेखिनेछ । यस्तो इतिहासको श्रष्टा भोजपुर नै हुनेछ भन्ने कुरामा साहेद तत्काल अनुमान गर्न कठिन हुन सक्थ्यो । तर पनि बृटिश सरकारको सेवा पश्चात रिटायर्ड भई फर्केका दृढ भू पू सैनिकहरु अनी स्वदेशकै हावापानीमा हुर्केका क्रान्तिकारीहरूको विचारले नेपालको निरंकुश सत्तावाट राणाहरुलाई हटाएरै छोड्नु पर्छ भन्ने एउटा दृढ क्रान्तिकारी अभियानलाई अगाडि बढाउन सक्यो । त्यसवेला आधुनिक मानिएको हातहतियारले सुसज्जित शक्तिशाली राणाशाही सर कारी सेनाको अगाडि भरुवा बन्दुक, लाठी र खुकुरीको भरमा जनमुक्ति सेनाले लड्न खोज्नु पहरालाई मुड्कीले हान्नु सरह थियो । तर समय आएपछि पहराहरु पनि खच्किएर पहिरो जाने, मक्किएर धुजाधुजा हुने र मुड्कीहरु पनि व्लास्टिङ् र हम्मर भएर परिपक्व हुदै जाने हुन्छ ।। भोजपुरको सवालमा पनि यस्तै भयो । यसै सन्दर्भमा राणाशाहीको विरुद्ध राष्ट्रिय आन्दोलन सम्पूर्ण रुपमा त्यत्तिखेर उठयो जव राजा त्रिभुवन सपरिवार दिल्ली शरणमा पुगे । यसपछि बिभिन्न ठाउँवाट आन्दोलन उठ्ने तर्खर भयो । यसको पहिलो असर बिरगञ्जमा परि त्याँहा सर्वप्रथम विद्रोहीहरूले कव्जा भयो । तर ९ दिन पछि राणाहरुले बिरगञ्ज फिर्ता गरि छाडे । त्यसपछिको निर्णायक लडाई भनेको २००७ साल मंशिर २४ गते भोजपुर कव्जावाट शुरुवात भएको लडाई हो ।

मुक्तियोद्धा लप्टन रामप्रसाद राईसंगै चीन पलायन भएका योद्धा प्रेमवहादुर राईको भनाइमा भोजपुर कव्जा गर्ने निर्णय सर्वप्रथम भोजपुर बजारस्थित कप्तान हर्कराज राईको घरमा कार्तिक १५गते[2] रातको समयमा बसेको बैठकले गरेको थियो। नारदमुनी थुलुङ्ले यसलाई मंशिर २० गते भनेका छन। मिति जुनसुकै भएपनि यस अवधिमा नारदमुनी थुलुङको अध्यक्षतामा [3] लप्टन रामप्रसाद राई लगायत अन्य १५ जना स्थानीय कार्यकर्ताहरु भेला भई भोजपुर कव्जा गर्ने निर्णय भयो । यही भेलाले नार दमुनी थुलुङलाई पहिलो र लप्टन रामप्रसाद राईलाई दोश्रो नेता चयन गऱ्यो । [4]

## रणनीतिक व्यवस्थापन

मंशिर १५ गतेको भेलाले गरेको निर्णयअनुसार क्रान्तिकारीरू वीच कामको बाँडफाट गरी जिम्मा लगाउने व्यवस्था भयो । यसअनुसार खाद्यान्न, हतियार र गोलीगट्ठाको जिम्मा कोर्टमार्शलको रुपमा श्रीपाल राई, सेनाहरुको रिकर्ड राख्ने जिम्मा पूर्णप्रसाद राईलाई लगाइयो । यसैगरी आर्थिक जिम्मेवारीमा कर्णवहादुर र नारदमुनी थुलुङ रहे भने लप्टन रामप्रसाद राईलाई भू पू सैनिकहरु जम्मा गर्ने जिम्मेवारी प्रदान गरियो ।

सवै क्षेत्रवाट युद्धमा सहभागीता गराउन र आपसमा दरिलो विश्वास कायम गर्न लप्टन रामप्रसाद राईको छोरीको विवाह अर्का योद्धा डा भूदेव राईसंग गरीदिई नाता संवन्ध बाँध्ने काम भयो । [5] योद्धाहरुको भनाइमा राणाहरूको विरोधमा कदम उठाउनु निश्चय नै चानचुने कुरा थिएन । तसर्थ सोही मंशीरमा अर्को निर्णय पनि लिइयो जसमा अड्डा अदालत कव्जा गर्न गोप्य तवरवाट एक क्रान्तिकारी सरकार गठन गरि नारदमुनिलाई नेता, रामप्रसादलाई रक्षादलको प्रमुख, कर्णवहादुर राईलाई अर्थ, जमदार पूर्णप्रसाद राईलाई यातयात र आवा, श्रीपाल राई र खडगवहादुर राईलाई खाद्यान्न र धनकृष्ण राईलाई बारुदखानाको जिम्मा लगाइयो । [6] तत्काल स्वदेश तथा विदेशमा गठित राजनीतिक दलहरूको भोजपुरे योद्धाहरुमा खासै प्रभाव र संपर्ग स्थापित भैसकेको थिएन । तसर्थ घतलाग्दो कुरा के थियो भने तत्काल नेतृत्व पंतीमा रहेको नेपाली कांग्रेसले कतै भोजपुर कव्जा गरेर गोश्वरा माल कार्यालयको सवै रुपैया लैजान्छकी भन्ने आशंकाले भोजपूरे जनमुक्ति सेनाहरु आफैले कव्जा गरी त्याँहावाट प्राप्त हुने पैसा जिल्ला विकासमा लगाउनु पर्दछ [7] भन्ने उच्च विचार राख्दथे ।

भोजपुरे योद्धाहरूको शिर्षस्थ हस्ती नारदमूनी थुलुङ् कांग्रेसको निकट भएर पनि त्यसको नीति र निर्णयअनुसार चलेका थिएनन । उनी त आफ्नै पहलमा ब्रिटिश सेनाका उत्साही देशभक्त भूपू सेनाहरूलाई देशभक्ति र जातिय कारणमा शिक्षित बनाउँदै अग्रसर गराउँदै राणाविरोधी सशस्त्र सेनाको संगठन गर्ने काममा लागेका थिए [8] भने रामप्रसाद राई जस्तो दृढ निश्चय भएका कुशल नेता तथा संगठक र अन्य धेरै वहादुर भू. पू सेनाहरूको सक्रिय सहयोग पनि प्राप्त थियो । यस कुरालाई नियाल्दा भोजपुरे योद्धाहरू स्वस्फूर्त रुपमा अगाडि बढेका थिए भन्ने देखिन्छ। यसै अनुसार भोजपुर कव्जा गर्न जाउँ भन्ने अभियान चौतर्फी रुपमा भू पू सैनिकहरूवीच चलाइयो । जसअनुसार छिनामखुवाट हर्कपाल राई, डम्बरवहादुर राई, दिङ्लावाट

मुक्तिप्रसाद चापागाईं र पूरुषोत्तम चापागाईं, तात्कालिन ओखलढुङ्गा लामाखुवाट मुगाधन राई, खार्मीवाट गजूरमान राई, बादुङवाट हापु गुरुङ आदि समावेश भए भने महिला क्रान्तिकारीहरूमा जगुमाया राईको नाम अग्रपंतिमा आउँछ। 9

## हातहतियारको व्यवस्थापन

हातहतियारको व्यवस्थापन गर्ने कार्यमा रामप्रसाद राई पहिलेदेखि नै लागीसकेका थिए। बारुद बनाउन गन्धक, सोडा भारतवाट झिकाउने लगायत गोलीको लागि कुरिन ढुङ्गा, सिसा जिम्मा गर्ने काम शुरु भैसकेको थियो। योद्धा कर्णवहादुर राई लेख्छन-"त्यस वेला ३२ नंवरको पेस्तोल-१, बृजिङ्ग लोडिङ बन्दुक- १, भरुवा बन्दुक-१०, हर्कराज थुलुङको टुयलवर-१, बन्दुक थियो।[10] योद्धा श्रीपाल राईको भनाइमा तत्काल-मकरध्वज राईले दिएको टोटावाल बन्दुक एक सहिततीस नाल जति भरुवा बन्दुक थियो।[11] यसबाहेक रैतीहरुसँग **भएको ढाल**, खुडाँ, चुपी, खुकुरी, बञ्चरो जे छ सोही लिएर आउनु भन्ने पनि उर्दी भएको थियो। कर्णबहादुर राईको भनाईमा १२५ जना मानिस आएकोमा २४ गतेको दिनसम्म ८७ मात्र रहेका थिए।[12]

## मंशिर २४ गतेको घटनाक्रम :

पूर्व निर्णयअनुसार चारैतिरवाट भू पू सेनाहरु भोजपुर बजार आई ठाउँठाउँमा बस्न लागे। मंशिर २४ गते शनिवार परेकाले हटिया गर्ने दिन परेको थियो। यो दिनको क्रान्तिको अगुवाई नारदमुनि र सेना परिचालन गर्ने जिम्मा रामप्रसाद राईमा रहेको थियो। नारदमुनि कुटनीतिक ढङ्गमा वाह्य रुपमा राणा सरकारप्रति लागेको नाटक गर्थे भने भित्री रुपमा जनक्रान्तिको व्यूह रचना गर्दथे। हतियार धेरै लुट्न सकियो भने जनमुक्ति सेनालाई आगामी लडाइको लागि महत्वपूर्ण हुन्छ भन्ने ठानेर भित्री रुपवाट बडाहाकिम मार्फत हतियार झिकाउन लगाइएकोमा मंशिर २४ गतेकै दिन विहान ९ वजे १८ नाल मार्का थ्री राइफल सहित सेनाहरु धनकुटावाट भोजपुर बजार आइपुगेकाले सो दिन सजिलो भन्दा बाधा नै परेको थियो। तर संयोगले त्यसदिन माल कार्यालय रुङ्ले मुख्य पालो पनि नारदमुनी थुलुङ र कर्णवहादुरको नै परेकाले कोही बुद्धी पुऱ्याई उक्त राईफलहरु अड्डामा बुझाउन अघि टोलीलाई खानाखाने सल्लाह दिई राइफलहरु मालअड्डाको भित्तामा नै ठडयाई सैनिकहरु खानापिन गर्न लागे।

हटिया गर्न आउनेहरु धमाधम घुइचो हुदै थिए। उक्त दिन के हुदैछ भन्ने वारे क्रान्तिकारीहरुलाई बाहेक कसैलाई पनि थाहा थिएन। पूर्व योजनाअनुसार बजारे र मालअड्डाको कर्मचारीहरुलाई अलमल्याउन डाँडागाउँको सुरे तामाङ्लाई धामी, खगेन्द्र परालीलाई धुपौरे र अन्य केटाकेटीहरुलाई धामीसंग नाच्ने भूमिका निर्वाह गर्न लगाइयो। इन्द्रप्रसाद श्रेष्ठले ग्रामोफोन बजाई मनोरञ्जन दिलाउन लागे। मालअड्डाको आगनमा पाले पहराको लागि भनी गएका रैतीहरु चोया, नाम्लो, दाम्लो, गरी वस्न लागे। नारदमुनी एउटा अग्लो ठाउँमा उभीई इशारा गरिहेका थिए भने रामप्रसाद मौका पर्खिरहेका थिए। त्यसदिन अड्डा कव्जा गर्न चार पटक जम्का गर्दा पनि सफल हुन नसक्ता समय बित्न लागेकाले योद्धाहरु आत्तिन थालिसकेका थिए।[13] तसर्थ त्यसदिनको मौका गुम्न नदिन रामप्रसाद राई सिधै मालको मूलगेटमा गई सेण्ट्रीलाई दुई थप्पड हानेर ३०३ मार्का थ्री राईफल खोसे। श्रीपाल राईले पूर्वतिरवाट प्रवेश गरी पिस्तोलले तीन फायर गरे। पञ्चवहादुर राईको समुहले गोश्वरामा आक्रमण गऱ्यो। बखतवहादुर राईको समुहले धनकुटावाट आईपुगेका मालको भित्तामा ठडयाईराखिएको बन्दुक खोस्ने काम गऱ्यो। जगुमाया राईको टोलीले अदालत र पदमवहादुर राईको टोलीले बारुदखाना कव्जा गऱ्यो। यसपछि योद्धाहरु रामप्रसाद राईका नेतृत्वमा झ्यालखाना कव्जा गर्न गए। त्याँहा कैदीहरु छुटाउन जमदारलाई साँचोको चाबी माग्दा नदिएकाले उसलाई पनि दुई झापड हानेपछि चावी प्राप्त भई कैदीहरु छाडिए। त्यसपछि अदालतका जाली मुद्धाका कागजपत्रहरु सवै आगो लगाईयो। [14]

यसपछि योद्धाहरु बडाहाकिम भक्तवहादुर खड्काको निवास रहेको हालको सैनिक क्याम्पतिर लागे। केही हाकिम भनाउँदा कर्मचारीहरु बडाहाकिमलाई फलानो र ढिस्कानो भयो भनेर खुब पोल सुनाउदै थिए। बडाहाकिम खुव बहादुरी देखाउदै बन्दुक र कार्तोस समेत लिई अन्य हाकिमहरूलाई पछि लगाई बजारतिर झर्दै गर्दा भञ्ज्याङ्मा उनको भेट नारदमुनी थुलुङसंग भयो। त्यस दिनको सारा क्रान्ति नारदमुनि र रामप्रसादकै नेतृत्ववाट भएको हो भन्ने कुराको पत्तै नपाई बडाहाकिमले आफ्नो बन्दुक नारदमुनिको हातमा थम्याउँदै भन्न लागे - " मार ! यी काङ्ग्रेसहरुलाई ! यसैबेला योद्धाहरु हुलका हुल आउँदै भोजपुर सवै कव्जा भयो भन्दै नारदमुनीलाई भटाभट सुनाउन थालेपछि बल्ल बडाहाकिमलाई थाहा भयो कि सवभन्दा ठूलो विद्रोही त उनी नै पो रहेछन।

कुनै हाकिमहरु चाहीं त्यसदिन खुव निडर जस्ता देखिन थालेकाले तिनीहरूलाई तह लगाउन अर्को उपाय पनि रचियो।

सोही मुताविक केही मानिसहरु चिच्याउँदै लौ मार्‍यो ! रगतको भल बग्यो ! टाउको छैन ! हात छैन, बचाउनुहोस ! गुहार ! भन्दै भञ्ज्याङ्मा आईपुगे । त्यसै समयमा जयवहादुर राईले ब्लाङ्क फायर गर्दा बडाहाकिम भुँइमा थचक्क बस्न पुगे [15] भने अन्य हाकिमहरु छिलीविली भई भागाभाग भए । बडाहाकिमलाई चाहिं नारदमुनिले नै एक धुलीखेले छिपा व्यापारिको घरमा सुरक्षार्थ पुर्‍याए । तर योद्धाहरुले चाल पाई त्याँहावाट पनि लैजान खोज्दा उनी कपडा भित्र लुकेर वसेको अवस्थामा फेला पारे । [16] अन्य फेला परेको हाकिमहरुलाई लछारपछार गर्दै मालअड्डाको आगनमा ल्याई भ्रूपारेर छोड्ने काम भयो । लेप्टेन रामप्रसाद राईको जागिर बढाहाकिमको षडयन्त्रले मोहन शम्शेरवाट बर्खास्त गरिएको हुनाले त्यसदिन बडाहाकिमप्रति सवभन्दा बढी आक्रोस उनैको थियो भनी भोजपुरे योद्धाहरु बताउँछन ।

### त्यसपछिको उपलब्धि

सो दिन मालअड्डामा सवै योद्धाहरु भेला भई बडाहाकिम जिम्मा रहेको तीनसाचे खोल्दा त्याँहा एकलाख सोह्रहजार रुपैया थियो ।[17] उक्त रुपैया तत्काल अर्थ विभाग हेर्ने कर्णवहादुर राईको जिम्मा लगाईयो । त्यपछि एउटा ठूलो जुलुश निस्केर बजारको पक्रिमा गरी आमसभामा परिणत भयो । उक्त सभामा नारदमुनीले श्री ३ सरकारको तर्फवाट कार्यभार समाल्नेहरूलाई अव् उप्रान्त तपाईहरूको शासन अन्त्य भएकाले अड्डा नआउनु, अव श्री ५ को छत्रछायामा चलेको सामयिक सरकारले भोजपुरमा जे आदेश दिन्छ त्यसैको पालना गर्नु पर्नेछ तपाइहरूले अव उप्रान्त आफ्ना अड्डा जान पर्दैन[18] भनी संवोधन गरे । यसैअनुसार त्याहाँ सामयिक सरकारको गठन हुँदा शिक्षा, रक्षा र अन्य मन्त्रालयहरूको गठन गरियो जसको नेतृत्व जगदिश नेपाली, इन्द्रप्रसाद श्रेष्ठ र रामप्रसाद राई र अन्य कतिपयले लिएका थिए ।[19]

अर्को उपलब्धिको रुपमा भोजपुर कब्जा भएको पाँचौ दिनदेखि नै राणाकालको आकाशवाणी वायरलेसलाई समाचार प्रसारणको लागि रेडियो स्टेशन भोजपुरको स्थापना गरी समाचार प्रसारण गर्न थालियो । यसको नाम प्रजातन्त्र रेडियो स्टेशन राखियो ।[20] रेडियो नेपालको इतिहासमा यो नै पहिलो रेडियो स्टेशन थियो । यसलाई केही समयपछि बिराटनगर लगी त्यहीवाट क्रान्ति संवन्धि प्रसारण गर्ने काम गरियो ।

यसरी मंशिर २४ गतेका दिन एकसय चारवर्षसम्म रहेको राणाकालीन शासन व्यवस्था विना रक्तपात सर्वप्रथम भोजपुर वाटै अन्त्य हुन शुरु गर्‍यो । यस अघि जसरी बिरगञ्जमा रक्तपातपूर्ण क्रान्ति भएर पनि पुनः प्रतिक्रान्ति भई राणाहरुकै हातमा सत्ता पुगेको थियो। । यस अर्थमा भिन्न रुपवाट भोजपुरको क्रान्तिले भने अन्ततोगत्वा राणाहरुलाई सत्ताच्युत नै गरेर छाडयो । जनएकता भएमा बन्दुकको आडमा बसेको शासकको समाप्ति हुनलाई केही वेर लाग्दैन भन्ने कुरा सिद्ध गर्‍यो ।

भोजपुरलाई कब्जा गरिसकेपछि भोजपुरे सेनाहरू दिडला, खोटाङ्ग, ओखलढुङ्गा, ऐसेलुखर्क, चैनपुर, तेह्रथुम, ताप्लेजुङ्ग, धनकुटा र उदयपुरका लागि खटाउने काम भयो र ती सेनाहरुले वीरतापूर्वक लडी उक्त क्षेत्रहरू कब्जामा लिए । यसअनुसार मुख्य जिम्मेवारीको रुपमा ओखलढुङ्गालाई मुगाधन, ऐसेलुखर्कलाई सानुरामवहादुर, दिङ्लालाई दोर्जे भोटे (तामाङ), दिङ्लालाई जगतवहादुर राई खटाईयो । [21]

जिम्मेवारीअनुसार भोजपुरे सेनाहरूका केही समुह पूर्वमा मुक्तिप्रसाद चापागाई हापु गुरुङ्ग, एम. सि.चन्द्रवहादुर लिम्बु[22] खगेन्द्रपराली राई, जगतवहादुर राई, नरवहादुर राई, दोर्जे भोटे (तामाङ), श्रीमति बखतमाया राईकी श्रीमान [23] आदिको संयुक्त लडाईमा दिङ्लालाई मुक्त गर्दै, पुनः हापु गुरुङकै नेतृत्वमा गएको रत्नवहादुर लिम्बु, शङ्कर श्रेष्ठ, मदन श्रेष्ठ,, कविराज, देवहरी, राजवहादुर, सेमन्तराज, रामप्रसाद, ठमनाथ, बोधराज, जैवहादुर, प्रधान पञ्चलक्ष्मीप्रसाद आदिको संयुक्त प्रयासमा चैनपुर विना रक्तपात पौष २ गते कब्जा भयो । [24] दोर्जे तामाङले दिडला र चैनपुरमा वहादुरीपूर्वक लडेकाले निजलाई नारदमुनि थुलुङवाट भि.सी तक्माले समेत विभुषित गरियो । [25]

भोजपुरवाट गएको माष्टर खगेन्द्रप्रसाद पराली राई, दिङ्लावाट हापु गुरुङ्ग, मुक्तिप्रसाद चापागाई, चैनपुरवाट सु. हर्कवहादुर लिम्बु, कप्तान रत्नवहादुर राई, रामजीत लिम्बु, सेमन्तराज, ठमनाथ, बोधराज, आदिको कडा मुकाविलामा पुष ७ गते तेह्रथुम कब्जा भयो । [26]

भोजपुर, चैनपुर, तेह्रथुम सफलतापूर्वक कब्जा भईसकेको खवरवाट आत्तिएका तापलेजुङ्गस्थित राणाशाहीहरू स्थानीय योद्धा माधवप्रसाद रिजालको [27] सहयोगमा भोजपुरे योद्धाहरू खगेन्द्रप्रसाद पराली राई मुक्तिप्रसाद चापागाई त्याहाँ पुग्नासाथ ताप्लेजुङ्ग पौष ५गते सजिलै कब्जामा भयो । [28]

पल्लोकिरात अन्तर्गत रहेको धनकुटा सवभन्दा बलियो गौंडा मानिएको थियो सो पनि भोजपुर हुँदै ताप्लेजुङ्ग पुगेका सेनाहरु लगायत काजीमान कन्दङ्वा, जमदार नरेन्द्रदेव प्रधान, बखतमाया राईकी श्रीमान, छबीलाज पोखेल [29] जि.ओ.सी कमाण्डर जि. वि. याकथुम्बा र बिराटनगरवाट दक्षिण बाटोगरी आएको सेनाहरूको संयुक्त घेराबन्दीमा कब्जा भयो ।

उदयपुरको लागि डा भूदेव राई, केदारनाथ श्रेष्ठ, कृष्णप्रसाद उपाध्याय (भट्टराई), रुद्र गिरी [30] कमाण्डर आसवहादुर राई, ले. दिलवहादुर राई, आदिभक्त ओझा, अम्बेर बस्याल[31] आदिको नेतृत्वमा स्थानीय व्यक्तिहरू सेनाको रुपमा परिचालित भई उदयपुर १८ नोभेम्बरमा कव्जा भयो । यी क्षेत्रहरू लगायत भद्रपुर, मोरङ् राजविराज, बिराटनगर र जनकपुरमा पनि भोजपुर वाटै लडदै ओखलढुङ्गा हुँदै आएका जङ्गपाल, हर्कपालका अधिन पठाइएका सेनाहहरूले सफलतापूर्वक लडे । स्मरणीय के छ भने भोजपुर जिल्ला कव्जा भएको १६ दिनपछि मात्र राजनीतिक चेतनाले अग्रणी मानिएको मोरङ्, बिराटनगर कव्जा भएको थियो । [32]

पश्चिमतर्फ रहेका इलाकाहरू ओखलढुङ्गा, खोटाङ्ग, ऐसेलुखर्कतर्फ कव्जा गर्न लामाखु मुगाधन राईको नेतृत्वमा खार्मीका गजुरमान राईहरू खटिए । त्यस समय आफ्नो क्षेत्र आफैले कव्जा गर्नु पर्छ भन्ने पनि नीति लिएकाले नारदमुनि र रामप्रसाद राईको सल्लाहमा मुगाधन राई एक्लै सुरिएर लामाखु पुगी खोटाङ्ग, दिक्तेल, खार्मी, खार्ताम्छा, दारेगौंडा, बास्पानी, खोक्पादेल, सुङ्देल, जुबु जस्ता गाउँ क्षेत्रहरूवाट सेना बटुली ओखलढुङ्गा हान्नको लागि तयारी बनाए । [33] यसमा गजुरमान राईले सक्रीय भूमिका खेली उनकै पहलमा भक्तनारान नेवार , सेरवहादुर राई, बृखवहादुर नेवार, डम्बरवहादुर राई, लक्ष्मुमन राई, भक्तवहादुर नेवार,, धनध्वज राई, मतिलाल नेवार, बाङ्गु तामाङ्, राईटर नेवार [34] लगायत सयौं व्यक्तिहरू जम्मा गरी ओखलढुङ्गा कव्जा गर्न गए ।

त्यस्तै भोजपुरकै प्रभावले सुरिएका सुङ्देलका सुरवीर राई र चोखानेका जङ्गवीर राई (जो सात सालको क्रान्तिमा निकै चर्चित भई पछि उपल्लो तहमा पुगे र पुनः सिङ्गदरवार काण्डमा पनि सक्रीय भए), दारेगौंडावाट इन्द्रसेर राई, चपलेटीवाट गिरीधारी राई, नरवीर राई, खोक्पादेलवाट रणवहादुर राई,, दिलवहादुर राई, खार्ताम्छावाट हौडे राई [35] बाक्सिलावाट सबतलाल राई, दामथलावाट दलसेर राई, [36] ऐसेलुखर्कवाट पदमवहादुर राई र क्याप्टेन मानवहादुर राई [37]पनि ओखलढुङ्गा कव्जा गर्नमा सरिक भई सबै क्रान्तिकारीहरूको संयुक्त प्रयासवाट ओखलढुङ्गा कव्जा हुन सक्यो ।

कव्जा पश्चात सेनाहरू तित्तर बित्तर भएको अवस्थामा पुनः काठमाडौंवाट आएको राणाफौजवाट प्रतिक्रान्ति भई उक्त फौज अगाडि बढ्दै दावाँ बजारसम्म पुगेकाले पुनः भोजपुर वाट लप्टन रामप्रसाद राई तथा नारदमुनि राईको नेतृत्वमा आएको गडुलध्वज राई, वखतवहादुर राई, जगतवहादुर लगायत ४०० सेनाहरू [38] र ओखलढुङ्गाका बलवहादुर राई आदिको वहादुरीपूर्वक लडाईको कारणले ओखलढुङ्गा राणाहरूको हातवाट २००७ माघ ३ गते फिर्ता गर्न सफल भयो । [39]

ओखलढुङ्गा कव्जा भएपछि त्याहाँको शासन व्यवस्था मिलाउन रामप्रसाद राईले हैकमसिंह राईको अध्यक्षतामा एउटा सल्लाहकार परिषदको गठन गरे जसमा मकरवहादुर बान्तावा, छिरिङ तेन्जिङ लामा, आङकाजी लामा, सर्वधन राई र बलवहादुर राईलाई समावेश गरियो । [40]

त्यसपछि यो सेना दिक्तेल, ऐसेलुखर्क र सोलु समेत नियन्त्रण गर्न सफल भयो । चर्चित दिक्तेल बजारको युद्धमा भोजपुरे सेनाहरूले राणा फौजवाट आएका मै हुँ भन्ने कप्तान खड्गवहादुर कार्की (बेनी बहादुर कार्कीका बाबु) लाई मारेका थिए ।[41] दिक्तेलको लडाईमा गङ्गवहादुर सैजु, चक्रवहादुर सैजु, पदमवहादुर बजिमय, मनिशुन्दर बजिमय, गणेशवहादुर बजिमय, बुइपाका पञ्चवीर राई, चुइचुम्माका मोहलबहादुर राई, मझुवाका हैकमसिंह राई, धुमसेर राई आदिको सहयोग पनि प्राप्त भएको थियो ।[42] भोजपुरवाट ऐसेलुखर्क, ओखलढुङ्गा, सोलु जाने सामरिक बाटो मैयुँडाडाँ हुँदै बाक्सिला, दारेगौंडा भएर जानु पर्ने भएको हुनाले चिउरीखर्कका पन्दुमाया राईले योद्धाहरूलाई घरमा प्राय खना खुवाएर सहयोग गर्थिन [43] भने खोक्पादेलका तालुकी माहाजित राई घिउ, चामल, दाल चिउरा लिएर ऐसेलुखर्कमा रहेका योद्धाहरूलाई पुऱ्याई क्रान्तिमा सहयोग गर्थे ।[44]

ओखलढुङ्गा वरीपरी जनमुक्ति सेनाले कव्जा गरिसकेपछि उक्त सेना रामेछाप पुगी २००७ साल पौष २४ गते यसलाई पनि कव्जा गर्न सफल भए । [45] रामेछाप कव्जा भएपछि याहाँको इन्चार्ज पनि सुरविर राई र जङ्गवीर राईलाई दिइयो । सुरवीर राई, गजुरमान राई, र बलवहादुर राईको नेतृत्वमा रहेको जनमुक्ति सेनाले सिन्धुलीगढीमा बडाहाकिम मिण्टोजङ्गलाई आत्म समर्पण गर्न वाध्य तुल्याए ।[46] त्यसपछि त्याहाँको स्थानीय तामाङ युवाहरूलाई समेटी मेलुङमा कव्जा जमाई बसेका बडाहाकिम कृपासुर बस्नेत माथि हमला गरी मेलुङलाई मुक्त गरे । यसपछि त्याहाँको इन्चार्ज मेजर चतुर मान राईलाई दिइयो । [47]

यसपछि उक्त सेना चरीकोटतिर लाग्यो । पौष २९ गते चरीकोट उपर पनि जनमुक्ति सेनाले पुरै दक्खल गऱ्यो । यो सफलतावाट अत्यन्त उत्साहित भई ठूलो विजय उत्सव मनाइयो । यही सिलसिलामा त्याहाँ नौ मुरी चामल, नौ वटा रागां नौ दिनमा खाएर सिध्याएका थिए । [48] त्यसपछि एकपछि अर्को सफलता प्राप्त गर्दै उक्त सेना धुलीखेल पुग्यो । उता नेपालको

पश्चिम भैरवामा पनि के आई सिंहको नेतृत्वमा लडाई हुदै थियो ।

जोशिएका योद्धाहरुको शुऱ्याईलाई हेरेर अव त्यो सेना चाँडै काठमाडौं प्रवेश गर्नेछ त्यसपछि को काहाँ पुग्नेछ भन्ने डरले हतासिएका उपल्लो तहका भारत आश्रित नेताहरु तथा मुटुमा ढयाङ्गो ठोकिएका राणाहरुको मिलेमतो र भारतीय नेताहरुको नेपालप्रति हेर्ने सागुरो दृष्टिकोणको कारणले मुख्य क्रान्तिकारीहरुको विना सहमति र विना जानकारी दिल्ली संझौता हुन पुग्यो । यसले राणातन्त्रको जरो पूर्ण उखेल्न नसके तापनि एक हदसम्म उनीहरुलाई सत्ताच्युत पार्न सक्यो। यसलाई उपलव्धि भएको मान्न सकिन्छ ।

अधिकांश मतवाली जातिहरूले प्रथम र दोश्रो विश्वयुद्धमा मात्र वहादुरी नदेखाएर स्वदेशमा समेत प्रजातान्त्रिक व्यवस्था प्राप्तिको लागि सफलतापूर्वक योगदान दिएर नेपालको राजनीतिक इतिहासमा अत्यन्तै नविन अध्याय सिर्जना गर्न सफल भए । तर याहाँ मतवाली भनेर गैर मतवालीहरूको योगदानलाई कम गर्न खोजिएको होइन केवल सातसालमा दिल्ली संझौता हुन अगाडिसम्म क्रान्तिको लगाम समात्ने काम मुख्यगरी किरात राईहरूले गरेका थिए भन्न खोजिएको हो ।

यसले राष्ट्रलाई आधुनिकीकरणतर्फ रुपान्तरण हुनमा ठूलो बल प्रदान गऱ्यो भने परराष्ट्रसंवन्धको ढोकालाई संसारभर खुला गऱ्यो ।

**निष्कर्ष**

अन्त्यमा के भन्न सकिन्छ भने नेपालको प्रजान्त्रिक आन्दोलनको इतिहासमा २००७ साल मंसिर २४ गते भोजपुरे योद्धाहरूले राणाहरूको हातवाट खोसेको गौरवपूर्ण दिनवाट एकपछि अर्को सफलता प्राप्तहुदै धुलीखेलसम्म पुगी काठमाडौं घेरेर राणाहरूलाई तह लगाउने योजना बन्नु कम महत्वपूर्ण होइन । दिल्ली संझौताले जे जस्तो परिणाम ल्याएपनि याहासम्मको यात्रा उपलव्धिपूर्ण भएको पाइन्छ । माथिको उपलव्धिहरूलाई हेर्दा उक्त दिन नेपालीहरूको लागि अविश्मरणीय रहेको पाइन्छ । यस्तो ऐतिहासिक दिनवाट आरम्भ गरेको सफलतापूर्वक क्रान्तिको इतिहासलाई लिखितवद्ध गरी अध्ययनको विषयवस्तु नवनाएसम्म योद्धाहरुले देश र जनताहरुप्रति लगाएको अमूल्य गुण र रगतको मूल्यपतिको गौरव गरेको ठहर्ने छैन । राज्यले मात्र सवैकुरा गरी दिन्छ भन्ने भाववाट मुक्त भई जनस्तरवाट पनि अलेख्य राजनीतिक इतिहास र घट्नाहरूको संरक्षण गर्नु पर्ने जिम्मावारी आएको वोध हुनु पर्दछ । इतिहासलाई विर्सेर कोही पनि अगाडि बढ्न नसक्ने भएको हुनाले यसको अध्ययन, मनन, लेखन र संरक्षण गर्न नितान्त आवश्यक छ । यसका लागि स्थापित भएका संस्थाहरुले पनि वार्षिक कार्यक्रम गरेर गुणगान मात्र नगाई योगदानको इतिहासलाई यथाशिघ्र लिखितवद्ध गर्न सकेमा योद्धाहरूप्रति गरेको सम्मानको महत्व रहन्छ भन्ने कुरामा दुइमत नहोला । यसर्थ संझौं मंसिर २४ गते सात साल फाल्गुन ७ गते ल्याउने सिङ्गो नेपालकै एक मुक्ति दिवश हो ।

सन्दर्भ सूचि :


1. **भोजपुरको सेरोफेरो**, वर्ष-१, अंक -२, २०५४, पष्ठ-२३ )
2. **२००७ सालका क्रान्ति नायक श्री रामप्रसाद राई स्मारिका ०५२** मा प्रकाशित प्रेमवहादुर राईको अन्तर्वार्ता पृ-६
3. श्यामकुमार तामाङ, **जनमुक्ति सेना : एउटा नलेखिएको इतिहास** (काठमाडौं : एकता प्रकाशन, २०५६), पृ १६९
4. **भोजपुरको सेरोफेरो**, वर्ष-१, अङ्क-१, ०५४ मा प्रकाशित श्रीपाल राईको अन्तर्वार्ता) ।
5. ऐजन
6. कर्णवहादुर राई, **२००७ सालका जनक्रान्तिमा भोजपुर जिल्लाको गतिविधि**, मिति र प्रकाशक उल्लेख नभएको पुस्तिका, पृ २ )
7. नारदमुनी थुलुङ, **विर्सेका अनुहारहरु विर्सन नसकिएकारु घट्नाहरु**,( कालिमाटी : प्रतिनिधि, २०४५), पृ-७८
8. नरेन्द्र बस्नेत, **"वीर सेनानी थुलुङ्गको व्यक्तित्व : एक सानो चर्चा "** नारदमुनि थुलुङ स्मृतिग्रन्थ २०५१, ( काठमाडौं : भोजपुरे सेवा समाज,,२०५१), पृ-७६
9. **२००७ सालका क्रान्तिनायक श्री रामप्रसाद राई**, स्मारिका २०५२ मा प्रकाशित मुगाधन राईको अन्तर्वार्ता ) ।
10. **पूर्वोक्त**, पादटिप्पणी नं- ६
11. **पूर्वोक्त**, पादटिप्णी नं -५
12. **पूर्वोक्त**, पादटिप्पणी नं -६
13. ऐजन
14. चतुरभक्त राई,, **सात सालको प्रजातान्त्रिक जनआन्दोलनमा भोजपुरको देन** : एक विष्लेषण, ( शिक्षाध्याक्षको कार्यालय त्रि. वि मा प्रस्तुत गरिएको स्वाध्यायन अनुसन्धान प्रतिवेदन ) (पाटन : पाटन बहुमुखी क्याम्पस, पाटन, २०५८) , पृ-५९
15. **पूर्वोक्त**, पादटिप्पणी नं-६,पृ-२
16. **पूर्वोक्त**, पादटिप्पणी नं-७, पृ-८१
17. मुक्तिप्रसाद चापागाईं , **हाम्रो राजनीति र चालु प्रणाली** ( बिराटनगर : मनशर्मा चापागाईं , २०३७), पृ-१०
18. **पूर्वोक्त** , पादटिप्पणी नं-७,पृ-८१
19. गजेन्द्रमणि प्रधान, "२००७ सालको क्रान्ति र स्व. नारदमुनि थुलुङ " **नारदमुनि थुलुङ स्मृटि ग्रन्थ, २०५०** (काठमाडौं : भोजपुरे सेवा समाज २०५० ), पृ-२६
20. परशुराम प्रधान, कृष्णप्रसाद जोशी, (संपादित) **२००७ सालको क्रान्ति र नारदमुनि** (काठमाडौं : श्री प्रकाशमोहन जोशी र श्रीमति सुधा जोशी ), पृ-२
21. **पूर्वोक्त** , पादटिप्पणी नं-१७, पृ-११

22. एम.सि खड्गवहादुर राई, "वहाँ जस्ता महान पुरुष जन्मिन सदाब्दीयौं लाग्नेछ" **२००७ सालका जननायक श्री राम प्रसाद राई**
स्मृति ग्रन्थ, २०५१, ( काठमाडौं : श्री रामप्रसाद राई स्मृति प्रतिष्ठान ), पृ-२४
23. **पूर्वोक्त** , पादटिप्पणी नं-१४,पृ-६८
24. **पूर्वोक्त** , पादटिप्पणी नं-६, पृ-१२
25 .**पूर्वोक्त** , पादटिप्पणी नं-१९, पृ-१७९
26. **पूर्वोक्त**, पादटिप्पणी नं-१७,पृ-१४
27. माधव पोखेल, "कत्रो शिर कत्रो टोपी" **कान्तिपुर** , २४ बैशाख, २०५७
28. **पूर्वोक्त** , पादटिप्पणी नं-१७, पृपृ ७१-७२
29. **पूर्वोक्त**, पादटिप्पणी नं-१४,पृपृ ७२-७३
30. **पूर्वोक्त** , पादटिप्पणी नं-३, पृ-१७१
31. **पूर्वोक्त**, पादटिप्पणी नं-७, पृ-९५
32. इन्द्रप्रसाद श्रेष्ठ, "भोजपुरमा स्वर्गीया नारदमुनि थुलुङको देन" **नारदमुनि थुलुङ स्मृति ग्रन्थ, २०५१**, ( काठमाडौं : भोजपुर सेवा समाज , २०५२) , पृ-३३
33. मुगाधन राईसंग पंतिकारले मिति २०५४मंसिर २३ गते लिएको भोजपुर-झापा वीचको टेलीफोन अन्तर्वार्ता
34. मुगाधन राईसंग पंतिकारले मिति २०५४पंसिर २३ गते बेलुकी लिएको भोजपुर-झापा वीचको टेलीफोन अन्तर्वार्ता
35. चतुरभक्त राई, "२००७ सालका योद्धा रणवहादुर राई " **इसिलिम**, वर्ष-४, अंक-५, २०५९, पृ-१६ दुमीकिरात राई फन्सिकिम, बाक्सिला
36. यो कुरा मलाई सातसालका योद्धा बाक्सिलावासी स्वर्गीय सबतलाल राईले २०५२ सालतिर भन्नु भएको थियो ।
37. नेत्रमणि राईद्वारा २००७ सालका योद्धा माक्पावासी क्याप्टेन मानवहादुरसंग लिईएको अन्तरवार्ता **इसिलिम**, वर्ष-५, अंक -६, २०६० (बाक्सिला : दुमीकिरात राई फन्सिकिम,२०६०)
38. पंतिकारले सातसालका योद्धा भोजपुरवासी श्री गडुलध्ज राईसंग २०५५ मंसिर ४ गते लिइएको अन्तर्वार्ता (अप्रकाशित)
39. सातसालका योद्धा बलवहादुर राईसंग चतुरभक्त राईले लिएको अन्तर्वार्ता "**भोजपुरको सेरोफेरो**" वर्ष-१, अंक-२, ( भोजपुर जि. वि. स २०५४)
40. **पूर्वोक्त** , पादटिप्पणी नं-३, पृ-१७३
41. मुगाधन राईसंग पंतिकारले मिति २०५४पंसिर २३ गते बेलुकी लिएको भोजपुर-झापा वीचको टेलीफोन अन्तर्वार्ता
42. पंतिकारले २०५६ असार १३गते गंगवहादुर सैंजुसंग निजकै निवास दिक्तेल बजारमा लिएको अन्तर्वार्ता
43. खोटाङ चिउरीखर्कका पन्दुमाया राईकी छोरी रुद्रशोभा राईकी भनाई
44. **पूर्वोक्त**, पादटिप्पणी नं-३५,पृ-१७
45. टंकवहादुर राई, **जननायक रामप्रसाद राई** , ( कर्ण चामलिङ: २०५१) ,पृ-२२
46. **पूर्वोक्त** , पादटिप्पणी नं-५, पृ-१७३
47 . केदारनाथ श्रेष्ठ, "२००७ सालको क्रान्ति र म" **भोजपुरको सेरोफेरो** , ( भोजपुर : जि. वि. स. २०५४) ,पु-१८
48. **पूर्वोक्त**, पादटिप्पणी नं-३५, पृ-१७

# छोरीको जीवन

- मनिता रुङमाहाङ राई
पाथेका-९, सिरुबासधाप

जन्म लिने एक ठाउँमा
मृत्यु हुँदा अर्कै ठाउँमा
हुर्किबढ्ने, खेलिहिँड्ने एक ठाउँमा
सारा जीवन बिताउने अर्कै ठाउँमा
के होला नि यो छोरीको जीवन

आफ्नो प्यारो जन्मघर छोडी
नौलो पराईघर सिँगार्न जानु पर्ने
स्वयम् आफ्नो माया त्यागी
अर्कैको माया सम्हाल्न जानु पर्ने
के होला नि यो छोरीको जीवन

जन्मदिने बाबु-आमाको सिर छोडी
वाधताले अर्कैको पाउ छुन जानु पर्ने
जन्म दिने बाबु-आमाको साथ छोडी
कर्मथलोमा अर्कैको साथ लिन जानु पर्ने
के होला नि यो छोरीको जीवन ।

मूचि ।

## हार्दिक श्रद्धाञ्जली

वि.सं.
१९९१



वि.सं.
२०६०

स्व. छविलाल दुमीराई

**संखुवासभा जिल्ला, खाँदबारी न.पा.वडा नं. ११ निवासी समाजसेवी श्री छविलाल दुमीराईको असामयिक निधन भएकोले वहाँको आत्माको चीर शान्तिको कामना गर्दै शोक संतप्त परिवारप्रति दुमी किरात राई फन्सिकिम तथा इसिलिम परिवार हार्दिक समवेदना प्रकट गर्दछ ।**

कविता

# मलाई दुख्न छाडेको छ



- धन प्रसाद राई, पाथेका-४, खोटाङ्ग

ए मान्छेहरु !
टेक, ममाथि टेक
यो छाती असाध्यै कठोर भईसकेको छ
जोडजोडले टेक
लाखौंकरोडौंको भीडले टेक
बर्साइदेउ बम र बारुदका धुँवा
म लम्पसार परेकी छु
छिन्नबिछिन्न बनाईदेऊ
म लमतन्न परिरहेकी छु
ए बुद्धू मान्छेहरु !
ए मुर्ख मान्छेहरु !
के सोच्यौ तिमीहरुले ?
म परी होईन
जोसंग तिमी आफ्नो कायिक क्षुधा शान्त गर्नसक्छौ
म लडाकु पनि होईन
जो तिम्रो व्यभिचारको प्रतिकार गर्नसक्छ
म केवल सडक हुँ सडक
जहाँबाट  हजारौं पाईलाहरु गुज्रन्छन् ।
सहनु मेरो नियति हो
झरीबादल संगै म जुलुस, लाठी, अश्रुग्याँस, रगत झल्छु
मसाल, ढुङ्गा, ईटा र त्यस्तै परे गोली बारुद पनि सहन्छु
किनकि, म सडक हुँ
म बोल्नसक्दिन
बरु भित्रभित्रै भत्किरहन्छु
विवेकहीन प्रहारहरुले म थङ्थिलो भईसकेको छु
त्यसैले मलाई दुख्न छाडेको छ ।


विजयादशमी
तथा
शुभ-दीपावली २०६१ को
शुभ उपलक्ष्यमा देश विदेशमा रहनुंभएका समस्त नेपाली दाजुभाई दिदीबहिनीहरूमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर्माणधीन तापखोला लघु
जल-विद्युत आयोजना, परिवार
सप्तेश्वर, खोटाङ


कविता

# अनुरोध



रोकेन्द्र दुमी राई "दिप"
सप्तेश्वखोटाङ्ग,पाटीडाँडा

जसरी लाली किरण छाउने गर्दछ धर्तिमा
उसरी छाउने गर पाठक वर्गमा
भन्दै थिए "म" सुन्दै थिएँ
हराउने रे "ईसिलिम" आउँदो वर्षमा ।
भएनकी स्रष्टाको रचना पुगेनकी पाठकको घर घरमा
छुन सकेनौकी ढुङ्गा जस्तो कसैको हृदयमा
भन्दै थिए "म" सुन्दै थिएँ हराउने रे "ईसिलिम"
आउने बर्षमा ॥
त्यसैले "ईसिलिम" काँडाभए पनि
गुलाव जस्तो
रूप सानो भएपनि ठडकार कडा प्रहार गर
अनि त सबैलाई बैरि हैन मित्रता गाँस्ने गर
अनि "ईसिलिम" भित्र सधैं हाँस्ने गर ॥

# कलम हो मेरो नाम



सोनिका राई
कक्षा २
श्री बाक्सीला इङ्गलीस बोर्डिङ्ग स्कुल
खोटाङ्ग,

कलम हो मेरो नाम
कोरिदिने तिम्रो काम
कपी हो मेरो नाम
कलमले लेख्ने तिम्रो काम
क,ख,ग,घ जान्नेहरूलाई
म नै लेख्न सिकाई दिन्छु
ज्ञानी भई  पढ्ने लेख्ने
गऱ्यौ भने धेरै
विद्वान पनि बनाईदिन्छु
विश्वास गर मेरै
हुँ म सानो विद्यार्थी
लेख्ने पढ्ने मेरो काम ।

*उहिलेको कुरा*

**पदीलेखी कौने काम हलो जोती  खायो माम ।**

# जीन्दगी के हो र ?

- हिमा राई , धरान



यसो सोच्दा कहिलेकाँही लाग्छ यो जीन्दगी के हो र ? जब म केही लेखुँ भनेर कापी कलम समाएर बस्छु , मेरो दिमागलाई यता उता दौडाउछु के को बारे लेख्ने, कसरी लेख्ने, कहाँबाट शुरू गर्ने भनेर जब जब मलाई दिमागमा केही फुर्दैन तब लाग्छ हरे । यो जीन्दगी के जीन्दगी के जीन्दगी एउटा लेख पनि लेख्न नसक्ने ? जीन्दगीको निरर्भकता एउटा लेख पनि लेख्न नसक्नुमा मात्र महशुस हुदैन मलाई। यस्ता धेरै क्षणछन् । जतिखेर म सोच्नु पुग्छु के हो र यो जीन्दगी ?

कुरा म अलि बालक छदाँको हो। म बाटो छेउछाउ देख्ने गर्थे फोहोरी कालाकाला हेर्दा घिनलाग्दा "खाते" हरू प्लास्टिक बटुल्दै गरेको, बोरा बोकेर हिडेको । परिवारबाट भरपुर प्यार, स्कुलमा उस्तै स्याहार अनि आफ्नो दुई छाकको लागि कहिले एउटा सिन्कासम्म पनि भाँच्नु नपरेको मलाई तिनीहरू हेर्दा रिस उठ्थ्यो। यस्ताहरू किन हाम्रो टोलमा आउनु परेको बरू यिनीहरू त मरेकै वेस हुन्छ यसरी बाँच्नुभन्दा त मरेकै राम्रो त्यस्तो जीन्दगी पनि जीन्दगी ? भन्दै म सोच्थे , मेरो सुखमा हुर्किएका र आफ्नोमात्र स्वार्थ हेर्ने वालक मनले सोच्थ्यो। अहिले आएर लाग्छ आफू समानका तर माया नपाएका ती बालकहरूको मृत्यु चाहने मेरो त्यतिखेरको विचारहरू कति घृणीत थिए एउटा मान्छे भएर अर्को मान्छेको पीडा बुझ्न नसक्नु कति लज्जाजनक थियो। अब म यी पीडा बुझ्ने भैसकेकोछु। ती बालकहरूका निम्ति केही गरौं भन्ने भावना छ म मा। मैले कोशिस नगरेको पनि होईन। तर कोशिसको बदलमा मैले अरूको खिसी, ठगाई, NGO हरूको व्यर्थ चक्कर कटाई र एक मन्त्रीको What is street kid tell me . I will do something. खाते भनेको के हो मलाई बुझाउ अनि म केही गर्नेछु ) भन्ने बेकुफीपूर्ण भाषण हात पारें। यसरी कसैको लागि केही गर्ने चाहना हुदाहुदै पनि केही गर्न नसक्नु, हात हुदाहुदै पनि हात बाँधेर वस्नु विवस हुनुले भन्न मन लाग्छ यो जीन्दगी के हो र ती वालकहरूको लागि केही पनि गर्न नसक्नु।

यस्तै अर्को प्रसंग जहाँ म फगत दर्शक भएर बस्नुवाहेक कुनै विकल्प छैन । समाचारहरूमा दिनदिनै मान्छे मारेको खबरहरू सुनिन थालेको करिव तीन बर्ष भयो होला । तर यस्तो लाग्छ, यो मैले अनन्तकालदेखि सुनिरहेकोछु र सुनिरहनेछु। दैनिक अखवार हरूमा, टेलीभिजनमा देखिन्छ । बिभत्स दृश्य अनि मान्छेहरूका मुखबाट सुनिन्छ भयावह वर्णन। जताततै त्रास, अशान्ति र अनिश्चितता । एक जनाले केही गर्छु यो परिस्थिति रोक्न भनेर लाग्दा केही नहुने यो समस्या। अव त देशमा शान्ति आउला भन्ने आशा पनि झिनो हुदै समाप्त नै हुन लाग्यो । नत देशभित्र बसेर केही गर्न सकिने न देश वाहिर गएर नै। यो समस्या यति विकराल छ यसको आफु भुसुना झैं लाग्छ। यसको रोकथामको लागि एक जनाले केही गर्न सक्दैन जस्तो लाग्छ। शान्तिको आव्हान गर्दै केही लेख्न र भन्न बाहेक गर्ने अरू उपाया देखिदैन। देखिहालिएको उपया यति बोझिलो देखिन्छ त्यसलाई अपनाउने साहस नै जुट्दैन। त्यति धेरै जीन्दगी दिनहुँ खेर गएको देखेर यो जीन्दगी बाध्यतामा चलिरहेको लागिहाल्छ आखिर के हो र जीन्दगी ?

यी त भए अलि गम्भीर विषय, समाज र राष्ट्रलाई छोएका। आफ्नो व्यक्तिगन जीन्दगीमा घट्ने घट्नाहरूले नै पनि मलाई बिचलित पार्छ। अहिलेसम्मको जीवनमा सबभन्दा नमिठो लागेको शायद विछोडका पलहरू नै हुन्। बालापनको मित्रता जीवन भर यद रहन्छ। त्यतिखेर साथी भनेको आफूभन्दा प्यारो हुन्छ । ती खेल्ने उमेरका साथीहरू छोडेर नयाँ ठाँउ, नयाँ विद्यालयमा जानुको पीडा हामी धेरैले भोगेका छौ । स्कुलमासँगै पढेका, खेलेका साथीहरूसंग फेरि छुट्नु पर्छ एस.एल.सी. पछि। कुनै समयमा एकसाथ खाने, खेल्ने, सुत्ने साथीहरू छुट्टीएर भिन्न भिन्न कलेजमा पुग्छन्। कोही अर्कै शहरमा त कोही अर्कै देशमा समेत। मनमा विछोडको चोट भएपनि हामी उत्साहित हुन्छौ नयाँ जीन्दगीको अनुभव गर्नलाई । जव प्रमाण पत्र सिद्धिएर फेरी आत्मिय भईसकेको कलेजका साथीहरूसंग छुट्नुपर्छ तब कति नमिठो लाग्छ। ल भैगो यो अन्तिम विछोड हो , यसपछि त म एक ठाँउमा बस्छु (Setteled) हुन्छु अनि कसैसंग छुट्नु पर्दैन भनेर सोच्नु गलत नै हो। समयको अगाडी कसको के चल्छ। आफू एक ठाँउमा वसेपनि आफ्ना इष्टमित्र हिड्दा रैछन्। आफू पनि हिड्नु पर्दोरहेछ । "मानिस एक यात्री हो " भनेको सत्य रहेछ। परिवार, साथी भाई, कलेज भनेको बिसाउने चौतारी रहेछन्। तर बिसाउदा बिसाउँदै तिनीहरूसंग माया बस्छ, छुट्टिन मन लाग्दैन अनि यात्रा गर्दा तिनीहरूको यादले सताउछ । हामीले पाउने सिर्फ एउटा जीवन, यही एउटा जीवनमा कति विछोड सहनु पर्ने ? आफुले भोगेको विछोडहरू गन्ती गर्दा ती पछाडी छोडिएका प्राण भन्दा प्यारा परिवार, साथीहरू अनि अब फेरि छोडेर गईने साथीहरू संझिदा दिक्क लाग्छ अनि किन नभनुँ यो जीन्दगी के नै हो र ?

यस्तै यस्तै जीन्दगी अनौठो र निरर्थक बनाईदिने धेरै वस्तु छन्। ब्रम्हाणीय हिसाबले कुरा गर्ने हो भने पनि हामी जस्ता कति मान्छे छन् नेपालमा, नेपाल जस्तो कति देश छन् , पृथ्वीमा , अनि यो पृथ्वी जस्तो कति छन ग्रह सौर्य मण्डलमा ? सौर्य मण्डल जस्ता अन्तरिक्षामा कति आकाशगंगा छन्? यो अन्तरिक्षाको आदि काहाँ छ, अन्त्य कहाँ छ ? एउटा सानो भन्दा सानो थोप्ला (dot) जस्तो मात्र भएको यो पृथ्वी भित्रको हामी जीवनको जीवनमा अन्तरिक्षाको सामु के हो र ? हामी जस्ता दश लाख जना मर्ने र जन्मने क्रम पुरा हुदा यो अनन्त अन्तरिक्षमा एउटा क्रियाप्रक्रिया पनि पुरा भएको हुदैन। हाम्रो जन्म र मृत्युले रत्तिभर असर पार्ने छैन। यो विसाल जगलाई सारा सृष्टीका करौडौमा एक भाग पनि देन नराख्ने यो जीन्दगी के हो र ?

तर यति भन्दाभन्दै पनि मलाई जीन्दगी प्यारो लाग्छ महत्वपूर्ण लाग्छ । बल्ल बल्ल पांएको जीवनमा यो अन्तरिक्षा, यो संसार र यो समाजको लागि केही गर्न नसके पनि आफ्ना वरिपरिका मानिसहरूलाई नै भएपनि केही मद्दत गर्न सक्ने बनुँ । यी सव निराशा, विछोड, बाध्यतालाई चिरेर आफ्नो निरर्थक जीवन सार्थक बनाउनु छ। त्यति पनि बनाउन सकिएन भने साँच्चै भन्नुपर्ने हुन्छ "तेरो जीन्दगी के हो र ?

- बृत्ति

# किराया अध्यक्षः श्री कुलबहादुर राई MBE सँगको भेटवार्ता

किरात राईहरुको उत्थानमा मन, वचन र कर्मले लागिपर्ने महान् ब्यक्तिहरुको नाम लिनुपर्दा भोजपुर, ओखे गा.बि.स. चेवा गाउँमा गोर्खा मेजर दिलबहादुर राई MBE र माता लक्ष्मीशोभा राईको माईला सुपुत्रको रूपमा १९९८ जेष्ठ १५ गते जन्मिनु भएका किरात राई यायोक्खा (किराया)का वर्तमान केन्द्रीय अध्यक्ष श्री कुलबहादुर राई MBE को नाम पनि सहर्ष लिनुपर्ने हुन्छ। बुवा बृटिश आर्मीको गोर्खा मेजर भएको हुनाले ९ वर्षको उमेर देखि पल्टनमै हुर्की विद्शिमा नै औपचारिक शिक्षा प्राप्त गर्नुभई बत्तीस वर्षसम्म शैक्षिक सेवामा संलग्न रहँदा प्रधानाध्यापक समेत भएर उत्कृष्ट योगदान गरे बापत २०४७ सालमा वेलायतकी महारानीबाट एम.बी.ई. MBE उपाधीद्वारा सम्मानित उहाँको बिबाह धरान घोपा क्याम्पमा नर्सिङ् सेवामा सेवारत नमिता याक्खा(द्विवान) सँग २०२३ सालमा सम्पन्न भएको हो। विद्शिमा रहँदा नै स्काउटिङमा डिष्ट्रिक्ट कमिशनर (District Commissioner) समेत रही हाल अवकाश प्राप्त बाँकी जीवन किरात राईहरूको उत्थानमा योगदान पुऱ्याउदै काठमाडौ बाँसबारीस्थित नमिता निवासमा बसोबास गर्दैरहनु भएको छ। यावत समस्याहरूसँग सधै पौंठिजोरी खेल्न सिक्नु र सक्नुपर्छ भन्ने नीडर यी ब्यक्तित्वले २०५३ सालपछि किरात राईहरुको भाषा, बंशावली, धर्म, संस्कृति, साहित्यको क्षेत्रमा आएको चुनौतिहरुलाई आत्मसात गरी यायोक्खाको शीर्षस्थ तहमा देखिएको नेतृत्वको खाली मैदानलाई सम्हाल्न पुग्नुभयो। 'कामले मानिसलाई विश्वासिलो बनाउँछ कुराले होइन' भन्ने तथ्यलाई आर्दश वाक्य ठान्दै नवयुवाको जस्तै जोशजाँगरका साथ किरात राईहरुको भाषा साहित्य, बंशावली, धर्म, संस्कृति उत्थान तथा संरक्षणको लागि जोड्दार रुपमा लागिरहने उहाँको स्वभाव र सक्रिय नेतृत्वको उच्च मुल्यांकन गरी २०६० काठमाडौमा सम्पन्न किरायाको पाँचौ अधिविशनबाट पुन: सम्मानित अध्यक्ष पदमा चयन गरिनु भएका अत्यन्त मृदुभाषी, इमान्दार, लगनशील, धैर्यवान तथा साहस र अठोटका धनी श्री कुलबहादुर राई MBE संग इसिलिमका प्रतिनिधि श्री चतुरभक्त दुमीराई र नेत्रमणि दुमीराईले २०६१ भाद्र ७ गते लिएको भेटवार्ता कोशेली प्रस्तुत छ।



यायोक्खा अध्यक्ष कुलबहादुर राई MBE परिवारका साथ

***इसिलिम-१, अध्यक्षज्यूले औपचारिक शिक्षा कहाँ र के-कतिसम्म पूरा गर्नुभयो ?***

मेरो आफ्नो अध्ययनको बारेमा भन्नुपर्दा मैले हङकङ्ग-मलायामा उताकै पढाई जी.सी.ई.,ए-लेभल (GCE, Advanced Level) सम्म गरेको हुँ।

***इसिलिम-२, अरुबढी अध्ययन गर्नको लागि के अवसर नै नमिलेर कि रुचि नभएर ?***

त्यति अध्ययन सिध्याएपछि म त्यहीं नै शिक्षण पेशामा लागें। यो पेशामा लागेको मान्छेले पढ्ने मौका नै पाउँदैन। त्यहाँ शिक्षक भैकन असाध्य नै परिश्रम गरेर आफ्नो दायित्व पूरा गर्नुपर्थ्यो। म आफू पल्टनमा हुर्केको हुनाले बिहानदेखि बेलुकासम्म विद्यालयमा ब्यस्त हुनुका अतिरिक्त फाल्टो समयमा पनि बिद्यार्थीहरुको उत्साहलाई सहि बाटोमा डोऱ्याउनको लागि नै पनि घरको वातावरणसँगै outing, tours, scouting, extra activities आदिमा म एकदमै ब्यस्त हुन्थें। त्यसैले पनि मैले चाँहदा चाँहदै पनि, बिषेश गरिकन मेरी श्रीमतिले मलाई graduate गरेकै हुनुपर्छ भन्दाभन्दैपनि अरु बढी पढ्न सकिनँ।

***इसिलिम-३, शिक्षण पेशामा नै लाग्नुको कारण नित ? त्यस बेलामा आर्मीतिर जाने इच्छा चाहिँ थिएन कि कसो ?***

त्यो चाहिँ पक्कै हो। मेरो बाबुको इच्छा भनेकै आर्मीमा भर्ति गर्नुने रहेको थियो। मेरो पनि इच्छा त्यही थियो। अफिसरको छोरा भएको नाताले कमिशनको लागि बाटो असाध्य सुगम थियो। मेरो दृढ इच्छा चाहिँ ब्रिगेड अफ गोर्खामा नै सेवा गर्ने थियो। तर

मेरो आँखा कमजोर भैदिनाले इन्फेन्ट्री बटालाईनमा भर्णा हुन नै नपाउने भएँ । अरु पल्टनतिर अबसर पाउने भनिएता पनि मलाई भने हाम्रै नेपाली फौजीहरुसँग मात्र गर्ने विचार मनमा आयो, अनि त्यतातिर जान मन पनि लागेन । त्यसकारणले मैले भर्ति हुन पाइनँ ।

***इसिलिम-४, त्यहाँ ३२-३३ बर्षे शक्षेण सेवामा नौ-दश बर्षसम्म प्रधानाध्यापक रहदाको क्षणलाई सम्झिन पर्दा...?***

Sek Kong Children's School अरु स्कूलहरु भन्दा धेरै नै ठूलो र बृहत थियो। अरुहरुमा मात्र ४-५ जना शिक्षकहरु हुन्थे भने हामी १२-१३ जना त शिक्षकहरु नै थियौं । जबकि त्यहाँको Gorkha High School मा सरदर १५-१६ जना हुन्थे । अरु स्कूलहरुले एउटै पल्टनको नानीहरु मात्र पढाउने गर्थे भने मैले पढाउने त्यस स्कूलमा चाहिँ चार-पाँच वटा पल्टनहरुबाट आएका बालबालिकाहरुलाई पढाइने गरिन्थ्यो । त्यसैले पनि त्यस स्कूलमा काम गर्न चाहिँ निकै चुनौतिपूर्ण काम थियो । त्यसमा पनि प्राय: नेपालबाट आई त्यहाँ अध्यापन गर्ने जो सुकै शिक्षकहरुलाई नयाँ वाताबरणमा कति कुराहरुमा अनुभवको कमिका कारण जहिले पनि समस्या आई नै रहन्थ्यो । नौलो ठाऊँमा सेवा गर्न पर्दा उहाँहरुलाई पल्टनमा पारिवारिक वाताबरण र अभिभावकहरुको आकांक्षा, आशा-अभिलाषा एवं ब्यबहारहरु यी आदि इत्यादि संबेदनशील पृष्ठभूमि थाहा नहुने हुँदा अप्ठेरो हुनु स्वाभाबिक पनि थियो ।

***इसिलिम-५, उक्त कार्यभार सम्हाल्दाको अवधिमा त्यस्तो झमेला र कठिनाईहरु आई परेनन् त ?***

म आफू पल्टनमा नै हुर्केको कारण मलाई चाहिँ पल्टने जीवनमा के कस्ता गतिविधिहरु हुने गर्छन्, त्यहाँको पारिवारिक पृष्ठभूमि, जीवनशैली, दर्जा अनुसारको मान्छेसँग गरिने ब्यबहार, यी सबैजसो वस्तुस्थितिहरुको अनुभव ममा थियो । जसले गर्दा मलाई काम गर्न सजिलो भएको मात्र होइन कि त्यहाँका अभिभावक तथा शुभचिन्तकहरुबाट निक्कै नै साथ सहयोग पनि मिल्यो । त्यसैले नै मेरो कार्यकालमा त्यस स्कूलको निकै उन्नति पनि भयो र कसैबाट कुनै आक्षेप पनि सुन्न परेन ।

***इसिलिम-६, किरायामा कहिले र कसरी संलग्न हुनुभयो ? शुरुमा यस संस्थामा लागेर समाज सेवा गर्ने लक्ष्य लिएरै स्वदेश नेपाल फिर्नु भा'थियो या सँयोग मात्र पर्न गएको हो ?***

खासमा चाहिँ हामी दुबैजना (म र मेरी श्रीमति) शैक्षिक सेवाप्रति निक्कै जिज्ञासु थियौं । उनी ब्यवस्थापनको क्षेत्रमा निपुर्ण पनि थिइन् । नेपालमा आएर लगानि चाहिँ नडुब्ने तर मुनाफाको उद्धेश्य भन्दा पनि पूर्ण सेवामुखी एउटा नमूनाको रुपमा स्तरीय नीजि विद्यालय स्थापना गर्ने र विशेष गरी पिछडिएको हाम्रो समुदायका गरीब तथा जेहेन्दार बालबच्चाहरुलाई छात्रवृत्तिको ब्यवस्था गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य लिएकाथियौ । तर दुर्भाग्यबश यहाँ आएको सात महिना नपुग्दै उनको देहान्त भयो । तत्पश्चात् म एक्लैले केही गर्नै सकिनँ । त्यसबेला आफन्त भनेको धेरै कम थिए । त्यसैताका किरायाको एकजना पदाधिकारीसँग मेरो भेटभयो र उहाँले यस संस्थाको विषयमा अबगत गराउनु भयो । त्यसपछि म आफू पनि यस संस्थाको कार्यक्रमहरुमा सहभागी हुन थालेँ

***इसिलिम-७, यस संस्थामा जिम्मेवारी बहन गर्नुको पछाडि प्रेरणाको श्रोत चाहिँ केलाई मान्नु हुन्छ ?***

म विदेशमा रहदा आफ्नो प्राचीन किरात इतिहास, गाऊँ-ठाऊँ, खोला-टोला आदि कारणले विविधतायुक्त मौलिक परम्परा, संस्कृति र भाषा-साहित्य जस्ता कुनै पनि कुराको अनुभव गर्न पाइनँ, नत पढ्नु नै पाएँ । तैपनि ०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप नेपालको संविधान २०४७ ले यहाँका हरेक जातजातीले आ-आफ्नो हक अधिकार, पहिचान, अस्तित्व आदिको बारेमा कम्तिमा बोल्ने मौका चाहिँ दियो । बोल्ने मौका पाउदाखेरि प्रत्यक्ष भेटघाटमा, विभिन्न संचार माध्यमहरु मार्फत् आफ्ना जातीय सवालहरु, त्यसको पहिचानहरु, त्यसभित्रका यावत् सवालहरु उजागर हुँदै जानु चाहिँ मेरो लागि एकदमै नौलो अनि चाखलाग्दो विषय बन्यो । आफ्ना शुभेच्छुकहरुसँगको भेटघाटमा मुखरित आफ्नो जातीय स्वाभिमान सम्बन्धि ब्यक्त विचारहरु, प्रकाशित सामग्रिहरु आदि कारणले म यस जातीय संस्थाप्रति आकर्षित हुनपुगेँ ।

***इसिलिम-८, किरायाको धारणालाई यस संस्थाको अध्यक्षको हैसियतले कसरी प्रष्ट पार्नु हुन्छ ?***

यस संस्थामा बसेर काम गर्दा केही कमी कमजोरी त होलान् नै, तर पनि हाम्रो समुदायहरुबाट यस संस्थाले गर्दै गरेको प्रगतिको मूल्यांकन हुँदा एकदमै सकारात्मक प्रतिक्रियाहरु पाप्त भइरहेछन् । त्यसले गर्दा हामी सबैलाई अवश्य नै हौसला, प्रेरणा मिलेको छ । अर्कोतिर यस संस्थामा बसेर काम गर्दाको अप्ठ्यारो पक्ष भनेको अर्थको अभाव नै हो । एक त हाम्रो आफ्नो आयश्रोत छैन, कुनै पनि विदेशीलाई हामीले आजसम्म हात पसारेका पनि छैनौं । आफैले गर्न सक्ने काममा आफ्नो जातीय स्वाभिमानलाई बिर्सेर किन अर्कासँग हात जोड्ने भन्ने मनसायले शुरुमा नै सम्झौता नगरौं, बरु हाम्रै समुदायको सहयोगबाट केही गरौं भनेर लागेका हौं । विशेष गरी हामी किरात राई जातिको पहिचान र अस्तित्वको खोजीसँगै संवर्दन गर्ने, त्यसको प्रचारप्रसार गरी नेपालमा किरात राईहरु एक शसक्त जाती हुन्, जुन समुदायलाई बेवास्ता गर्नै सकिन्न भनेर राज्यले समेत स्वीकार्न बाद्य तुल्याउने स्थीतिको सिर्जनाको निमित्त किरायाको सफलता हुनुपर्छ भन्ने लाग्छ मलाई । आफ्नो जातीय पहिचानको खोजिनिति गर्दै सशक्त रुपमा आफ्नो चिनारी दिन सक्ने पहिलो किरात संस्था चाहि किरात राई यायोक्खा (किराया) नै हो । त्यसपछि लिम्बु, याक्खा, सुनुवारहरु पनि संस्थागत रुपमा अघिसर्दैछन् ।

***इसिलिम-९, कियायाले किरात एकताको लागि क्रियाशील रहिआएको अवस्थामा अन्य थरगत संस्थाहरु पनि अस्तित्वमा आउन खोजेको देखिन्छ । यस बारेमा किरायाको स्पष्ट धारणा चाहिँ ...?***

किरायाले आफ्नो स्थापनापछि आजसम्मको प्रयासमा आफ्नो आधारभूत संरचना ब्यबस्थित गर्दै राष्ट्रिय पहिचानका मूल मुद्दाहरुमा नै बढि केन्द्रित हुनुपर्दा दिनदिनै लोप हुदै गइरहेका किरात राई भाषाहरु, मौलिक संस्कृतिहरु, जुन हाम्रा अमूल्य नीधिको रुपमा आजसम्म पनि स्थानीय तवरमा जोगाइराखिएका छन्, तीनको संरक्षण र सबर्द्धनमा खासै ध्यान पुऱ्याउन सकिराखिएको छैन । यस अवस्थामा थरगत संस्थाहरु खोलेर आफ्नो अस्तित्व र पहिचानका लागि सबै थरीराईहरुले पहल गर्नसक्नु किरायाको उद्धेश्यमा साथ दिनु र अचेत अवस्थामा छर पष्टिएर रहेका तमाम् किरात राई समुदायहरुका लागि जागरणको शुभसंकेत पनि हो । यसमा त किरायाको तर्फबाट हाम्रो सक्दो साथ सहयोग रहिरहने छ र यस किसिमको प्रशंसनीय आयामको सदा स्वागत पनि गर्दछौं । अझ दिलै खोलेर भन्ने हो भने स्वच्छ भावना र पवित्र उद्धेश्यका साथ किरात राईहरुको एकताको निम्ति यो काममा अग्रसर हुने ती थरगत संस्थाहरुका पदाधिकारीहरु किरायाको आदर णीय व्यक्तित्व हुन् । ***इसिलिम-१०, किरातराईहरु मध्येकै कुनै थर गत संस्थाले आफूहरु राई नभै छुट्टै जातिको रुपमा वंश फुटाउनतिर खुलेरै लागेको देखिन्छ, यसप्रति किरायाको सिधा प्रतिक्रिया चाहिँ ?***


यायोक्खा अध्यक्ष श्री कुलबहादुर राई MBE उपाधी ग्रहण गर्दै

खम्बुवान क्षेत्रमा बसोबास गर्दैरहेका हामी किरात राईहरुले उहिले पितापूर्खाको पालादेखि भनिआएको 'दश राई एक चुला' भन्ने जुन लोकोक्ति छ, त्यसलाई कदापि बिर्सनु हुदैन । भाषिक संस्थाहरु स्थापित भएपछि आदिबासी जनजातिको परिभाषा अनुसार हामी पनि तामाङ्ग, गुरुङ्ग वा अन्य कुनै पनि जाती सरह छुट्टै जाति हौं भनेर वकालत गरिहिँड्नु चाहिँ सिङ्गो किरातराई जातिको लागि नै दुर्भाग्य हो । यसरी क्षणिक स्वार्थ र महत्वाकंक्षाको भूलभूलैयामा लागेर जात के हो ? भन्ने थाहा नहुनेहरु नै आफूलाई अर्को जात हुँ भनेर वंश फुटाउने काम गर्छन् भने त्यो भन्दा मतिभ्रष्ट मान्छे अरु कोही हुनै सक्दैन ।

***इसिलिम-११, किरायाको अध्यक्षको हैसियतले किरात राईहरुको वर्तमान आर्थिक र सामाजिक स्थिति के कस्तो पाउनुभएको छ ? यसमा जिम्मेवार पक्षहरु...?***

किरात राईहरु सामाजिक हिसाबले पछिपरेको देखिन्छ नै । पछौटेपन देखिनुमा आफ्नै दोष हुँदै नभएको त होइन, तर यसको मूल कारण चाहिँ शताब्दियौ अगाडिदेखि राज्यको तर्फबाट किरात राईहरु बीच विभेद गरी उनीहरुको अस्तित्व नै निमिट्यान्न पार्ने कुटिल चालको परिणाम नै हो । गौरबपूर्ण इतिहास बोकेको हामी किरात राईहरुलाई खास गरिकन पृथ्वीनारायण शाहको राज्य एकिकरणपछि राज्यले दबाउन थालेको प्रमाणहरु प्रसस्तै भेटिन्छन् । जसको परिणाम् स्वरुप हामी किरात राईहरु पछिपर्ने त भयौ नै । किरात राईहरु काठमाण्डौबाट बिस्थापित भएपछि किन पशिचमतिर लागेनन् ? किन पूर्वी नेपालका सिमाना हुदै सिक्किम, बर्मा, थाइल्याण्डसम्म पुगे ? त्यो एउटा काठमाण्डौको शासकबाट टाढा हुने प्रबृति हो । टाढा किन हुनुपऱ्यो त भन्दाखेरि सुखले होइन, त्यो पीडा, दुखले नै हो । कति पुस्ता हाम्रा पूर्बजहरु कित सहेर बस्ने, सहेर बस्न नसके पलायन हुने त्यो मनोबृत्तिले उनीहरुलाई सताएको हुनुपर्छ । जो जसले सहेर बसे, उनीहरुले तत्कालीन शासकहरुबाट कति पुस्तासम्म दबिएर रहनुपर्दा आफ्नो गौरबपूर्ण इतिहासलाई नै बिर्सदै गए ।

***इसिलिम-१२, किराया अध्यक्षपद सम्हाल्दांको शुरुकाल र आजको अवस्थासम्म आइपुग्दाको अनुभव सुनाउन पर्दा...?***

रिटायर्ड भएर यहाँ आएपछि केही समाजसेवा गर्ने सँच बनाउदा बनाउदै श्रीमतिको देहान्तले म एक्लो भइरहेको बखतमा एकतिर यस संस्थाका क्रियाकलाप र पदाधिकारीहरुसँगको सम्पर्कले जुन प्रकारले मेरो आकर्षण बढ्दै गइरहेको थियो, अर्कोतिर संस्थाको अध्यक्षता दिन योग्य दत्तचित्त ब्यक्तित्वको चर्चा पनि त्यसैबेला चल्दैथियो । यसैबीच तेश्रो महाधिवेसनले मलाई यस संस्थाको अध्यक्ष पदमा बस्ने अवसर दियो । त्यसपछि संस्थाको कार्यक्रमको सिलसिलामा किराया के.का.स., जिल्ला तथा स्थानीय तवरमा पाएको माया, विभिन्न किरात ब्यक्तित्वहरु तथा विभिन्न थरका आफ्ना वंशहरुसँग जुन किसिमको आत्मियता गाँस्न पाएँ, यसबाट मेरो आँखा खुलेको महसुस भइरहेछ मलाई । अर्कोतर्फ नेपालको आन्दोलन पनि जातीय समस्याले उजागर भएको कारणले यसबाट अरु थप कुराहरु बुझ्ने मौका प्राप्त हुनुले आफूलाई पनि सुसूचित हुने मौका पाउँदा यस संस्थामा आउनुलाई एउटा ठूलो अवसरको रुपमा लिएकोछु मैले । हाम्रा शुभचिन्तकहरुबाट जुन आत्मीय सद्भाव र सहयोग प्राप्त भइरहेको छ, यो नै सबैभन्दा ठूलो प्रेरणा हो र म आफू मात्र होइन, हामी सबै पदाधिकारीहरु नै अझ बढी प्रेरितछौं ।

***इसिलिम-१३, संस्थाले सक्दो काम गर्दा-गर्दै पनि किरायाको निन्दा गर्ने कोही किरात राईहरुलाई कुनै जवाफ छकि ?***

संस्थामा रहेर काम गर्दाको नरमाईलो पक्ष भनेको नै यही हो कि आफ्नो गौरवशाली इतिहास, पूर्वजहरुले देखाइराखेका बाटाहरुलाई समेत चटक्कै त्यागेर वा वेवास्ता गरेर आफ्नो वंशाघात गर्ने किरात राई एकतामा नै भाँजोहाल्ने आफ्नो क्षणिक स्वार्थको लागि अरुको भावनामा नै दिग्भ्रमित पार्ने जस्ता कपूतहरुले किरातवंशमा जन्म लिएकोमा बडो दुख लाग्छ।

***इसिलिम-१४, अहिले द्विविधाको रुपमा आएको ' राई' जात होइन भन्ने तर्क उठिरहेको छ यसबारे हजुरको विचार कस्तो रहेको छ ?***

खम्बुवान क्षेत्र आफ्नो पूख्यौली भूमि हो भनी गर्व गर्ने सम्पूर्ण खम्बु, किरात, जिमी आदिले कसैको करकापबाट नभएर स्वस्फूर्त रुपमा पछिल्लो समयमा राई नै आफ्नो जात हो भनी स्विकारी आएका छन् । स्वदेश र विदेशमा पनि यसै राई शब्दले हाम्रो जातिको पहिचान दिइसकेको अवस्थामा यस्तो द्विविधा उत्पन्न गराउन खोज्नु, हामीमा विभाजन ल्याउन खोज्नु, हाम्रो एकतालाई कम्जोर पार्नु र हाम्रो शक्ति क्षिण पार्ने षड्यन्त्र मात्र हो । यस्तो कुराबाट बेलैमा हामी सचेत रहन नितान्त आवश्यक छ।


Elizabeth R

Elizabeth the Second, by the Grace of God of the United Kingdom of Great Britain and Northern Ireland and of Her other Realms and Territories Queen, Head of the Commonwealth, Defender of the Faith and Sovereign of the Most Excellent Order of the British Empire, to Mr. Kulbahadur Rai

Greeting

Whereas We have thought fit to nominate and appoint you to be an Honorary Member of the Civil Division of Our said Most Excellent Order of the British Empire

We do by these presents grant unto you the Dignity of an Honorary Member of Our said Order and hereby authorise you to have hold and enjoy the said Dignity and Rank of an Honorary Member of Our aforesaid Order together with all and singular the privileges thereunto belonging or appertaining

Given at Our Court at Saint James's under Our Sign Manual and the Seal of Our said Order this Fifteenth day of October 1990 in the Thirty-ninth year of Our Reign.

By the Sovereign's Command.

Grand Master.

Grant of the Dignity of an Honorary Member of the Civil Division of the Order of the British Empire to Mr. Kulbahadur Rai

MBE उपाधिको प्रमाणपत्र

***इसिलिम-१५, यायोक्खामा सबै थरी राईहरुलाई समेट्न नसक्नुको कारण...?***

गलत भएको छैन। तर गुनासो पनि सुनिन्छ ,तपाइहरूले भनेजस्तो। वास्तवमा संस्थामा थरगत रुपमा मानिस राख्दा उसले कर्तव्य पूरा गर्न सक्छ कि सक्तैन, त्यो पहिलो कुरा हो। अर्को कुरा थरगत रुपमा यायोक्खामा प्रतिनिधित्व हुदैमा उसको थरको सवै काम पुरा भैहाल्छ भन्नेमा म चाँही छैन। मुख्य कुरा संस्थामा इच्छाले काम गर्न आउने वा संस्थाको खाचो पहिलो सर्त हो । अहिले हामीले थरगत रुपमा पनि थरगत संस्थाहरूको प्रतिनिधित्वलाई जोड दिएका छौ । त्यसैले यायोक्खाको विधानको परिच्छेद ३ दफा १० को उपदफा ङ मा संपूर्ण राईहरूलाई समेट्न गरिएको छ र सवै थरगत भाषिक संस्थाहरुलाई यायोक्खामा दर्ता हुने प्रकृयाको लागि खुला गरिएको छ। म खुला दिलले सबैलाई भन्छू यायोक्खा समग्र किरात राईहरूको साझा संस्था हो त्यसैले जिम्मेवार थरगत संस्थाहरूले आफ्नो कर्तव्य ठानेर जिम्मेवारी निर्वाह गर्न आएमा बाटो खुला छ, यसले सबैलाई भलाई गर्छ । खोचे थापेर बाहिर बाहिर खोकेर हिड्दैमा कसैको भलाई हुनेवाला छैन ।

***इसिलिम-१६, अधिकांश थरगत संस्थाहरुले किरात राई यायोक्खाले संघीय स्वरुप धारण गरोस् भन्ने चाहना पाँचौं अधिवेसनपूर्व नै अघिसारेका थिए । यसबारे चासो राख्ने प्रयास गरेको पाइएन । यो कुन कारणले यस्तो हुन गएको होला ?***

हाम्रो चाहना भनेको किरात राई यायोक्खामा संपूर्ण किरात राईहरुको प्रतिनिधित्व हुन सकोस् भन्ने हो । जहाँसम्म किरायाले संघीय स्वरुप धारण गरोस् भन्ने चाहना छ, वास्तवमा यसवारे अवधारणात्मक पक्ष नै प्रष्ट भएको छैन । कस्तो खालको संघीय स्वेरुप आवश्यक भएको हो, यसको कार्यशैली कस्तो हुने, यसको प्रमुख उद्धेश्य के हो, नीति नियम कस्तो बन्ने र यसवाट के फाइदा हुन्छ भन्ने वारेमा राम्ररी गृहकार्य नै नगरी एकैचोटी हाम फाल्नु भनेको अन्धाले हात्ति छाम्नु जस्तै हो । तसर्थ किराया एउटा जिम्मेवार संस्था भएको हुनाले यसमा हामी सम्पूर्ण व्यक्ति वा थरगत संस्थाहरुले आम छलफल र लिखत नगरी यसवारे हतारमा यसै गरिहाल्ने भन्ने ठोकुवा गर्न सकिन्न । समय त लाग्छ नै । यदि किरात राईहरुका एकतालाई बलियो बनाउँने गरि त्यस्तो प्रस्ताव र दस्तावेजहरु आएमा किरायाको पुनः संरचना गर्न के नै समस्या पर्ला र ?

***इसिलिम-१७, किरात राईहरुभित्र तथाकथित (स्वघोषित्) किरातधर्मीहरु र उनीहरुको मान्यताप्रति यहाँको धारणा चाहिँ...?***

उनीहरुले ल्याएको धार्मिक विचार भर्खरैको न हो। जुनवेला पूर्वमा विशेष गरी लिम्बुवानमा लिम्बूहरुले आफ्नो हैसियत भन्दामाथि उठेर फजुल खर्च गर्ने, अनावश्यक विधिहरुमा अल्झिने, जाँडर क्सीको अधिकतम सेवन र प्रयोगवाट आफ्नो सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक हैसियत गुमाईरहेको अचेतन अवस्थामा एक समाज सुधारक किरात लिम्बु फाल्गुनन्दले सुधारवादी आन्दोलन ल्याई त्यस बेलाको गिर्दो किरात समाजलाई परिवर्तन गर्ने, खानपिन, आहार विहार, संस्कार, प्रचलन आदिमा आमूल परिवर्तन ल्याई समाजलाई माथि उकास्ने योगदान गरेका हुन्। यो एउटा अत्यन्त सकारात्मक पक्ष थियो।

हाम्रो किरात धर्मले तीनवटा चुलाहरुको समूहलाई आफ्नो मुख्य आस्थाको केन्द्रविन्दु याने कि पवित्र तीर्थधाम बनाएको छ। त्यसैले उहिलेदेखि नै किरात राईहरुले तीन चुलालाई आफूले जहाँसुकै बसोबास गरे पनि साथ नटुटाएका हुन्। तर विडम्बना तथाकथित किरात धर्मीहरु(सत्यहाङ्मा, प्रभुदासी, ओमनन्द)ले त यस्तो भोग खाने चुलालाई उखेलेर फाल्नु पर्छ भनेर सुदुर ग्रामीण बस्तितिर गएर प्रचार समेत गरे। सोझा किरात राईहरुबाट उनीहरुको घातक शैलीको विरोध हुन थालेपछि चुला राख्नहुन्छ, तर भोग दिनु र जाँड रक्सीले पूज्न हुँदैन, बरु दूध र फलफूलले काम चल्छ भन्न थाले। अहिले के भइरहेकोछ भने किरातहरुको परम्परागत पूजामा किरातहरुले नै आविष्कार गरी प्रचनलमा ल्याएको जाँडरक्सीको प्रयोगलाई समेत निषेध गर्ने, सेतो लुगा लगाएर ब्राह्मणवादी परम्परा हुर्काउदै लगेको र त्यसैलाई हाम्रो खाँटी किरात परम्परा हो भन्ने तर्कले किरातहरुमा रहेको चारित्रिक पहिचान समाप्त पार्ने प्राय: निस्चित छ।

***इसिलिम-१८, किरायासंग डा.स्वामी प्रपन्नाचार्यको कूनै साक्षात्कार भएको छ ?***

आजसम्म भएको छैन। उहाँलेव्यक्त गर्नुभएको विचारसँग हामी सहमत छैनौं। आजतक देखिएको परम्परामा किरातहरुको आफ्नो मौलिकपन जीवितै छ, जुन हिन्दुधर्मसँग विलकूल फरक छ। तसर्थ उहाँले राख्नु भएको विचार हाम्रो लागि चाँही अभिशाप नै हुन्छ।

***इसिलिम-१९, यहाँको विचारमा संस्कृतका विद्धानहरुले भनेजस्तो किरात राईभाषा सिक्नको लागि संस्कृत भाषा सिक्न आवश्यक छ नै त ?***

विश्वमै मृत भैसकेको संस्कृत भाषालाई मलजल गर्न अहिले कही नभएको जात्रा हाँडीगाउँमा भनेजस्तो राष्ट्रको ठूलो धनराशी संस्कृत भाषाको संरक्षणमा अनुत्पादक रुपमा खर्च भैरहेको छ। तर अर्कोतिर नेपालको अधिकांश आदिवासी जनजातिहरुले चाहेको भाषिक, सांस्कृतिक पक्षहरुलाई भने अपेक्षाकृत रुपमा संबोधन गर्न सकिरहेका छैनन्। जहाँसम्म किरात भाषा सिक्नको लागि संस्कृत भाषा सिक्न आवश्यक छ, छैन भन्ने कुरा गर्नु हुन्छ भने म भाषाको विद्धान होइन, तसर्थ यसबारे यसै हो भन्न सक्ने स्थितिमा छैन। तर पनि अहिलेसम्म भोगिएको अनुभवले मलाई कुन कुराले विश्वस्त गराएको छ भने किरात राई भाषा राम्रोसंग जान्नलाई त्यही किरात राई भाषाको अध्ययन गर्नु पर्छ नकि नेपाली वा संस्कृत...।

***इसिलिम-२०, किरातहरुले आफ्नो धार्मिक, सांस्कृतिक, पारम्परिक सम्पदाहरुलाई आफ्नो मौलिक सभ्यता हो भनी गर्व गर्छन, अर्कोतिर उनीहरुलाई यिनै कुराहरुले पछाडि पार्‍यो भन्ने तर्क यदाकदा सुनिन्छ, यसवारे यहाँको भनाई के छ ?***

धार्मिक सांस्कृतिक पारम्परिक कुराहरु भनेको लामो समयसम्म लोक व्यवहारमा चलेर आएको एउटा थिति हो। यो तुरुन्त बन्ने र समाप्त हुने कुरा होइन। त्यसैले पुरानो परम्पराहरुलाई चटक्कै छाडिहाल्न सकिन्न। किनकि यसले हाम्रो नसा नसामा जरो गाडिसकेको हुन्छ। जहाँसम्म किरातीहरुको आफ्नैपरम्पराले किरातीहरुलाई पछाडि पारेको भन्ने भनाई छ यसलाई पुरै इन्कार गर्न चाहिँ मिल्दैन। मानिसले समयसँग नाता जोड्नु पर्दछ। यस परिप्रेक्ष्यमा समयको माग र गतिलाई नियाँल्दा कतिपय हाम्रा संस्कार र परम्परागत कुराहरु काम नलाग्ने गरी जीर्ण भइसकेको छ र त्यसलाई पुरै संशोधन गर्नु पर्ने पनि आवश्यकता भएको छ। जस्तो एउटा कुखुरा काटेमा र एक कठ्वा रक्सी भए पुग्नेमा परम्परा छ भन्दैमा बाह्रवटा कुखुरा र बाह्र कठुवा रक्सी नै चाहिन्छ भन्न थालियो भने यो अन्धविश्वास र पुरातनको पराकाष्टा हो।

***इसिलिम-२१, किरात समाजमा कसैले किरात धर्म त कसैले मुन्धुम धर्मभनेर जोड दिएको पाइन्छ, यसको वास्तविकता चाहिँ के हो ?***

हामीले यसबारे धेरै अगाडिदेखि छलफल गर्दै आएका हौं। मुन्धुम भनेको धर्म चाहीं होइन जसरी हिन्दुको बेद, मुस्लिमको कुरान, बुद्धको त्रिपिटक र क्रिश्चियनको बाइबल छ त्यसलाई बेदधर्म, कुरान धर्म, त्रिपिटक धर्म र बाइबल धर्म भनिदैन, बरु हिन्दु धर्म, मुस्लिम धर्म, बौद्ध धर्म र क्रिश्चियन धर्म भन्न मिल्छ। त्यसैगरी किरातहरूले पनि किरात धर्म भन्न मिल्छ, तर मुन्धुम धर्म भन्न मिल्दैन। मुन्धुम भनेको त किरातहरुको अलिखित शास्त्र मात्र हो।

***इसिलिम-२२, के यो अलिखित किरात धर्म अरु लिखित धर्महरु जस्तो जीवित रहन सक्छ, यदि सक्छ भने यसमा के निश्चित्ता छ ?***

बिलकूल जीवित रहन सक्छ। पीर नमान्नुहोस्। संसारको कति नामुद सभ्यताहरूफलेफूलेको तीनहजार वर्ष पनि पुगेको छैन। किरात सभ्यता फलेफूलेको त्यो भन्दा निकै वर्ष अगावै हो र त्यो आजतक जीवित छ। यस्ता अलेख्य परम्परा हामीकहाँ मात्र होइन ब्रिटेनमा पनि रहेको छ। त्यहाँ चल्छ भने यहाँ किन चल्दैन। किरात धर्म र सभ्यता यस्तै अलिखित दस्तावेजहरूको संग्रह हो, परम्पराहरुको थुतुरीग्रन्थ, थुतुरीबेद वा बकितमग्रन्थ

हो, जसलाई नक्षो, नछुङ्ग फेदङवा, डेपा, नागिरे जाम्चो, जाम्चा, दोवा, दोवाङ, माङपा तथा ताया(पुर्खाहरु)ले कण्ठस्त पारी बचाइआएका हुन्। अब संपूर्ण मुखाकृत रीतिथितिहरु आजको चेतनशील किरातहरुले लेख्दै गएपछि यो नष्ट भएर जाने त कुरै आउँदैन। अनि जसरी हिजोको थुतुरीग्रन्थ आज किरातहरुको मार्गदर्शक ग्रन्थ बनेको छ त्यसरी नै आज लेखिने ग्रन्थ भोलिको लागि लिखित मार्गनिर्देशक धर्मग्रन्थ निश्चित रुपमा बन्नेछ।

***इसिलिम-२३, दशैं र तिहार किरातहरुको चाड होइन भन्ने पनि गरिन्छ, यसबारे यहाँको स्पष्ट धारणा राखिदिनुहुन्छ कि ?***

जहाँसम्म दशैंको सन्दर्भ छ, यस चाडको विशेषता र परम्पराहरु किरात राईसँग मिल्ने केही पनि देखिदैन। तसर्थ दशै किरातहरुको चाड हो भन्न सकिने कुनै आधार छैन। बरु यो चाडलाई किरातहरुले नेपालका हिन्दुशासकहरुको गिद्धेदृष्टि र कार्वाहीबाट बँच्न बाध्यताबश मान्न थालेको बुझिन्छ। तर तिहार को सन्दर्भ भने अलि भिन्नै छ। नेपालको पूर्वदेखि पश्चिमसम्मको ग्रामीण बस्तिहरुमा चौसी, भैलो खेल्ने चलन शाहवंशीय शासकहरुको उदय हुनु अगाडिदेखि नै विद्यमान रहेकोले यस पर्वमा भट्याइने बोलहरुमा किरात राजा 'बलिहाङ'को नाम लिई "बलिराजाको हुकुम हुदा : चौसी खेल्न आएका हामीं" भन्ने रहेको पाइन्छ। तसर्थ यो चाड परापूर्व कालदेखि किरातहरुले नै प्रचलनमा ल्याएका हुन् भन्ने लाग्छ। तर पछि हिन्दुकरणमा परिवर्तन हुँदा त्यहाँ यमपञ्चक याने कागतिहार, गाईतिहार आदि इत्यादि पर्वहरु समेत थपेर यसलाई आकर्षक बनाइदा तिहारले मिश्रित स्वरुप ग्रहण गर्न पुगेको देखिन्छ। तर हाम्रो मुख्य चाड चाहिँ उधौली-उभौली चाड नै हो।

| परिवार सदस्यहरु | |
|---|---|
| श्रीमति | स्व.नमिता राई(देवान) |
| जेठो छोरा | कल्याण बान्तवाराई |
| कान्छो छोरा | हिमशैल बान्तवाराई |

***इसिलिम-२४, किरात धर्मलाई हिन्दुधर्म भित्रकै एक शाखा हो भन्ने गरेको पनि तपाईको बिचारमा वास्तविकता के हो र कुन धर्म जेष्ठ हो ?***

किरातीहरु भनेको प्रकृति र पितृ पूजक हौं। यो पृथ्वीमा सृष्टिको उषाकालदेखि नै किरात धर्म चलिआएको हो। यो पारु(पारुहाङ), नायम (सुम्निमा)को कालबाट नै सामुहिक रुपमा चलिआएको धर्म हो भने, हिन्दुधर्म त धेरै पछि बेदको रुपमा कुनै एक बेदब्यास नामको ब्यक्तिले लेखिदिएको एउटा लिखित ग्रन्थ न हो। बाइबल कुरान, जैन, मुसलमान, बौद्ध पनि यस्तै हुन्। तर किरात धर्म भने सामाजिक परम्पराको रुपमा हुर्किएको रीतिथितिहरूको एउटा अलिखित ग्रन्थ हो। यो कुनै एकजना मात्रको देन नभै प्रागऐतिहासिक समाजबाट हुर्किएको सामुहिक प्रयत्न हो। संसारमा नै सवैभन्दा जेष्ठ धर्म खोज्नु हुन्छ भने त्यो किरात धर्म नै हो।

***इसिलिम-२५, "सुम्निमा उपन्यास "लाई धेरै किरात राईहरुले खण्डन गरे जलाए पनि। यहाँको बिचारमा के लाग्छ ?***

बि.पि.ले त्यस उपन्यासको नायिकालाई हाम्रा आराध्यदेवी सुम्निमाको नाम दिई किरातहरुलाई हाच्याउने वेद पूराण, महाभारत, गीता आदिमा उनकै पूर्खाहरुले लेखेर छाडेको तथ्यलाई वास्ता नगरेर वा बूझ पचाएर आँच आउने खालका अभिव्यक्तिहरु त्यस पुस्तकका नायकबाट गराएकोले स्वाभाविक रुपले किरात राईहरुले त्यसको बिरोधमा जलाएका हुन्। महान राजनेता भनाउदाका वाहुन्वादी चरित्र त्यहाँ छर्लङ्ग उदाँगिएको छ।

***इसिलिम-२६, तपाई ६३ वर्षको यो परिपक्क उमेरमा पनि किरायामा नव युवाको जोशमा काम गरिरहनु भएको छ, तपाईंले यसबाट गुमाएको र उपलब्धि हाँसिल गरेको कुराहरु के-के होलान ?***

गुमाएको केही मान्दिन। किनभने आफ्नो समुदायमा काम गर्न पाउनु भनेको हामी आफूले आफैलाई भित्र पट्टिबाट हेर्नसक्नु पनि हो। म आफू त विदेशमा हुर्के बढेको किरात सन्तती परें। तसर्थ म आफ्नो भाषा, धर्म-संस्कार, जातीय पहिचान संघ-संस्था आदिको बारेमा अनविज्ञ थिएँ। तर अहिले आएर ती सबैको बारेमा प्रत्यक्ष रुपमा अबगत गर्नेमौका पाएँ। किरायामा बसेर समग्र किरात राईहरुको मौलिक परम्परा, धर्म, संस्कृति, भाषा-साहित्यवारे ज्ञान लिने, सबैसँग चिनजान गर्ने मौका पाएँ। यो नै मेरो लागि समाज सेवाबाट हाँसिल गरेको सबैभन्दा ठूलो उपलब्धि पनि हो।

***इसिलिम-२७, किरात राईहरुको कतिपय लोप भैसकेका र लोपोन्मुख मातृभाषाहरुलाई बचाउन सम्भव छ ?***

भाषा मर्नु र बाँच्नु भनेको सवभन्दा ठूलो जिम्मेवारी त्यसैसँग सम्वन्धित भाषीहरु र भाषिक संस्थाहरुको हुन्छ। उनीहरुले भाषालाई दैनिक व्यवहार, बोलीचाली र प्रचलनमा ल्याउन र अक्षरश: अभिलेखको रुपमा समेत उतार्न सकेभने त्यो भाषा बाँच्न सक्छ, होइन भने स्वत: हराउन सक्छ।

***इसिलिम-२८, किरायालाई केही बान्तवा राईहरुको पेवा हो, भनी आलोचना गरेको पाइन्छ। तपाई आफै पनि बान्तवा राई हुनुहुन्छ, के वास्तविकता यस्तै भएको छ त ?***

यस्तो कुरा सुन्दा म आफै बान्तवा भएकोमा बिस्वाद लाग्छ। म भन्दा अगाडिका अध्यक्ष गंगाराज राई पनि बान्तवा नै थिए। म आफू बान्तवा भएकोमा कुनै गर्व छैन। बरु गर्व त केवल राई भएर जन्म लिन पाएकोमा मात्र छ। हामी यत्तिका थरी किरात राईभाषीहरु छौं। हामी बान्तवा भएर यहाँ बसेर केही पनि खाएका छैनौ। बरु आफ्नो जाती र समुदायको लागि गाँस काटेरै भए पनि केहि दिएका छौं जस्तो लाग्छ।

***इसिलिम-२९, पारिवारिक वातावरण समाजप्रति कस्तो थियो र त्यसको प्रभाव तपाईमा कस्तो रहेको छ ?***

पारिवारिक वातावरणले नै मलाई यहाँसम्म ल्याइपुऱ्याएको हो । मेरो पिता बृटिश आर्मीको गोर्खा मेजर हुनुहुन्थ्यो । माताको स्वभाव अत्यन्त कोमल र सेवाभाव राख्ने थियो । उहाँहरु दुवैजना दानी हुनुहुन्थ्यो । म आफू जागिरे भएपछि पठाएको खर्च समेत आफूले उपभोग नगरेर गरिव, माग्नेहरुलाई दिनेदेखि लिएर अञ्चलाधीशहरुलाई समेत चन्दाको रुपमा दिने गर्नुहुन्थ्यो । म आफू बुवा जस्तै भर्ति भएर छात्ति भरी तक्माहरु (Medals) लगाउने उद्धेश्य राखेको थिएँ । तर अफ्शोच आँखाको कमजोरीको कारणले भर्तिको लागि कोशिश गरिनँ । तर पनि महत्वपूर्ण काम गरेर मेडल लगाउँछु भन्ने सोँचेर आफू शिक्षक हुँदा जिम्मेवारीपूर्वक काम गरेँ। म सवैको प्रिय भएँ होला र यसैको फलस्वरुप मैले एम.बि.ई.(MBE) उपाधी समेत पाएँ जुन उपाधी पाउने आर्मी वाहेक शिक्षकहरुमा अहिलेसम्म नेपाली शिक्षक म मात्रै हुँ र भविष्यमा कसैले पाउन सक्ने स्थिति नै पनि छैन जस्तो लाग्छ ।

**Medals :**

1. Long service Medal
2. Long Service with Bar
3. Good Service Medal
4. Distinguished Sevice Certificate
5. Distinguished Service Medal
6. MBE (Member of British Empire)

मानपदवी तथा विभुषणहरू

***इसिलिम-३०, जीवनमा आफूले भोगेका सबभन्दा सुख र दुःखको अनुभव बताइदिनु हुन्छ कि ?***

दुःखको प्रसङ्ग उठाइहाल्नु भो, यस वारेमा भन्नुपर्दा चाहिँ मेरी श्रीमति स्वर्गवास हुदामा धैरै दुःखीत भएकोछु। हामी नोकरीबाट फर्केको कर ीव सात महिना पनि नबित्दै कहिल्यै सुखको अनुभव नै नगरी उनले यस संसारबाट अकस्मात् विदा लिन पुगिन्। एकातर्फ ऊनको श्रमले कमाएको सम्पत्तिको उपभोगसम्म गर्न पाइनन् भने अर्कोतर्फ आफ्नो बालबच्चा हुर्काउने बढाउने जुन शोख हुन्छ विषेश नारीहरुमा, त्यो पनि निर्वाह गर्न पाइनन् उनले । अहिले दुई छोराका साथ हामी ३ जनाको परिवार छौं। एक मातृबिहिन परिवारको अवस्था कस्तो हुन्छ होला तपाइँहरु नै विचार गर्नुहोस् । तथापि मेरो जीवनमा सबैभन्दा दुःखको क्षण पनि यहीँ नै हो। सुखको कुरा गर्नुहुन्छ भने मैले बेलायतकी महारानीको बाहुलीबाट एम.बि.ई.(MBE) उपाधी पाउनु नै सबभन्दा ठूलो सुखको क्षण हो भन्ठानेको छु।

***इसिलिम-३१, इसिलिम परिवार तथा सम्पूर्ण दुमीजनलाई केही भन्न चाहनु हुन्छ कि ?***

यस पत्रिकामा लागिपर्ने सबै मेहनतकर्मीहरुले महान कर्म गरि रहेका छन् भन्ने लागेको छ मलाई। किनभने यस्तो कार्य सबैबाट हुन सक्तैन । केवल यस किसिमको उदाहरणीय काम त्यागी र जिम्मेवार व्यक्तिहरुबाट मात्र सम्पन्न हुन सक्तछ । आफ्नो मौलिक परम्परा, वंशावली, धर्म-संस्कृति र भाषा-साहित्यको उत्थानको लागि कार्य गर्ने अठोट भएका तपाई दुमी बन्धुहरू आदरणीव्यक्तित्व हुनुहुन्छ । तपाइँहरुलाई धैरै धन्यवाद छ र यस्तो कार्य आगामी दिनहरुमा पनि निरन्तरता दिदैजानु पर्दछ भन्ने कामना छ । अझै जोडदार रुपमा भन्नुपर्दा तपाइँहरु दुमी किरात राईहरुमा मात्र सीमित नरहेर अन्य किरात राईहरुको भाषा, बंशावली, धर्म, संस्कृतिको उत्थानमा पनि योगदान पुऱ्याउन सक्नु पर्दछ भन्ने सल्लाह पनि दिन्छु।

***इसिलिम-३२, किरायाको केन्द्रिय अध्यक्षको हैसियतले 'इसिलिम'मार्फत् समस्त किरात राईहरुलाई केही सन्देश प्रवाह गर्न चाहनु हुन्छ कि ?***

खम्बुवानबासी होऊन् वा त्यस क्षेत्रबाट विभिन्न उद्धेश्यले देश-विदेशमा रहनु भएका किरात राई दाजुभाइ तथा दिदी-बहिनीहरुमा किराया सबै थरी राईहरुका आस्था भएको एउटा साझा संस्था हो भन्ने जानकारी गराउन चाहन्छु। हाम्रा पितापूर्खाले हामीलाई 'दश राई एक चुला' भन्ने आस्थामा बाँध्ने एउटा बंशीय आधार छोडेर गएका छन्। हामी अहिले र आगामी दिनहरुमा पनि किरात राईहरु एउटै वंश भएर हाम्रा भाषा, संस्कृति र मूल्य मान्यताहरु सम्पूर्ण किर ात राईहरुकै साझा सम्पत्ति हो भनेर सबैले एक भएर बस्न सकेमा सबैको शक्तिको पहिचान, भलो, एकिकरण र अस्तित्व अक्षुण्ण रहिरहन्छ भन्ने सन्देश दिन चाहन्छु। हामीले छोड्न नहुने हाम्रा धैरै गौरवशाली परम्पराहरु छन्, जुन हाम्रा पूर्वजहरुले धर्म, कर्म, सेवाभाव, पराक्रम, सदासयता, स्वाभिमान, नीडरता, लडाकुपन, परिश्रमी, इमान्दारिता आदि मौलिक पहिचानहरु छाडेर गएका छन्। तिनलाई अनुशरण गर्नु हामी सबैको कर्तब्य एवं दायित्व नै पनि हो भन्ने कुरा बारम्बार दोहोऱ्याउन चाहन्छु।

मूचि ।

विछोडहरू गन्ती गर्दा ती पछाडी छोडिएका प्राण भन्दा प्यारा परिवार, साथीहरू अनि अब फेरि छोडिर गईने साथीहरू संझिन्दा दिक्क लाग्छ अनि किन नभनुँ यो जीन्दगी के नै हो र ?

# दुमी किरात राई भाषा पनि बोल्ने कि ?
# (दुमी रदु ब्र यो जिक्सा य ?)



नेत्रमणि दिक्पा-हलक्सु दुमीराई
माक्पा ६, नोरुङ्ग, खोटाङ्ग

नमस्कार !
सेवाखन्ने !

मेरो नाम निहाङ्गमा दुमीराई हो ।
ओपो नू निहाङ्गमा दुमीरदु ओ ।

मेरो परिवारमा चारजना छौं ।
ओपो किम्बि बुक्सु मुक्ता ।

म परिवारको एक्ली छोरी हुँ ।
आङु किम्बिम् तुक्ली मिस्चु ओ ।

एक जना माइति छन् ।
तुक्सु चेल्पु हाम्मोता ।

म भन्दा कान्छो(भाइ) ।
आङुबिका छारु(ओवा) ।

जेठो भने कोही छैनन् ।
दुष्पि चैं आसियो हाम्मामुन ।

मेरो घर नोरुङ्ग गाऊँमा पर्छ ।
ओपो किम नोरोङ्ग देलबि गोता ।

सबै गाऊँलेहरु दुमीराई मात्र छन् ।
भारा देल्चुमू दुमीरदु तुङा हाम्मोता ।

नोरुङ्ग गाऊँ खोटाङ्ग जिल्लामा पर्छ ।
नोरोङ्ग देल खोटाङ्ग जिल्लाबि गोता ।

म काठमाण्डौमा जन्मे र हुर्कें।
आङु यलाखोम्बि बुखो का बूरो ।

बाजे-बजु गाऊँमै बस्नुहुन्छ ।
चुचु-पिपी देलबिङा हाम्मोता ।

त्यसैले नै होला गाऊँ जान मनलाग्छ ।
मका ङा वोय देल खदिर लोता ।

म दुमीराई हुँ ।
आङु दुमीरदु ओ ।

सामे चाहीँ दिक्पा हो ।
सामे चैं दिक्पा ओ ।

हलक्सु पाछा पर्छ ।
हलक्सु पाछा छुक्ता ।

आमा भने कोयीराई अरे ।
एमा /मामा चैं कोयीरदु ए ।

मेरो मातृभाषा दुमीराई भाषा हो ।
ओपो होपुब्र दुमीरदु ब्र ओ ।

नोरुङ्ग गाऊँमा दुमीराई भाषा मात्र बोल्छन् ।
नोरोङ्ग देलबि दुमीरदु ब्र तुङा हाम्जेता ।

तर मलाई भने त्यति राम्ररीं बोल्न आउदैन ।
खोयो आङुआई चैं मोदु खान्थे जिना होतान ।

सिक्ने रहर चाहीँ असाध्य नै छ ।
चेइसिक्सा नु चैं छोते ङा गोता ।

बोलेको त अलिअलि बुझ्छु ।
हाम्जेताम् ने पिस्पिचि ङिसाकुक्तो ।

बात फर्काउन चाहीँ पो सिंक्नुछ ।
तुम् अन्ना चैं वो चेइसिनागोता ।

दुकिराफले यहाँ दुमीभाषा कक्षा शुरुगर्ने रे ।
दुकिराफआ ताम्बि दुमीब्र चेङ्दम् हाल्सा ए ।

त्यसबेला चाही जसरी भएपनि सिक्नुछ ।
माम्छेम्आ चैं भिँसोका खोयो चेइसिनागोता ।

भाषा भन्ने कुरा बोलेर पो छिटो सिकिन्छ कि ।
ब्र आक्सा तुम् जिसोका वो बोलो चेइसिक्ति य ।

तैपनि लेखेर राख्न त पऱ्यो नि ।
खोयो चप्सोका तुना ने छुक्ता खि ।

मूचि ।

# अविष्मरणीय युरोप भ्रमण



- कमान सिं दुमी राई
पाथेका, नाखाम, खोटाङ्ग

कुनै समय बेलायतको फौजीमा कार्यरत रहँदा युरोप महादेशको बारेमा कुराहरू हुने गर्थे । युरोप महादेश घुम्नको लागि कति प्रयास गर्दा पनि पुरा हुन सकेन । साथीभाईको तर्कनुसार बेलायत घमेपछि युरोप नघुमेपनि हुन्छ । किनकि बेलायत हेरेर युरोप महादेशको देशहरूको ढांचा रहनसहन सम्पूर्ण कुरा छर्लिङ्गिन्छ -प्राकृतिक भुभागको बनावट, मानव निर्मित शहरहरू बाटो घाटो पुल सम्पूर्ण नै प्राय एकै नासको हुन्छन् । तर पनि यो मन त कहाँ मान्थ्यो र । मौका पाएमा एक पटक चाँही युरोप घुमेरै छाड्ने अठोट थियो । तर समय सजिलै मिल्ने कुरा पनि भएन ।

यस्तैमा दिनहरू बित्दै गए । एकदिन बेलायतको अल्डर्सट भन्ने ठाँउमा पुगियो । त्यहाँ एक थोमस कुक भन्ने एजेन्ट र हेछ । यसो आँखा लगाउदा त्यहाको स्थानीय बासिन्दाहरूले युरो टुर लक्की ड्र कुपन भर्दै रहेछन् । मैले पनि ५० पाउण्ड तिरेर कुपन भरें । रिजल्ट २ महिना पछि "सन"पत्रिकामा हेर्नु भनिएको रहेछ । चिठ्ठा भन्ने कुरा जीवनमा धेरै काटियो तर कहिल्यै पनि परेको थिएन ।मैले वास्ता पनि गरिन र त्यो कुपन पनि कहाँ राखे थाहा भएन । दुई महिनामा मैले बिर्सी पनि सकेको थिएँ । केही समय पछि मोवाईलमा एउटा कल आयो र उनले भनिन् -मिस्टर राई तपाईले थाहा पाउनु भएन । "मैले प्रति उत्तर दिए अहँ के कुरा हो मैले त केही थाहा पाईन"। खास के कुरा हो भन्दा उनले भनिन् तपाई एकदमै भाग्यमानी हुनु भयो । तपाई अव युरोप घुम्न पाउनु भयो । बरू यहाँ ट्राभल्स अफिसमा आएर फर्म भरिहाल्नुहोस् । त्यसपछि खुशीले सीमा नै रहेन म सिधै अल्सर्टमा गएर फर्म भरे । फर्म भर्दा थाहा भयो १२ दिनको युराप यात्रा रहेछ । यात्रामा १०० पाउण्ड तिरेपछि सवैकुरा सित्तैमा भन्ने बुझियो । यात्रा त जाने भइयो तर कम्पनीमा बिदा कसरी मिलाउने । १२/१२ दिनको बिदा एकदमै असम्भव थियो । मैले ट्राभल्स एजेन्टलाई नै अनुरोध गरी मेरो कम्पनिमा सम्पूर्ण कुरा भनि फोन गर्न लगाउँदा कम्पनिबाट पनि भाग्यवस बिदा मिल्यो ।

यात्राको तयारीपछि हामी अक्टोवरको ५ देखि १७ तारीख सम्मको लागि लण्डनको युरो टनल्वस ट्रेनमा यात्रा सुरू भयो । हामी जम्मा १७ जना रहेछौ । जसमा बढी सेता जाति र केहीमात्र काला जाति केही चाईनीज र म एक नेपाली । महिला तथा सज्जन वृन्द यो रेल ५ तारे होटलको सुविधा भएको रेल हो यसमा सम्पूर्ण सुविधाहरू छन् । सम्पूर्ण कुरा हरू बताएपछि हामीलाई आफ्नो कोठा देखायो । कोठामा प्रवेश गर्ने वित्तिकै, वाहा.... वाफ्रे छक्क परीयो । हरेक व्यक्तिलाई एक कोठा जसमा स्काई च्यानल, टेलीभिजन, कम्प्युटर जडान जस्मा इन्टरनेट इमेल सुविधा भएको, टेलीफोन, नुहाउने गिजर कोठा जसमा तातो चिसो पानी, छेउमै फ्रिज जसमा नाना थरिका पिउने पदार्थहरू, हरेक बिहान विस्तारा मिलाई दिने, लुगा धोईदिने, कोठा सफा गरीदिने र विरामी भएमा डाक्टर पनि ट्रेनमा नै उपलब्ध रहेछ । ढोकामा एउटा सूचना टाँसिएको रहेछ जसमा भनिएको थियो, "कुनै कुराको कमी भएमा कृपया तुरून्त खबर गर्नु होला" । आ-आफ्नो कोठा मिलाई सकेपछि बैठक कोठातर्फ लगियो जहाँ सवै यात्रुहरू आएर भलाकुसारी गर्दै रहेछन् । प्राय: सवैको कुरा चाँही यात्राको ट्रेनको सुविधाको बारेमा केन्द्रीत थियो । म मात्रै होइन सवै यात्रु नै सुविधाको वारेमा मख्ख थिए । मैले त भन्दै पनि थिए कि यहि हुन सक्छ जीवनको पहिलो र अन्तिम सुविधायुक्त यात्रा गर्न पाईएको अनि हामी गफ गर्दै भान्छा कोठातर्फ लाग्यौ । रेल गुडीरहेको छ आफ्नै गतिमा भान्छा कोठा के छिरेको मात्र थियौ त्यहाँ सयौं थरीका खानाहरू सजिएका देखिए । खानाको साथमा फ्रान्सको रक्सी (रातो सेतो ) । सेता साथीहरू त खानाको टेवलमानै मातेर सुत्न पनि सुरू गरे भने कोही मोजमस्तीले कराउने कोही गीत गाउने मलाई लाग्यो जीवनको यो क्षण मेरो मात्र होईन साथीहरूको पनि पहिलो नै रहेछ भनेर ।

यसैगरी रेलको यात्रा भईरहेको थियो । हामी फ्रान्सको पेरिसमा आईपुग्यौ । हामीलाई सोधियो पेरीस घुम्ने नघुम्ने भनेर प्राय यात्रुहरू माती सकेका थिए । १०/१५ जना निस्कियौ र यसो ताजा हावा लिइयो र पेरिस शहरको दर्शन गरियो । यो शहर निकै ठूलो रहेछ । यहाँका घरहरू हेर्दा ऐतिहासिक देवलहरू जस्ता छन् । बाहिरबाट हेर्दा धेरै पुरानो मानौ लाखौं वर्ष अगाडी बनेका घर जस्ता छन् भित्र हेर्दा आधुनिक सामानहरूको सजावट । यहाँका मानिस अंग्रेजी बोल्नै नमान्ने हो वा नजान्ने किनमेल गर्न पनि फ्रेन्च भाषा नजान्नेलाई अलि समस्या पर्ने रहेछ । पाँच घण्टाको पेरीस बसाई पछि हामी आफ्नो रेलमा फर्कियौ । कोठामा गएर मैले अव सोचन थाले ओ...हो.. जीवनमा यात्रा पनि कस्तो कस्तो हुदोरहेछ । यस्तो सुविधा सम्पन्न रेलमा यात्रा ....। म आफैलाई भाग्यमानी सोची रहें । त्यसपछि फ्रीजको चिसो बडबाइचर वियर निकालेर

पिंए । एतिकैमा फ्रान्सको फ्रान्सको लियोन भन्ने ठाँउमा आईपुगेको कुरा माइकमा सुनियो । झ्यालबाट बाहिरको दृष्य कति रमणीय, प्रकृतिले सृजना गरेको जंगल डाडा काँडा र खोला कति मनमोहक कसलाई मन नपर्ला । तयसमा पनि सुसम्पन्न देश फ्रान्सको बाहिरको दृष्यले मनमा कति आनन्द आएको लियोनबाट हामी फ्रान्सको एन्डोरामा रातको ८ बजे आईपुग्यौ जहाँ हामी त्यहाको स्थानीय ठाँउमा घुमी रातको दृष्य अबलोकन गरौ अनि स्पैन तर्फ लाग्यौ ।

रात परिसकेकाले बाहिरको दृष्यहरूलाई त्यति अवलोकन गर्न पाईएन । खाना, पिना २४ सै घण्टा नै खुल्ला भएको समस्या थिएन । जे बेला खाएपनि हुने । यात्रुहरू प्राय मदिर ापान गर्ने भएकोले माति नै रहेका हुन्थे। बिहान हामी स्पेनको शहर म्याड्रिडमा पुग्यौ । यहाँ केहीबेर घुमफिर गरी हामी हाम्रो रेललाई छाडेर पानी जहाजमा बार्सीलोनाबाट इटलीको रोममा अबतरण भयौ । पानी जहाजको यात्रा करिव ३७ घण्टाको रह्यो । यो स्टार क्रुज नामक जहाज थियो । जुन करिव १५/१६ तलाको थियो जहाज सम्पूर्ण सुविधायुक्त रहेछ । ठुला ठुला कोठा बाहिरका दृष्य हेर्नका लागि ठुला ठुला सिसा भएका झ्यालहरू स्वीमिङ्ग पुल जसमा १०० जना जति एकै पटकमा पौडिन सक्ने जति ठुलो रहेछ । कसरत गर्ने दौडने, मनोरंजनका विभिन्न साधनहरू भनौ मानव जीवनलाई चाहिने सम्पूर्ण कुराहरूले भरीपूर्ण भएको जहाज रहेछ । अवतरण पछि हामी स्थानीय शहरतिर लाग्यौ । जहाँ विशाल र सिलसिलाबद्ध मिलाएर बनाएको घर  र सडकहरू थिए । ईटालीको पिजा संसारमा नै कहलिएको हुनाले हामी पिजा खान तर्फ लाग्यौ स्थानीय डि ला करूणा भन्ने होटलमा प्रवेश गरी पिजाको स्वाद लियौ । साच्चै त्यहाको पिजाको स्वाद अरू देशमा पाईने पिजा भन्दा धेरैगुणा मिठो लाग्यो । पकाउने बनाउने तरिका नै फरक रहेछ । साथीहरूले त पछि खानको लागि पनि बोकेर हिडेका थिए । हामीलाई रोमबाट बसमा वारी तर्फ लगियो जहाँ पानीजहाज चढ्नु थियो । बाटोमै इटालीको प्राकृतिक दृश्यको अबलोकन गर्दै बसको यात्रा गर्‍यौ । यो देश पनि निकै सम्पन्न देश रहेछ । बाटो घाटो शहरको वनावट यहाँको निर्दोस खोलाहरू हेर्दा अति नै प्रभावित भयौ । यहाँ निर्दोस खोला किन भनियो भने यहाँ बगेका खोलाहरू हजारौ वर्षै भइसके होलान तर यी खोलाहरूले माटो बगाउने, गाँउ शहर लाई ठेस पुर्‍याएको छैन । आफ्नै गतीमा मन्द बगीरहन्छन ।

यस्तै रमाईलो दृष्यहरू हेर्दै हामी बारी आईपुग्यौ । बारीवाट पानी जहाजमा टर्कीको यात्रा शुरू भयो । पानीजहाजमा प्रवेश गर्ने वित्तिकै साथीहरू सिधै वार (भट्टी) तर्फ लागे दिनभरीको यात्राको थकानले सबैलाई सताइरहेको थियो । खानपिन पछि हामी आफ्नो कोठातर्फ लाग्यौ थकाईले गर्दा निन्द्र अतिनै लागेछ । विहान १० वजे मात्र व्यूझिँएछु भनौ करिव १२ घण्टाको सुताई भएछ । जहाज आफ्नै गतीमा थियो । केही समयपछि हामीलाई टर्कीको इजमोर भन्ने ठाँउमा अवतरण गरियो । यहाँबाट वसमा आङकरा शहर तर्फ लाग्यौ । यो शहर विशाल जनघनत्वले भरीएको रहेछ केही वेरको पैदल यात्रा गरी हामी रेलको यात्रा तर्फ लाग्यौ । रेलबाट हामी टर्कीको स्तानबुल शहरमा आयौ यहा चार घण्टाको समय दिएको थियो । बाहिर शहरतिर निस्कीएरा घुमफिर गर्‍यौ । केही साथीहरू भने टर्कीमा आएपछि कवाव खानु पर्छ यहाको कबाब बढी स्वादिष्ठ हुन्छ भन्दै थिए । कोही टर्कीमा आएपछि नुहाउनु पर्छ (टर्कीज वाथ) भन्दै थिए । कोही कबाब खाने भने कोही नुहाउन तर्फ लाग्यौ ।

यहाँको टर्कीज वाथमा मलाई पनि इच्छा जाग्यौ । हामी ५ जना त्यसतर्फ लाग्यौ । आगमन शुल्क तिरेर भित्र प्रस्थान गर्‍यौ । जहा वाफले न्यानो बनाईरहेको मार्बल ढुङ्गाको चौतारो थियो । करीव ३०/३५ जना अटिने चौतारा रहेछ । त्यसमा कच्छा मात्र लगाएर नाङ्गै उत्तानो  सुत्नु पर्ने रहेछ आधा घण्टाको सुताई पछि हामीलाई भित्र साँगुरो (२० जना जती अट्ने ) बढी तातो बाफ भएको कोठातर्फ लगियो । तातो बाफले गर्दा  स्वास फेर्न पनि गाह्रो हुने त्यहा बस्दाबस्दै धेरै पसिना शरीरबाट गयो । २० जनाको पसिना भुइमा बग्दा हामीलाई अचम्म पनि लाग्यो । वाफ सहनु नसक्ने चाही ढोका खोलेर निस्कनु पर्ने थियो । निस्केपछि मार्बलकै चौतारोमा सुतेपछि त्यहाको काम गर्ने मानिस आएर हातले पुराजीउमा दलन शुरू गर्‍यो । ओ....हो....। शरीरबाट त्यति नै धेरै मैला जान्छ भनेर हामी कसैले पनि सोचेका पनि थिएनौ । भनौ एकपत्र छाला नै उप्किएर गए जस्तो लागेको थियो । आफ्नो शरीरको मैल देखेर आफैलाई लाज लाग्यो । वाथ सिद्धिएपछि हामी बाहिर निस्क्यौ । साथीहरू भन्दै थिए ओहो मेरो शरीरको तौल ५ के.जी. घटे जस्तो अनुभव भयो कारण मैलो त्यति धेरै गएको भान परेछ । टर्की वाथ पछि हामी हाम्रो रेल तर्फ लाग्यौ । स्तान पुलबाट हाम्रो यात्रा बुल्गेरिया तर्फ शुरू भयो । रातको समय भएकोले बाहिरको दृष्य अवलोकन गर्न सकिएन । आफ्नै कोठामा टेलीभिजन हेर्दै इन्टरनेट खेल्दै केही समय विताइयो । रातको समय भएकोले रेल निकै तिव्र गतीम चलीरहेको थियो । बुल्गेरियामा नरोकी रोमानीयाको बुखारेष्ट शहरमा ल्याईएछ ।

त्यहा आईपुगेछि माइकमा बोलाउदामात्र म व्यूझिएँ यतिबेला बिहानको १० बजी सकेको रहेछ । यहाँ हामी ५ घण्टा जति र ोकियौ । खासै कसैलाई घुमफिर गर्न मन लागिरहेको थिएन । यात्राले सबै थकित देखिन्थे जति सक्दो रेल भित्रै खाने पिउने आराम गर्ने मात्र उद्देश्य थियो ।

केहीवेरको थकान पछि हाम्रो यात्रा फेरी शुरू भयो । स्लोभाकिया हुदै जर्मनी आइपुग्यौ । अव यात्राको अन्तिम अन्तिम दिन पनि आइसकेको थियो । यात्रु साथीहरू भन्नै थिए अव आनन्द यति मात्र हो । यस्तो अवसर पाउन फेरी जन्मिनु पर्छ । किनकी जर्मनीको फ्रान्कफर्टवाट हामीले रेल यात्रा छाडेर हवाई जहाजबाट बेलायत आउनु पर्ने थियो । त्यसपछि यात्रा समापन हुने थियो । अन्तिम क्षण भन्दै पिउनु खानुमा व्यस्त थिए साथीहरू, त्यतिकैमा फ्रान्फर्ट आईपुग्यौ । हाम्रो रेलको यात्रा सम्पन्न भयो । यात्रुहरू अति निरास देखिन्थे भनौ त्यही रेलयात्रा जीवनभर भइरहेको भए हुने थियो तर के गर्ने हरेक चीजको सिमा हुदोरहेछ । समयको साथसाथै दौडिनु पर्ने समय बितेपछि वा पुरा भएपछि केही लाग्दो रहेनछ । हाम्रो स्वार्गको आनन्द यतिमानै अन्त्य भयो । हामीले रेलको स्टाफहरूलाई जो हाम्रो यात्रा भरिको बा आमा थिए वहाँहरूलाई यात्रुको तर्फबाट सानो चिनो प्रदान गरी विदा भयौ । प्रायको आँखा रसाइसकेको थियो । बिदाईको क्षण कसलाई पो रमाइलो हुन्छ र । परिचय भइसकेपछि पराई पनि आफ्नै हुदोरहेछ । रेल स्टाफ यात्रु सवैले विदाइका हात हल्लाई रहेका थियौ । यतिकैमा रेल आफ्नो दिसातर्फ गुड्यो । हामी फ्राङ्कफर्टबाट हवाइजहाजमा वेलायतको हिथ्रो विमान स्थलमा उत्रियौ, फेरि यस्तै यात्रामा भेट्ने वाचा राख्दै आ-आफ्नो गन्तव्यतर्फ लाग्यौ । अहिले पनि यात्रु साथीहरूले इ-मेलमा यात्राको बारेमा कुरा गरीरहन्छन् । एकजना डेविड मित्रसंग मात्र कसैको सम्वन्ध छैन । अरू सवैसंग सम्बन्धको आदान प्रदान छ । डेबिड कहाँ छ कसैलाई थाहा छैन सायद यो विशाल संसारमा कही कति होला भन्ने अनुमान सवैको छ ।

**- मूल्ति**



## FIRST IN THE WORLD

1. The first motor car was built by the Belgion engineer J.J. Etienne Lenoir in may 1862 in Paris.
2. The first aeroplane flight was made by Orville Wright on 17th December 1903.
3. The first manned space flight is alleged to have been made by a Russian named Alexis Ledoveski in 1957.

**Name: Prabal Rai ,Class: 5 (B)**

कविता

# मेरो गाँउ बाक्सिला



- मधुकला राई
बाक्सिला-८, खोटाङ्ग

शिशिरमा उजाड भए पनि
बशन्तमा गुराँस फुल्छन् यहाँ
विकासोन्मुख गाँउ भएपनि
"क" देखि "ज्ञ" सम्म पढ्न जानेकाछन् यहाँ
तापखोलाले आफ्नै गीत गाईरहेको छ
रावा खोलाले संगीत भर्दै बगीरहेछ
घिनुले आफ्नै कथा बोकीरहेछ
हिले फलाटे साहित्य रचना गर्दै बस्छन्
मायुम् डाँडाले गीत सुनीरहेको छ
चारपाटे हिमालले रावाको संगीत
साल्पा घिनुको पात्र बनेको छ
जाल्पा हिले फलाटेको साहित्य
तर किन
गीतकारको शव्दमा अटेन मेरो गाँउ
संगीतकारको धुनमा गुन्जन र तारमा अल्झन पनि
सकेन मेरो गाँउ
कथाकारको पात्र पनि बन्न सकेन मेरो गाँउ
साहित्यकारको मानसपटलमा झल्कन सकेन मेरो गाँउ
सवैबाट हेपिएको छलिएको नदेखिएको मेरो गाँउ
तर मलाई लाग्छ स्वर्ग भन्दा प्यारो छ मेरो गाँउ ॥

## LET'S LAUGH



Name: Biraj Rai,Class: 6 (A)

Housewife: "Raju" did you wash the fish your fried it this morning ?

Servent: "Oh, No madam ! why should I wash a fish which has spent all its life under the water ?"

Teacher: Who is the great, teacher or mother?

Student: Mother is great,because mother puts one child to sleep at once, whereas the teacher puts 36 children to sleep at a time.

# नारी अनुभूति



- शिक्षिका: श्रीमति सरिता दुमी(कोयी)राई
महेन्द्र बौद्ध मा.वि., फूलबारी, बौद्ध, काठमाण्डौ

सम्पूर्ण मानव समुदायको लागि परिवर्तन भन्नु नै चेतनाको लहर बढ्दै जानु हो । चेतनाको अभावमा समाज जहाँको तहीं रुमलिरहने मात्र नभई अधोगतिमा जाने प्राय: निश्चित हुन्छ नै। परिवर्तनको सिधा अर्थ विकास पनि हो, जुन समुदायमा रहेका व्यक्ति विशेषमा आउने चेतनामा निहीत रहन्छ। यसको दुरगामी असर परिवार अनि समाज हुदै समग्र मुलुकमा नै तरङ्गित हुनपुग्छ। अर्कोतिर गौण गरेर हेर्ने हो भने पारिवारिक अचेतनाको प्रत्येक्षे प्रभाव पनि नयाँ सन्ततिहरुमा पर्ने त भयो नै। यसै वास्तबिक्ताको सेरोफेरोमा रहेर म आफू स्वयम्ले अनुभव गरेको एउटा ताजा प्रसङ्गलाई पेशगर्न चाहन्छु। जुन यथार्थ जो कोहीले सुन्दा सामान्य झै लागेपनि सिङ्गो किरात समुदायमा आफू समय सापेक्षे भएर ज्ञान र ध्यान दिनेहरुका लागि भने सान्दर्भिक हुन सक्छ र मननयोग्य पनि।

नेपालको पूर्वी पहाडि जिल्ला इलाम जहाँ विविध जातजातिहरुको सँगमस्थल रहेको मानिन्छ; यो ठाउँ चिया, अलैची, अदुवा, अम्लिसो(अम्रेसो) लगायत अन्य थुप्रै नगदेबाली अनि प्राकृतिक सौन्दर्यताले बाह्रैमास सजिएको छ। मनै लोभ्याउने यहाँको रमणीय वातावरणका अतिरिक्त आफ्नो जन्मथलो हुनुको कारणले पनि अझ बढि प्यारो लाग्छ यो ठाउँ मलाई। पूर्वतर्फ भारतको दार्जिलिङ्गसँग सिमाना जोडिएको एक महत्वपूर्ण पूर्वी नाका पशुपतिनगरको नामले चिनिने मेरो जन्मथलोको सामाजिक संरचना भन्नु नै बहुजाति र मिश्रित् संस्कृति एवं द्वैदेशीय परम्परामा आधारित छ।

उसै त नगन्य मात्रामा राईहरुको बसोबास रहेको यो बाक्लिदो बजारक्षेत्रमा मात्र दुई घर कोयीराई रहनुले अन्य जातिहरुको संस्कृतिको प्रत्यक्षे प्रभाव पर्ने त भयो नै। त्यहीं एक्लो घरपरिवारमा म आफू पनि हुर्केको हुनाले आफ्नो मौलिकतामा रम्नु भन्दानि अरुको देखासिकी गर्दैमा पूरै बाल्यकाल बित्यो। आज आएर ज्ञान बल्ल खुल्दैछ कि आफ्नो मौलिकता गुमाएको मान्छे बिन्दबिनाको कस्तुरी समान भइने रहेछ र आफ्नो कूल नै ओझेलमा परेको महशुस हुदो रहेछ। ती बिगतको अनुभवले सिकाएको पाठ भन्नु नै आफू बाँचेतापनि मौलिक संस्कार र संस्कृति बचाउन सजिलो हुदोरहेनछ। तब पो मौलिकता गुमाएर बाँच्नुको पीँडालाई नै पनि शब्दमा समेट्न कहाँ सकिदो रहेछ र।

बाबु कोयीराई र आमा बान्तवाराई दुबैजना आ-आफ्नो मातृभाषामा पोक्त भैकन पनि परिवारिक बोलचालमा साझा माध्यम भाषाको रुपमा पर्बतेभाषा नै चल्थ्यो। बाबु-आमा दुबैजनाले आफ्नो मातृभाषा बोल्ने गर्नुपर्छ त भन्ने गर्नुहुन्थ्यो, तर हामी भने बोल्न लाज मान्थ्यौं र यो त पहिलेका बुढापाकाहरुले मात्र बोल्ने भाषा हो, हामी नयाँ जमानाको मान्छेलाई के काम, भन्दै उल्टै गिल्ला गर्थ्यौं। त्यसैले पनि दुई-चार शब्द बाहेक मातृभाषाप्रति परिवारमा हामी अनविज्ञ नै रह्यौं। अरु जातिहरुको बाहुल्यता र हेको त्यस समुदाय बीच आफू र आफ्नो परिवार नितान्त एक्लो झै लाग्ने मात्र नभई त्यस वातावरणमा मातृभाषा बोल्नुको औचित्यप्रति नै सचेत थिएनौ हामी। बरु त्यसको अलवा जानि-नजानि हिन्दी भाषामा कुरा गर्न लालयित हुन्थ्यौं। किनकि त्यसो गर्न हाम्रो रहर मात्र नभएर त्यहाँको वाताबरणको उपज थियो। तिनै परिबेशमा हुर्कदै आजको अवस्थासम्म आईपुग्दा आफू बल्ल झल्यास्स ब्यूँझेको महसुस हुदैछ।

बैबाहिक बन्धनमा बाँधिएयता नौलो परिवेशमा म कहिलेकाहीँ अतित्लाई सम्झदै वर्तमानलाई नियाल्न यसकारण बाध्य हुन्छु कि उता कहाँको एक्लो आफ्नो कोयी(माइति)राई परिवार रहेको गाऊँ-पशुपतिनगर, यतातिर भने नितान्त मातृभाषी दुमीराईगाऊँ-नोरुङ्ग। स-साना बालबच्चादेखि बृद्ध बाबु-आमाहरु हरेकले आफ्नो मातृभाषामा मात्र भलाकुसारी गर्ने मौलिक परम्परा आजसम्म पनि जीवित रहेको एकल जातीय दुमी राईगाऊँ, जहाँ एकाध कोही आगन्तुकहरुसँग पर्वते भाषामा नै कुराकानी गरेपनि स्पष्टै किराती लवजको आभाश हुने त्यहाँको नौलो वातावरण पाउदा म एकातिर अचम्भित भएँ भने अर्कोतिर मेरो कर्मको रोजाईमा परेको त्यो सुन्दर किराती राईगाऊँमा पुग्न अनि आफ्नो मौलिक किरात संस्कार र संस्कृतिको प्रत्येक्षे अनुभव गर्न पाउदा आफूलाई थोरै भाग्यमानी किरात चेलीहरु मध्येको एकजना महसुस गरेकोछु।

मैले पढेको र सुनेकोसम्म थिएँ कि मान्छेमा चेतना जाग्नको लागि कित ठाउँ फेर्नुपर्छ, त्यो पनि सम्भव नभएमा ठाऊँहरु घुम्न र हेर्न सक्नुपर्छ। हालको मेरो दिनचर्या त्यहि भएकोछ कि नौलो ठाऊँमा पुगेपछि आफूले आफैलाई चिन्ने अवसर पाएकोछु। बचपनमा आफूले आफैलाई ठान्ने गरेको आधुनिक जमानाको म मान्छे बल्ल आज आएर आफ्नोपनको दुनियालाई चिन्दैछु। यद्यपि जान्न-बुझ्न भने धैरै भन्दा धैरै नै बाँकी छन्। नोरुङ्ग पुग्दा बिर्सनै नसक्ने गरी घटेको एउटा ताजा घट्ना सदा मेरो दिमागमा नाँचिरहन्छ। दुमीमय त्यहाँको बिछट्टै नोलौ परिवेशमा म ट्वाल्ल परेर बसिरहेको देखेर होला, आफ्नो मातृभाषा बोल्न आउछ कि आउदैन ? भनेर राखिएको जिज्ञासामा 'मैले आउदैन'को जवाफ दिदा आश्चर्य मान्दै आफ्नो भाषै

नजान्ने राईहरु पनि हुन्छन् र ? भन्ने प्रतिप्रश्न थपिदा लाजले मरेतुल्य हुदै पहिले बाबु-आमाले दिएको अर्तिलाई सम्झैं। बेलामा मातृभाषाप्रति वास्ता नगर्नाले निरीह बन्नुपरेको त्यो क्षेणलाई सम्झदा आजसम्म पनि पछुतो लागिरहेछ।

किन्तु हरेक गहिराइसँगै समान उच्चाइ भेटिए झैं देश-पर्देशमा छरिएर रहेका सचेत दुमीराईहरुको पवित्र साझा उद्धेश्य अनुरुप जन्मथलोदेखि टाढा रहेर नै भएपनि उनै दुमी समुदायका निन्ति लागिपर्ने अग्रज तथा बौद्धिक दुमीराई व्यक्तित्वहरुको अथक प्रयासद्वारा स्थापित दुमी किरात राई फन्सिकिम (दुकिराफ)ले बिगत छ बर्षदेखि आफ्नै भाषिक पत्रिका इसिलिम मार्फत् निरन्तर रुपमा सन्देश प्रबाह गरी म जस्ता थुप्रै जिज्ञासु पाठकहरुका लागि औधि गुण लाएको छ र जागरुक पनि बनाएको छ। जसका लागि सबै सज्जन दुमीहरु लगायत विशेष यस संस्था दुकिराफ अनि इसिलिम परिवार धन्यबादका पात्र हुनुहुन्छ। मिश्रित संस्कारमा आफ्नो पुर्ख्यौली चालचलन बिलिन हुन लागेको पृष्ठभूमीबाट आफू हुर्किआए पनि भावनात्मक रुपमा एक ढिक्का भएर आफ्नो चिनारीलाई अक्षुर्ण्ण राख्न सक्षम दुमी राई समुदायमा म आफूले प्रबेश पाउदा मलाई गर्ब लागेको छ। जुन अब्यक्त गौरबतालाई शब्दमा समेट्न सकिरहेको छैन मैले।

इसिलिम हरेक अंकमा प्रकाशित किरात मौलिक संस्कार र संस्कृति, पौराणिक इतिहास एवं आफ्नो जातीय पहिचान सम्बन्धि लेख-रचनाहरु अनि आफ्नो मातृभाषाप्रति मोह बढाउने खालका बौद्धिक खुराकहरु अध्ययन गर्न पाउदा दुमीराई भाषा सिक्ने मेरो ब्यक्तिगत अभिलाषामा थप उर्जा मिलेको महसुस गरेकी छु। हुन सक्छ, यस किसिमको अनुभूति म जस्ता अन्य पाठकहरुलाई पनि ...। इसिलिममा नारी सहभागिताको अभावलाई आत्मसात् गर्दै मनका खुल्दुलिहरुलाई दिमागभित्रै मात्र कैद गरि राख्नु भन्दा इसिलिमका पाठक एवं शुभचिन्तकहरु सबैसँग बाँडि राख्न मनासिब ठानी जानि नजानि यी शब्दहरु जोहो गरेकीछु। आशा छ, मेरो यो झिनो प्रयासलाई विज्ञ पाठकहरुले लेख-रचना नठानेर नारीहरुको साझा अनुभूतिको रुपमा स्विकार्नु हुनेछ।

अन्तमा हामी सबै दुमीराईहरुको आशा र भरोशा अनि आस्था र बिस्वासको केन्द्र 'दुकिराफ'ले पहल गर्नुपर्ने अनगिन्ति अभिभाराहरु छन् नै। ती मध्ये अतुलनीय सम्पतिको रुपमा प्रचलनमा रहिआएको आफ्नो मातृभाषा 'दुमीराईभाषा'लाई दिनानुदिन लोपहुदै जानुबाट बचाई सबै दुमी समुदायमा आफ्नो मौलिक लोलिबोलिको रुपमा स्थापित गर्न सक्नेमा शंका नरहला नै। मूचि !

# सन्देश



लक्ष्य दुमीराई, सप्तेश्वर–२
छेराडाँडा, खोटाङ्ग

आफ्नो भाषा धर्म जोगाउँ
हामीलाई कन्द्रो चन्द्रो टपरेहरूले।
अर्नाको सिङ्को बिकुल फुकी
एकजुट भएर उठ्नौ पर्छ
आफ्नो भाषा धर्म संस्कृति भेषभुषा
हामीले बचाउ नै पर्छ।
भूमि पुत्र भनि
चिन्दछन् सवै किरातहरूलाई
कसैको सहानुभूति र दाईजो
माग्नु पर्दैन हामीलाई
हाम्रो रीतिरिवाज माथि
ओभेल पार्नेहरूलाई
निन्द्राबाट ब्यूँझिसके किरातहरू
छाड्दैनन् अब कदापी तिनीहरूलाई
विहानको नव कान्तिसंगै
जाग है सवै किरात बंशजहरू
धुर्पोरि, कन्द्रो चन्द्रो टपरे
चाहिंदैन अव कसै अरू
किरात धर्मको सेतो कात्रो
ओढेर प्रचार गर्ने चन्द्रो साधुहरूलाई
हाम्रो चुलामा चल्दैन भनीदिउ
सन्त महन्त मगन्तेहरूलाई
चन्द्रो साधुहरू बनाउने महागुरुहरूलाई
हाम्रो भूमि माथि रगतको होली खेल्ने
ध्वाँसि सेरहरूलाई
सवासेर होईन आउँदैछन् नुरुहाङ
सुनाई देउ किरात सन्देश तिनीहरूलाई।

**दुमी किरात राई फन्सिकिममा आजीवन सदस्यता ग्रहण गर्नुहुने महानुभावहरुको बद्दोक्रम**

श्रमिती मनकुमारी खबचु (साम्पाङ्ग) राई, महाराजगञ्ज
श्री रामबहादुर खबचु राई, जाल्पा, खोटाङ्ग
श्री राजेन्द्र खबचु राई, जाल्पा, खोटाङ्ग
श्री दीप कुमार सत्म राई, सप्तेश्वर, खोटाङ्ग
श्री प्रेम भक्त सत्म राई, बाक्सिला, खोटाङ्ग
श्री गणेशभक्त सत्म राई, सप्तेश्वर, खोटाङ्ग

# स्वास्थ्यको लागि निद्रा

निद्रा सम्बन्धि उपयोगी जानकारीः-

१. They can do most who sleep best.
(जो गाढा निद्रा सुत्न सक्छ, त्यहि व्यक्तिले सबै काम गर्न सक्छ ।)

२. जो व्यक्ति शब जस्तो अवस्थामा पूर्ण आराम लिन सक्छ त्यो नै गाढा निद्रा हो ।

३. निद्रा हराउनु नै रोगको सुरुवात हो ।

४. तीन घण्टाको गाढा निद्रा आठ घण्टाको सामान्य निद्रा बराबर हुन्छ ।

५. गाढा निद्रामा कुनै सपना देखेको हुदैन ।

६. मस्त निद्रामा रहेको अवस्थामा बच्चा, बुढा कसैलाई पनि उठाउनु राम्रो होइन ।

७. बच्चा, बृद्ध, गर्भिणी महिला एवं रोगीहरुलाई बढी निद्राको आवश्यकता हुन्छ ।

८. निद्रा सम्बन्धि विभिन्न प्रयोगहरुका आधारमा स्वस्थ रहनको लागि-

| | | |
|---|---|---|
| १ – ६ हप्ताको बच्चा | २२ | घण्टा |
| १ – २ बर्षसम्म | १८ | " |
| २ – ३ " | १५–१७ | " |
| ३ – ४ " | १४–१६ | " |
| ४ – ६ " | १३–१५ | " |
| ६ – ९ बर्षसम्म | १०–१२ | घण्टा |
| ९ – १३ " | ९–१० | " |
| १३ – १५ " | ८–१० | " |
| १५ बर्ष भन्दामाथि | ६–८ | " सुत्नु जरुरी हुन्छ । |

## कसरी हुन्छ छोरा वा छोरी?

परम्परागत् धारणाको घेराबाट बाहिरिएर बैज्ञानिक आधार लाई अढेसो लगाई तर्क गर्ने हो भने छोरा या छोरी हुनका लागि मुख्य भूमिका पुरुषको हुन्छ । बैज्ञानिक परिक्षणबाट प्राप्त तथ्य अनुसार पुरुषमा रहेको शुक्रकिटमा X क्रोमोजोम र Y क्रोमोजोमयुक्त गुणसुत्रहरु हुन्छन् । यदि सम्भोगपछि गर्भधारण हुन पुगेको शुक्रकिटको भाग X क्रोमोजोम छ भने त्यसबाट छोरी र Y क्रोमोजोम छ भने छोरा हुने कुरा बिज्ञानले किटान गरेको छ । गर्भधारणको लागि पुरुषको शुक्रकिट पाठेघरसम्म पुग्न अनिबार्य छ । छोरा जन्मने Y गुण सुत्र गोलो सानो आकार र छोरी जन्मने X गुण सुत्र अन्डाकारमा ठूलो हुन्छ । Y क्रोमोजोम सानो हुने हु पाठेघरसम्म पुग्नका लागि योनीमाभएको अम्लीयपनले बाधापुर्‍याउ छ । यौननलीबाट पाठेघर सम्म शुक्रकिट पुग्न शुक्रकिटले अम्लीयपन र छारपनका दुई तरल योनी रससँग जुध्नुपर्ने हुन्छ । छोरा या छोरी पाउनका लागि महिनावारी भएको १२ देखि १६ दिनको बीचमा महिलामा एक प्रकारको यौनरस आउँछ । जसलाई ओबुलेसन भनिन्छ । ओबुलेसनको समय मिलाएर यौनसम्पक्र गर्दा चाहेको बच्चा जन्मने सम्भावना धेरै हुन्छ । यदि छोरा पाउने हो भने ओबुलेसनको दुई वा तीन दिनअघि नै यौनसम्पक बन्द गर्नुपर्छ । यसका लागि नजिकको डाक्टरसँग सल्लाह लिदा राम्रो हुन्छ ।

-साभार, साप्ताहिक विमर्श,

जेठ २२–२८, २०६१

## गर्भ नरहने दिनहरु

सामान्यतया महिनावारीचक्र भएकी कहिलामा डिम्ब निष्कासन सुरु हुने दिनको लगभग १४ दिनअघि हुन्छ । यो अवस्थामा पुरुषको शुक्रकिटसँग मिलाप भई गर्भधारण भएन भने पनि उक्त डिम्ब दुई दिनसम्म जीवित नै रहन्छ र यौन सम्पर्कपछि पुरुषको लिङ्गबाट योनीमा प्रवेश गरेका शुक्रकिटहरु चार दिनसम्म जीवित रहन पनि सक्छन् । जसले डिम्बलाई निषेचन गर्न सक्छ । यसबाट के बुझ्नुपर्छ भने डिम्ब निष्कासन हुने अधिका चार दिन र भएपछिका चार दिनमा यौनसम्पर्क गरि एन भने गर्भ रहने सम्भावना कम हुन्छ । महिनावारीको सुरु दिनदेखि छ दिन र सुरु हुनुअधिका दश दिनहरुमा यौनसम्पर्क राखियो भन गर्भधारणबाट जोगिन्छ । सामान्यतया महिनावारी भएको १७ औं दिनदेखि २८औं दिनसम्मको समयलाइ सुरक्षित मानिन्छ । प्राकृतिक रुपमा महिलाहरुको महिनावारी चक्रलाई एकदेखि ५ दिनसम्म रक्तश्राव समय, ८ देखि १६ दिनसम्म गर्भधारण समय र १७ देखि २८ दिनसम्मको समयलाई सुरक्षित समय भन्ने गरिन्छ ।

**-सम्पादक**



# "दुमीहरूको पहलमा रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड स्थापना"

- सुजन छछपा हदी दुमीराई

नेपालका विभिन्न जिल्लाबाट काठमाण्डौ आई विभिन्न पेशामा संलग्न रही काठमाण्डौमा अस्थायी तथा स्थायी बसोबास गरि रहेका दुमी किराँत राई माफ आर्थिक वित्तिय, व्यापवरिक र व्यावसायिक क्रियाकलाप अभ्यास दुमि किराँत राई समुदायको लागि र वर्तमानकृ अपरिहार्य आश्यकता बनिसकेको छ । भावि सन्तती र दशको अर्थतन्त्रमा हामीले दिन सक्ने योगदानको लागि एक साझा आर्थिक मञ्चको महशुश गरी दुमी किराँत राईहरूको पहलमा "रिजेन्सी बहसउद्देश्यीय सहकारी संस्था" को स्थापनार्थ मिती २०६०/९/१६ मा दुमी राईहरूको प्रारम्भिक भेलाले विभिन्न प्रस्तावहरूमाथि छलफल गरि निर्णयहरूसमेत पारित गऱ्यो। संस्था स्थापना गर्ने निर्णय, संस्थाको नाम, ठेगाना सम्बन्धमा संस्थाको उद्देश्य र कार्य क्षेत्र सम्बन्धमा (काठमाण्डौ महानगरपालिकाको वडाहरु ९ ३३, ३४, ३५ र काठमाण्डौ जिल्लाको फुडुङ गा.वि.स.) संस्थाको विनियम पारित गर्ने सम्बन्धमा संस्थाको वार्षिक कार्य योजना सम्बन्धमा खाता सञ्चालन सम्बन्धमा (एभरेष्ट वैङ्क नयाँ बानेश्वरमा, नेत्रमणि हलक्स राई, चतुरभक्त सत्म राई, सुजन ददि राईका नामबाट संस्था दर्ता नभएसम्म सञ्चालन गर्ने) अधिकार प्रत्यायोजन सम्बन्धमा, शेयर मुल्य र प्रवेश शुल्क सम्बन्धमा) एक शेयर बराबर रू १०० र प्रवेश शुल्क वापत रु १०० गरी जम्मा रू २०० ले जो सुकै नागरिक संस्थाको विनियमको अधिनमा रहि सदस्य बन्न सक्ने र तदर्थ सञ्चालकहरु चयन (अध्यक्ष-चतुरभक्त राई, उपाध्यक्ष-गुणराज राई, सचिव-सुजन राई, कोषाध्यक्ष-नेत्रमणि राई, सदस्यहरु-क्या. नैन बहादुर राई, राम कुमार राई र नृप राई) गर्ने विविध निर्णयहरु पारित गऱ्यो । मिति २०६०/११/६ म गोठाटार गा.वि.स. नेत्रमणि हलक्सु राईको निवासमा विशेष भेला वसि संस्थाको नाम परिवर्तन गर्ने (पहिलो नामको यलम्बर बहुद्देश्यीय सहकारी संस्थाबाट रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्था राख्ने) निर्णय पारित गरियो ।

सहकारीको संसोधित पछिल्लो नियमावलि र निर्देशिकाले सहकारी दर्ता प्रकृयालाई जटिल र कार्यक्षेत्रलाई साँघुरो बनाई दिएको छ । तर यस कार्यका लागि संस्थासँग आवद्ध शेयर सदस्यहरू (जो अधिकांश दुमी किराँत राईहरु हुनसहसन्छ) र हाम्रो सामुब्हिक सहकार्यको भावनालाई कदर गरेर संस्थामा स्वस्फुर्त रुपमा सहकार्य गर्न चाहनुहुने आफन्तहरुले जुन विश्वास र भरोसाले हामीलाई साथ दिनुभयो। त्यसैको परिणाम स्वरुप दर्ताको लागि आवश्यकीय सम्पूर्ण कागजातहरू जुट्न सक्यो। मिती २०६०/११/१२ गते संस्था दर्ताको लागि जिल्ला सहकारी कार्यालय बिजुलीबजारमा निवेदन पेश गऱ्यो । जिल्ला सहकारी कार्यालय काठमाण्डौले दुमी किराँत राईहरूको आर्थिक जागरुकताकाले सहकारी अभियानमा टेवा पुऱ्याउने भरोसाका साथ मितीं २०६०/१२/१२ गते दर्ताको प्रमाण पत्र (दर्ता प्रमाणपत्र नं. ८२७/०६०/०६१) प्रदान गऱ्यो । यसको कार्यालय काठमाण्डौ महानगरपालिकाको वडा नं. ९ गौशाला चोकमा स्थापना भई कार्य सञ्चालन प्रक्रिया अगाडि बढाइसकेको छ ।

संस्थाको कार्यालय स्थापना पश्चात मिती २०६१/०६/१६ गते सम्पूर्ण शेयर होल्डरहरूको प्रारम्भिक साधारण सभा संस्थाको तदर्थ अध्यक्ष श्री चतुरभक्त राई ज्यूको अध्यक्षतामा एसोसियट्स बचत तथा ऋण सहकारी संस्थाको कार्यालय चावहिलमा सम्पन्न भयो । उक्त प्रारम्भिक साधारण सभाले विविध प्रस्तावहरू माथि छलफल गरी निर्णयहरु समेत अनुमोदन गर्दै सञ्चालक समिति तथा लेखा र शिक्षा उप-समिति गठन गरिएको छ । विभिन्न समितिहरुमा तपसिल बमोजीमका सदस्यहरू रहेका छन् ।

**सञ्चालक समिति**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | : चतुरभक्त राई |
| २. | उपाध्यक्ष | : सुजन राई |
| ३. | सचिव | : नेत्रमणि राई |
| ४. | कोषाध्यक्ष | : अशोक कुमार राई |
| ५. | सदस्य | : गुणराज राई |
| ६. | " | : राम कुमार राई |
| ७. | " | : टप कुमार राई |

**लेखा समिति**

| | | |
|---|---|---|
| १. | संयोजक | : गुणराज राई |
| २. | सदस्य | : अशोक कुमार राई |
| ३. | सदस्य | : शकुन्तला राई |

**शिक्षा-उप समिति**

| | | |
|---|---|---|
| १. | संयोजक | : नेत्रमणि राई |
| २. | सदस्य | : श्रीमती सरिता राई |
| ३. | " | : नृप राई |

रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्था दुमी किराँत राईहरुको नेतृत्वमा र पहलमा स्थापना भएता पनि यसले सहकारी अभियानमा संलग्न हुन चाहने सबै सहकारी कर्मीहरूलाई ढोका खुला राखेको छ । सहकारी भावनालाई आत्मसात गर्दै आर्थिक सामाजिक र साँस्कृतिक क्षेत्रमा पिछडिएका समुदायलाई जागरुक बनाई आयमुलक, सीपमुलक र रोजगारमुलक व्यवसाय सञ्चानलको लागि सबै शेयर सदस्यहरूको दक्षेता अभिबृद्धि गर्ने रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्थाको लक्ष्य र उद्देश्य रहेको छ ।

सम्पूर्ण दूमी किराँत राईहरुलाई आर्थिक, वित्तिय, व्यापारिक र व्यावसायिक रुपले एकबद्ध गराई समुदायको उत्थान र राष्ट्र निर्माणमा रिजेन्सी बहुउद्देश्यीय सहकारी संस्थाको भूमिकालाई सबल र बृहत बनाउनु हामी सबैको दायित्व बनेको छ ।

**मुचि ।**

.....जनजाति शब्दबारे यहाँ प्रश्न उठ्छ जनजाति को, कसलाई, किन र कुन आधारमा मान्ने ? यसको ब्यख्या कतै भएको पाइन्न । अतः नेपाल जनजाति महासंघको विधान, २०४७ लाई अध्ययन गर्दा धारा २(ग) ले "जनजाति भन्नाले हिन्दु वर्णाश्रम ब्यबस्थाको संरचनाभित्र नपर्ने नेपालका आदिवासी एवं मूलजातिहरुलाई जनाउँछ" भनी परिभाषा गरेको रहेछ । जनजातिबारे महासंघले गरेको यो परिभाषा पनि चित्तबुझ्दो छैन, अस्पष्ट छ । ..... पृष्ठ ११४

.....नेपालमा "जनजाति" शब्द नौलो छ । तसर्थ नेपाली विद्वानहरुले यसको परिभाषा गर्ने चेष्टा गर्दैछन् । जी. बी. लुगुनका अनुसार "जनजाति" भनेको जसको इतिहासको चक्का उल्टो दिशातिर घुमाइदिएको छ, जसको इतिहास हराउनै लागको छ, जसको भाषा हराउनै लागिरहेको छ, जसको अस्तित्व यहाँ मूल्याङ्कन हुदैन, त्यसलाई नै भन्छ "जनजाति" ।..... पृष्ठ ११५

.....उक्त सर्वेक्षणमा प्रत्यक्ष सहभागी हुनुहुने डा. नोबल किशोर राईज्यूले हालसम्म नेपालमा बोलिने राई भाषाहरु मध्ये २८ वटा भाषाहरु अस्तित्वमा रहेको जानकारी दिनुभएको छ । जस अनुसार किरात राईभाषाको अवस्था देशब्यापी रुपमा गाबिसको आधारमा लिँदा-

| | | | |
|---|---|---|---|
| प्रथम स्थानमा | बान्तवा | १२८ | गाविस |
| दोश्रो ,, | चामलिङ | ९२ | ,, |
| तेश्रो ,, | थुलुङ्ग | ३४ | ,, |
| चौथो ,, | कुलुङ्ग | २८ | ,, |
| पाचौं ,, | साङ्गपाङ्ग | २३ | ,, |
| छैटौं ,, | खालिङ्ग | १९ | ,, |

यसर्थ यसै प्रतिबेदनको तथ्याङ्कलाई भरपर्दो आधार मानी किरात राई भाषाहरु -

| | | | |
|---|---|---|---|
| १. | आठपहरे | २. | वाहिङ्ग |
| ३. | बान्तावा | ४. | बेल्हारिया |
| ५. | बुंगला | ६. | विक्सी |
| ७. | चाम्लिङ्ग | ८. | छुलुङ्ग |
| ९. | चौरसिया | १०. | छुक्वा |
| ११. | दुमी | १२. | दुङमाली |
| १३. | जेरोङ्ग | १४. | कुलुङ्ग |
| १५. | लुम्बायाक्खा | १६. | लाम्बिछोङ्ग |
| १७. | लिंगखिम् | १८. | लोहरुङ्ग |
| १९. | याक्खा | २०. | साम् |
| २१. | मेवाहाङ्ग | २२. | नाछिरिङ्ग |
| २३. | पुमा | २४. | साङ्गपाङ्ग |
| २५. | फांगदुवाली | २६. | तिलुङ्ग |
| २७. | थुलुङ्ग | २८. | खालिङ्ग |

गरी जम्मा २८ वटा लिइएको छ ।

.....हुनत हान्सन(१९९१) तथा निशी(१९९२) का अनुसार राई भाषाहरु ३२ वटा भएको उल्लेख गरिएको छ ।..... पृष्ठ ३२, **निप्सुङ साकेला विशेषाङ्क**, २०५४, किरात राई भाषिक समस्याः... –के.आर. खम्बु ,संयोजकः किरात राई भाषा तथा साहित्य परिषद, दमक, झापा (नेपाल)

| | | | |
|---|---|---|---|
| १. अम्बुले, | २. थुलुङ्ग, | ३. खालिङ्ग, | ४.दुमी, |
| ५. कुलुङ्ग, | ६. बान्तावा, | ७. जेरङ्ग, | ८.वाहिङ्ग, |
| ९. तिलुङ्ग, | १०.कोयु/कोयी, | ११.नाछिरिङ्ग, | १२.साङ्गपाङ्ग, |
| १३.मेवाहाङ्ग | १४.चाम्लिङ्ग, | १५.पुमा, | १६. याम्फु, |
| १७. दुङमाली(खेसाङ), | १८.याक्खा, | १९.लोहरुङ्ग,. | २०.बेलहारे, |
| २१.आठपहरिया, | २२.फांगदुवाली, | २३.छिन्ताङ्गे, | २४.मुगाली, |
| २५.छिलिङ्ग, | २६.चुक्वा, | २७. लिङ्गखिम(साम) | |

...पृष्ठ ४०, **निप्सुङ साकेला विशेषाङ्क,** २०५६, किरात राई भाषा स्वाडेश सय शब्द...

–के.आर. खम्बु ,सयोजकः किरात राई भाषा तथा साहित्य परिषद, दमक, झापा (नेपाल)

**जनगणना २०५८ मा मातृभाषा बोल्ने किरात जनसँख्या**

| मातृभाषा | जनसंख्या | मातृभाषा | जनसंख्या |
|---|---|---|---|
| लिम्बु | ३,३३,६३३ | ११. बाहिङ राई | २,७६५ |
| सुनुवार | २६,६११ | १२. कोयी ,, | २,६४१ |
| याक्खा | १४,६४८ | १३. याम्फू ,, | १,७२२ |
| १. बान्तवा राई | ३,७१,०५६ | १४. छिलिङ ,, | १,३१४ |
| २. चामलिङ्ग ,, | ४४,०९३ | १५. लोहरुङ ,, | १,२०७ |
| ३. कुलुङ्ग ,, | १८,६८६ | १६. मेवाहाङ | ९०४ |
| ४. थुलुङ्ग ,, | १४,०३४ | १७. तिलुङ ,, | ३१० |
| ५. साङपाङ ,, | १०,८१० | १८. जेरुङ ,, | २७१ |
| ६. खालिङ्ग ,, | ९,२८८ | १९. दुङमाली ,, | २२१ |
| ७. दुमी ,, | ५,२७१ | २०. लिङखिम ,, | ९७ |
| ८. वाम्बुले ,, | ४४७१ | २१. साम ,, | २३ |
| ९. पुमा ,, | ४,३१० | २२. छिन्ताङ ,, | ८ |
| १०.नाछिरिङ ,, | ३,५५३ | | |

...पृष्ठ ९, **यायोक्खा निप्सुङ,** वर्ष ९, पूर्णाङ्क१६, असोज ०५९

किरात जाति तथा मातृभाषागत जनसँख्या २०५८ (२००१)

| किरात जाति | कूल नेपाली मध्ये | | मातृभाषी | |
|---|---|---|---|---|
| | जनसँख्या | प्रतिशत | जनसँख्या | प्रतिशत |
| राई | ६,३५,१५१ | २.७९ | ४,९७,०५५ | ७८.२६ |
| लिम्बु | ३,५९,३७९ | १.५८ | ३,३३,६३३ | ९२.८४ |
| सुनुवार | ९५,२५४ | ०.४२ | २६,६११ | २६.८९ |
| याक्खा | १७,००३ | ०.०७ | १४,६४८ | ८६.१५ |
| जम्मा | ११,०६,७८७ | ४.८६ | ८,७१,९४७ | ७८.७८ |

...पृष्ठ ९, **यायोक्खा निप्सुङ,** वर्ष ९, पूर्णाङ्क१६, असोज ०५९

कथा

# संकल्प



- नृप दुमीराई
सप्तेश्वर–८, चिउरीखर्क, खोटाङ्ग

श्रावण महिनाको साँझ, सिमसिम पानी परिरहेकोले वातावरणमा केही त्रासदी छाएको छ । अलि पर शहरमा झिलिमिली बिजुली बलेको छ्याङ्ङै देखिन्छ, गाडीका आवाजहरू पनि प्रष्टै सुनिन्छ त्यहाँबाट । लालटिनको मधुर प्रकासले अन्धकारलाई भगाउने प्रयास गरेता पनि पूर्णरूपमा सफल नभएको हो कि जस्तो लाग्ने झुपडिमा अध्ययनमा एकाग्र छ राज । राज त्यो छात्र हो, जसले कक्षामा आजसम्म दोस्रो हुनु परेको छैन । उसको प्रतिभा देखेर सबै शिक्षक विद्यार्थीहरू प्रभावित छन् ऊसंग । अहिले राज आफ्नो "संकल्प" शीर्षक रहेको कविता दोहोऱ्याई-तेहऱ्याई हेरिरहेको छ जुन आज कलेजको प्रतियोगितामा सर्वोत्कृष्ट भएको थियो । यस्तैमा झरीले निथ्रुक्क भिजेर राजका बुबा आमा घर आइपुगे । किन-किन आज उनीहरू निरास मुद्रामा देखिन्छन् । सबै मौन छन्, यसले गर्दा घरको वातावरणमा पनि केही नरमाईलो छाएको छ ।

मौनतालाई भङ्ग गर्दै राजका बुबा बोले "छोरा आजदेखि हामी बुढाबुढी उमेरको कारण जागिरबाट रिटायर्ड भयौं । तिमीलाई धेरै पढाउने हाम्रो धोको अधुरो नै रहने भयो । अब त घर व्यवहार धान्न पनि गाह्रो पर्ने भयो । तै तिम्रो लागि केही हेरविचार गरी दिनु पऱ्यो भनेर मेनेजर साहेबलाई भनेको छु , विचार गरौंला भनेका छन् । तिमीलाई कुनै जागिर मिलिहाल्छ कि ।

यतिकैमा आमा भन्न थाल्छिन्, "बाबु गार्मेण्टमा काम गरेको पनि ठ्याक्कै अठार वर्ष भएछ । तिमी जन्मेको बर्षदिनपछि पाँचै वर्षको उमेरमा तिम्री दिदीले यो संसार छोडीहालिन् । त्यही साल हामीले गाउँ छाडेको । त्यो दूरदेशमा त्यस बेला ओखतीमुलो भन्ने थाहा नै थिएन । विजुवाहरु त कतिलाई हेराइयो भनेर साध्य नै छैन । पछि पो थाहा भयो, दादुरा भन्ने रोग लागेको रहेछ, त्यसको लागि त सुई लगाउनु पर्थ्यो रे । त्यसपछिको दुःख हण्डर त बताई सक्नु छैन । त्यही भएर तिमीलाई समयमा स्कूल पठाउन सकेनौं । "आमा स्टोभमा दम दिदै भन्न थाल्छिन् "आफू जन्मे हुर्केको त्यो ठाउँ आज आफैलाई विरानो भयो ।" आमा लामो श्वास तान्छिन् राज चुपचाप सम्पूर्ण कुरा सुनिर हेको छ ।

खाना खाएर सवै जना सुत्छन् तर राजलाई पटक्कै निद्रा लाग्दैन । उसका मनमा अनेकौ कुराहरू खेल्न थाल्छ । पल्लो कोठामा बुबा आमाको गन्थन पनि सुनिरहेको छ उ । यस्तैमा उ कतिखेर निदायो पत्तै भएन ।

सपनामा उसले मुनालाई भेट्यो, जो कलेजको सबै भन्दा आत्मिय साथी हुन् । राजको व्यवहार, अनुशासन, पढाईप्रतिको लगाव आदि कारणले गर्दा मुना पनि राजसित साह्रै प्रभावित छिन् । उनी हरसमय राजको सामिप्यतामा रहन मन पराउछिन् । मुनाको राजप्रतिको आत्मियता समर्पण जस्तै छ । बहीदार कटुवाल बुढा खानदानकी एक्ली छोरी भएपनि मुना नाम जस्तै साह्रै नम्र र सालिन छिन् ।

राज मुनासंग सवै कुरा भन्न थाल्छ "मुना अव म कलेज पढ्न नसक्ने भए । मैले अव बुवा आमाको हेरविचार गर्नुपर्छ । उहाँहरू आजैदेखि जागीरबाट रिटायर्ड हुनु भयो । मैले पढाएको ट्यूसनले मात्र घर धान्न सकिन्न । अव मैले कुनै न कुनै जागिर खोज्नै पर्छ । त्यसैले मैले चाहेर पनि अध्ययनलाई निरन्तरता दिन नसक्ने भएँ । तिमी राम्रो पढ, परिवारको ईज्जत र कलेजको गरिमा उच्च राख्ने "संकल्प" गर । तिम्रो हरेक सफलतालाई म आफ्नो सफलता ठान्नेछु ।

मुना केहीवेर त निरूत्तर भई तर तुरून्तै राजलाई साहस दिदै भन्न थालिन् "राज तिमी जस्तो योग्य मान्छेको लागि संघर्षका अनेक मैदानहरू छन् र ती संघर्षका हरेक मैदानहरूमा तिमीले आफूलाई एक्लो नठान् । फेरी तिमी त संघर्ष नै जीवन हो, संघर्षविनाको जीवन यथार्थमा परजीवीपन हो भन्थ्यौ । ती तिम्रा बोलाईहरू केवल आडम्बर हुन् ? यदि यस्तो हो भने म तिमीलाई कहिल्यै माफ गर्ने छैन । तर मलाई विश्वास छ ती तिम्रा आदर्श हुन् जसवाट तिमी कहिल्यै पछि हट्ने छैनौ ।

* * * * * * * * *

ट्युसन पढ्न आउने केटाकेटीहरूको हल्लाले राजको निद्रा खुल्यो । विहानको सात बजिसकेछ । उसले हातमुख धोयो । अनिदोले गर्दा उसको आँखा राता राता भएको छ । केटाकेटीहरूलाई विरामी छु भन्ने वाहाना वनाएर घर फर्काईदिन्छ । उ वेचैन छ, रातीको सपनाले पनि कता-कता

भुस्काई रहेको छ । त्यसैबेला आमाले खाजा खान बोलाउँछिन् । कस्तो धेरै वेर सुतिएछ, अनि बुबा खै त आमा, राज सोध्छ ।

"बिहानै मेनेजर साहेबलाई भेट्न जानु भयो, दिउसो भिडभाड हुन्छ त्यसैले, आमा राजलाई बताउँछिन् ।

राज आज कलेज गएन, दिनभरी घरैमा बसी रह्यो ।

बुबा बेलुकी मात्र घर फर्किए ।

"मेनेजर संग के कुरा भयो त" , आमा सोध्न थाल्छिन् ।

"छोरालाई भोली पठाई दिनु, मैले पनि हेर्नुपर्छ, बुझ्नुपर्छ । जागिर मिलेपनि शुरूमा तान लगाउने, धागो काट्ने यस्तै कामहरू गर्नु पर्छ भने । भोली छोरालाई पठाईदिउँ जे त होला", जवाफ राजको बुबाको

* * * * * * * * *

राज कलेज नगएको पनि पन्ध्र दिन भईसक्यो । यतिका दिनसम्म पनि राज कलेज नआउँदा मुनालाई साह्रै चिन्ता लाग्न थाल्यो । कतै राज विरामी पऱ्यो कि वा कुनै ठूलै विपत्ति नै परेको छ कि ! भेट्न जान पनि घर चिनेको छैन, राज यस्तो मान्छे त होईन । यस्तै अनेकौ कुराहरू मुनाको मनमा आउने जाने क्रममा हुन्छ । त्यसैवेला एकजना साथीले राजले पठाएको चिठ्ठी मुनालाई दिन्छ ।

सहपाठी मुना,

म आज देखि कलेज आउन नसक्ने भएको छु । बलवान समयसंग मान्छेको केही नलाग्दो रहेछ । त्यो कलेज जसले मलाई ज्ञान दियो त्यसलाई म असमयमा नै छाड्दैछु । अनि ती साथीहरू, विषेश गरेर तिमीलाई पनि मैले गुमाउँदैछुकी जस्तो लाग्छ तर झिनो आशा भने पालेकै छु । यो मेरो रहर नभएर बाध्यता हो । मुना, तिमीले मेरो वास्तविकता थाहा नपाउनु नै राम्रो होला जस्तो लाग्यो । तिमीलाई ढाँट्न परेकोमा म दुखीत छु यसमा तिमीले मलाई माफ गर्नै पर्छ । अन्तमा तिम्रो उत्तरोत्तर प्रगतिको कामना गर्दै पत्रान्त गर्दछु ।

राज

चिठ्ठी पढिसकेपछि मुनाको मनमा अनेकौ कौतुहल उठ्न थाल्यो । मलाई ढाँट्नै पर्ने कस्तो बाध्यता पऱ्यो उसलाई, सामान्य अवस्थामा उसले मलाई ढाट्दैन । जे होस वास्तविकता बुझ्न उसलाई मैले भेट्नैपर्छ । मुनाले यस्तै सोची । दिनहरू वित्दै गए, अझसम्म भेट्ने कुनै माध्यम छैन । केही सीप नलागे पछि मुनाले एउटा उपाय निकालीन् र कलेजको दर्ता कितावबाट राजको आवश्यक ठेगाना टिपिन् । उपाय त निस्कियो तर कुल घरानकी छोरी भएकीले अनावश्यक हिडडुलमा अघोषित प्रतिबन्ध उनलाई पनि थियो नै ।

* * * * * * * * *

आज कलेजको वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ मनाइदै छ । तर मुनालाई पुरा कार्यक्रम नै खल्लो लागिरहेको छ । हरेक कार्यक्रममा आफ्नो उपस्थिति जनाउने मुनाले आज केही कुरामा पनि चासो देखाइनन् । जहाँ इच्छा त्यहाँ उपाय भनेझै मुनाले पनि यो समयमा राजलाई भेट्न जाने विचार गरिन् र हिडिन् । उनी वल्लवल्ल राजको घर त पुगिन् तर राज काममा गएको रहेछ । राजको आमा भने घरै रहेछिन्, मुनाले नमस्कार गर्दै आफ्नो परिचय दिईन् । उनले आमाबाट सम्पूर्ण कुराको जानकारी लिईन र राजलाई एउटा चिठ्ठी लेखेर घर फर्किन् । राज वेलुकी घर आयो, आमाले सम्पूर्ण कुराको वेलिविस्तार लगाउनुभयो । राज अकमक्क पर्दै चिठ्ठी पढ्न थाल्यो ।

राज,

म तिमीलाई भेट्न आएको थिएँ तर भेट भएन, केही छैन म फेरी पनि आउने छु । आशा छ तिमीले मेरो लागि तिम्रो ढोका सधै खुल्ला राख्नेछौ । मैले तिम्रो वास्तविकता बुझ्ने दुस्साहस गरेकोमा माफी चाहन्छु । यही तिम्रो यथार्थले मलाई तिम्रो जीवनयात्राका गोरेटोहरूमा सधै तिम्रो साथ रहन प्रेरीत गरेको छ । यो मेरो आकाँक्षामा तिमीले चोट पुऱ्याउने छैनौ । बस आजलाई यति, वाँकी भेटमा ।

मुना

खाना खाइवरी राज ओछ्यानमा पल्टियो तर आज पनि उसलाई निद्रा लागेन । उसका मनमा अनेकौ कुराहरू खेल्न थाले । उ सोच्न थाल्यो मुनाको चिठ्ठीको आसय के हो ? के उसले म संग जीवन विताउन स्वीकार गरेकी ? अहँ यो हुन सक्दैन, मुनाको जस्तो कुल–खानदानको सामु म फुच्चेको के अस्तित्व । दुःख के हो, उसलाई थाहा छैन । ती कोमल हातहरूले भोली गार्मेन्टको तान समाउनु पर्दाको अवस्था कस्तो हुन्छ । मैले कसैलाई सुख दिन नसके दुःख पनि दिनु हुदैन । यस्तै सोचाईमा उ निदायो ।

* * * * * * * * *

आजभोली मुनाको हरेक दिनहरू नरमाइलोसंग वित्न थालेको छ । हरेक क्षणहरू पट्यारलाग्दो छ । उसका बुबा आमाले यसवारे नसोधेको पनि होईन तर उनी केही होईन म ठिकै त छु भनेर भन्थिन् । यो कुराहरू उनी बुबा आमासंग भन्न पनि सक्तिनथी किनकी यो स्वीकार्य हुनेछैन भन्ने उनलाई थाहा थियो । के गर्ने, कसो गर्ने दोधारमा परेकी मुनाले सोची, यसरी कति दिन चल्छ । कुनै न कुनै दिन त म राजकोमा जानु नै छ भने आजै जान्छु । उनले दृढ "संकल्प " गरीन् र एउटा पानामा बुबा आमालाई चिठ्ठी लेख्न थालिन् ।

चिठ्ठी लेखी सक्दा सूर्यले क्षितिजलाई चुम्न लागेको थियो । उनले चिट्ठीलाई आफ्नो सिरानीमुनी राखिन् र आवश्यक

पोका-पन्तरा तयार गर्न लागिन् । बुबा बैठक कोठामा एक सुरले हनुमान चालिसा पाठ गर्न व्यस्त छन् । यो उनको साँझ बिहानको नित्य कर्म हो । आमा घरायसी धन्दा गर्दैछिन् । यही मौका पारेर मुना पोका-पन्तरा च्यापी सडकमा निस्किइन् र छिटो छिटो अघि बढीन् ।

* * * * * * * * *

साँझ राज अफिसबाट घर फर्कियो । उसले काम गर्न थालेको पनि पत्तै नपाई दुई महिना भईसकेछ । उसको कार्य दक्षताले गर्दा उ आजै देखि एकाउण्टेण्टमा प्रमोसन भएको छ । यो कुराले परिवारमा हर्षोल्लास छाएको छ ।

यस्तैमा नेपथ्यबाट "राज" को आवाज आँउछ । सवैको ध्यान आवाजतिर जान्छ । राजलाई त्यो आवाज कता कता परिचित जस्तो लाग्छ । उ आवाज आएतिर जान्छ ।

मुना तिमी ! राज छक्क पर्छ, त्यहाँ मुना हुन्छिन् ।
हो म, मैले कुनै गल्ती गरेभने माफ गर राज । मुना बोल्छिन् ।
मुना तिमीलाई गलत भनेर मैले कहिले भनेको छु र, राज बोल्छ ।
त्यसो भए आजदेखि म तिम्रो घरको एक सदस्य, ठिक, मुना बोलिन् ।
राज अकमकाउदै बोल्छ, ठि.....क ।

घर परिवारको सबैलाई यो कुरा थाहा भयो । राजका बुबा आमा हर्षले गद्गद् भए मुना जस्तो बुहारी पाएर । आमा भन्न थालिन "ल पुरेतको घरमा साईत हेर्न जानु पर्‍यो राजको बुबा" । ठिकै छ म अहिल्यै जान्छु, राजको बुबा हिड्न खोज्छन् ।

बिचैमा राज बोल्यो, भो पर्दैन बुबा पुरेतकोमा जान । तपाईहरू हामीलाई आशिर्वाद मात्र दिनुहोस् । यस्तो अनावश्यक आडम्बर र अन्धविश्वास हामीले त्याग्दै जानुपर्छ ।
ल भो भो, तिमीहरूनै जान्ने, लौ भित्र आउ । आमा भित्र बोलाउँछिन् ।

* * * * * * * * *

उता छोरी हराएकोले मुनाका बा-आमालाई साह्रै पीर पर्‍यो । कुलको इज्जत जाने डरले उनीहरूले यो कुरा कसैलाई भनेनन् । यस्तैमा मुनाको सिरानीमूनिको चिट्ठी बुढाबुढीले फेलापारे । चिठी यस प्रकार थियो ।

बुबा आमा, सेवा ढोग

मैले हजुरहरूको मन दुखाएकोमा माफ गर्नु होला । बाबा आमा भौतिक सुख भन्दा आत्मिय सुख प्यारो हुदोरहेछ । कस्ता कस्ता महान व्यक्तित्वहरूले पनि आत्मिय सुखको लागि भौतिक सुख त्यागेका छन् । मैले पनि भौतिक सुख भन्दा आत्मिय सुखलाई रोजेको छु । त्यसैले म राजको घर जादैछु । मेरो कुनै चिन्ता नलिनु होला । आशा छ राजले मलाई तिरस्कार गर्ने छैन । कथंकदाचित उसले मलाई अस्वीकार गरे रानी पोखरी अमर रहने छ ।

तपाईहरुको छोरी मुना

चिठ्ठीपढेर कटुवाल बुढा जङ्गिए । यत्रो पुल्पुलाएर पालेको छोरीले मेरो नाकै काटी । यस्तो थाहा पाएको भए म ............। आमा रून थाल्नुभयो । उनको रूवाईमा आक्रोस भन्दा ममता बढी थियो । यस्तै आक्रोस र वियोगमा दुवैजना निदाए । सपनामा बुढाले छोरीलाई देखे । अँगालो हालेर केही भन्न खोज्दै थिए , उनको सपना टुटाउदै पहिलो भाले बास्यो । कुखुरी... काँ ..।

समाप्त

---

खोजखबर

# डा. शंकरमान राईको उत्कृष्ट काम



डाक्टरहरु शहरकेन्द्रित भैरहेको वेला काठमाण्डौ मोडल अस्पतालका शल्यचिकित्सक डा. शङ्करमान राईले गाँउगाँउसम्म पुगेर उपचार गर्नेमात्र होईन, जन्मजात खुँडे भएका र आगोले जलेर कुरुप भएका बालबालिकालाई नयाँ र सुन्दर जीवन दिएर अनुकरुणीय कार्य गरेका छन् । उनी सम्बद्ध रहेको संस्थाले तीन वर्षमा तीस हजार विरामीको उपचार गरिसकेको छ ।

उनको यही सेवाभावका लागि अमेरिकाको अमेरिकन मेडिकल एसोसिएसनले २० हजार अमेरिकी डलरको नाथन डभिस पुरस्कारले सम्मानित गरेको छ । राई प्रत्येक हप्ता ६ देखि ८ घण्टा इन्टरनेटमा बिताउछन् । तर धेरैले इमेल पठाउनको लागि बढी प्रयोग गर्ने इन्टरनेट उनका लागि असाहय लागि सहयोग गर्ने माध्यम बनेको छ । क्यालिफोर्नियास्थित मानव कल्याणकारी संस्था इन्टरप्लांस्टले उनलाई डिजिटल क्यामारा उपलब्ध गराएको छ । राईले "डाइग्नोसिस" र प्रस्तावित उपचारको बिबरण सहित विरामीको तस्विर संयुक्तराज्य अमेरिका लगायतका विकासित देशका विशेषज्ञलाई सुझावको निम्ति पठाउछन् ।

*- खोटाङ्ग, माक्पा गा.वि.स., हाल काठमाण्डौ, नारायणथान*

.....नेपाल उपत्यकामा मात्र पनि किराती शासन ब्यवस्था सातसय वर्षसम्म चलेको थियो । प्रथम राजा यलम्बरदेखि २९औं राजा गस्ती थिए । गस्तीको शासन गर्ने समयदेखि पूर्वतिर किरातहरु सरी पुनः पूर्वका भू-भागमा शासन गरिरहन थाले । वल्लो किरात, माझकिरात साथै पल्लो किरात नाम गरेका ब्यबस्थित र शक्तिशाली राज्य स्थापना भएको थियो ।.....

**किरात ऐतिहासिक घट्नाक्रम,** २०५८।१२।१५, –खड्गविक्रम चामलिङ राई

.....ललितविस्तार नामक वौद्ध ग्रन्थमा किरातहरुको आफ्नै लिपि र पठन-पाठन गर्ने-गराउने परम्परा रहेको कुराको उल्लेख गरिएको छ । किरातहरुको ग्रन्थ 'मुन्धुम'मा अनेक किसिमको परम्परा र नियमहरुको ब्याख्या गरिए तापनि त्यसमा पूरा हिन्दु प्रभाव देखिएको हुनाले सोही आधारमा किरात परम्परा र संस्कृतिको अनुमान गर्न सकिदैन । त्यसबेला स्त्री र पुरुष वीच त्यति भेदभाव नरहेको अनुमान गर्नसकिन्छ । मृत्यु संस्कारमा लाश गाड्ने चलन थियो र यसरी गाड्दा मृतकले दैनिक रुपमा प्रयोग गर्ने लुगा-गहना पनि गाडिन्थ्यो । किरातहरु विनोदप्रिय हुनाले प्रत्येक चाडपर्व नाँचगान सहित धूमधामले मनाउने चलन थियो । ...१२४,

**नवीन दृष्टिमा नेपालको प्राचीन**

.....१४औं शताब्दीका गोपाल वंशावलीकारले पनि किरात राजाहरुको शासनक्रमको वर्णन गर्दै जाँदा 'एते द्वात्रिंस किरातराजाःतामर्ज्जणकोशकीट्टद्भबायेः' अर्थात् यी बत्तीसजना किरात राजाहरु (नेपालमा) भए, अहिले (ती) किरातहरु तामाकोशी र अरुण नदीको बीच भागमा छन् भन्ने लेखिदिएका छन् । .....

पृष्ठ २९, **किरातः हिजो र आज**, २०५५, -दुर्गाहाङ याक्खा राई

.....किरात राजाहरुको नाम र तिनको शासनकालको सम्बन्धमा वंशावलीका विभिन्न संस्करणहरुले फरक-फरक कुरा प्रकट गर्दछन् । तल पुनः कर्कपेट्रिक र राइटका वंशावलीको भनाइको मिलान गरिन्छ । राइटका अनुसार २९ जना किरात राजाहरुले जम्मा १११८ बर्षसम्म शासन चलाएको पाइन्छ । ती राजाहरुका नामावली यस प्रकार छन्:-

| | | | |
|---|---|---|---|
| १. | यलम्बर | २. | पबि |
| ३. | स्कन्धर | ४. | बलम्ब |
| ५. | हृति | ६. | हुमति |
| ७. | जितादस्ती | ८. | गलिंज |
| ९. | पुष्क | १०. | सुर्यमा |
| ११. | पप | १२. | बुङ्क |
| १३. | स्वनन्द | १४. | स्थुँको |
| १५. | जिघ्रो | १६. | नाने |
| १७. | लुक | १८. | थोर |
| १९. | थोको | २० | वर्म |
| २१. | गुज | २२. | पुष्क वा पुष्कर |
| २३. | केशु | २४. | सुज |
| २५. | सँस | २६. | गुणम् |
| २७. | खिम्बू | २८. | पटुक |
| २९. | गस्ती | | |

अर्का विद्वान कर्कपेट्रिकका अनुसार २७ जना किरात राजाहरुले १६३० बर्षसम्म शासन गरेको बुझिन्छ । ती किरात राजाहरुको नामावली यस प्रकार छन्:-

| | | | |
|---|---|---|---|
| १. | येलुङ्ग | ९० बर्ष | १३ महिना |
| २. | दुस्खम् | ३७ ,, | १० ,, |
| ३. | बलञ्च | ३१ ,, | १६ ,, |
| ४. | किङ्ले | ४१ ,, | ११ ,, |
| ५. | हुनन्तर | ५० ,, | १० ,, |
| ६. | तुस्ख | ४१ ,, | १८ ,, |
| ७. | सुपुस्त | ३८ ,, | १६ ,, |
| ८. | पर्व | ५६ ,, | १० ,, |
| ९. | जितेदस्ती | ६० ,, | १० ,, |
| १०. | पञ्चम् | ७१ ,, | १० ,, |
| ११. | किङ्-किङ्-किङ् | ५६ ,, | १० ,, |
| १२. | सुनन्द | ५० ,, | १८ ,, |
| १३. | थोमु | ५८ ,, | १० ,, |
| १४. | जघ्रु | ६० ,, | ११ ,, |
| १५. | जनरेओ | ७३ ,, | १२ ,, |
| १६. | स्वींख | ६० ,, | ११ ,, |
| १७. | थोर | ७१ ,, | १० ,, |
| १८. | थामो | ८३ ,, | १० ,, |
| १९. | बर्म | ७३ ,, | १६ ,, |
| २० | गुञ्ज | ७२ ,, | १७ ,, |
| २१. | कुस्कून | ४८ ,, | १० ,, |
| २२. | तीषु | ५६ ,, | १० ,, |
| २३. | सूघ्री | ५९ ,, | १० ,, |
| २४. | जोश | ६३ ,, | १० ,, |
| २५. | गोन्थो | ७४ ,, | १० ,, |
| २६. | खेम्भू | ७४ ,, | १० ,, |
| २७. | गलिजङ्ग | ८१ ,, | १० ,, |
| जम्मा शासनकाल | | १६३०,, | ११ |

.....राइटका वंशावली अनुसार छैटौ किराती राजा हुमतिको शासन कालमा पाण्डवहरु वनबास पसे र पछि यिनैका पुत्र जितेदस्ती अर्जुनको आज्ञा अनुसार पाण्डवहरुको पक्षतिरबाट महाभारतको प्रसिद्ध युद्धमा सम्मिलित् हुन गएका हुन्, जहाँबाट उनि फर्केर आउन सकेनन् भन्ने गरिन्छ । .....जितेदस्तीको शासनकाल गौतमबुद्धको समकालिन मानिएको खण्डमा नेपालको प्राचीन इतिहासका अनेक घट्नाक्रम स्पष्ट आधारमा चल्न सक्तछ ।... पृष्ठ ६५, **नेपालको ऐतिहासिक रुप-रेखा,** बालचन्द्र शर्मा, २०३३ (बिजया)

.....गोपाल वंशावली अनुसार किरात राजवंशका संस्थापक यलम्बर थिए । यिनले आभिर वंशका भुवनसिँहलाई हटाई शासन आफ्नो हातमा लिएका थिए । यिनीपछि जम्मा ३२ जना किरात राजाहरुले नेपालमा शासन गरे । सातौं किरातराजा जितेदास्तीको समयमा गौतमबुद्धका चेला आनन्द नेपाल उपत्यकामा आएर बैद्ध धर्मको प्रचार गरेका थिए । चौधौं किरात राजा स्थुँकोको समयमा भारतका मौर्य सम्राट अशोक नेपाल उपत्यकामा आएको कुरा वंशावलीले लेखेका छन् । .....वंशावली अनुसार किरातहरु मुख्य रुपले शैव धर्मावलम्वी थिए । तापनि अन्य धर्मको पनि समान विकास भएको थियो । बौद्धधर्मको यहाँ प्रवेश किरातकालमा नै भएको थियो ।...पृष्ठ ८, **नेपालको इतिहास,** पेशल दाहाल, २०४३

.....किरातकालमा बाहिरबाट शरणार्थीका रुपमा आएका लिच्छवि, शाक्य, मल्ल आदि सबैलाई नेपालले शरण दिएको थियो । पछि यिनै शरण दिएको लिच्छविहरुले किरात राजालाई हटाएर आफ्नो वंशको शासन कायम गरे । लिच्छविहरुद्धारा पराजित भएपछि किरातहरु पूर्वतर्फ लागे । बि.स. ५२१ तिर यिनीहरु तामाकोशी र अरुण नदीको वीचको भूभागमा बसेका थिए ।...पृष्ठ-९,**नेपालको इतिहास,** पेशल दाहाल, २०४३

.....किरातहरुको त संस्कृति नै अलग छ भन्छन् । तर यो प्रश्न इतिहास नबुझेर उठेको हो । धेरैले इतिहासै नपढेर आफ्नो जीवन समाप्त गरिसकेका हुन्छन् । अनि यस्ता प्रश्न गर्नु स्वाभाविक हो । हाम्रो भाषा अलग छ, संस्कृति अलग छ, मुन्धुम् अलग छ, अनि वेद, अनुहार आदि, इत्यादि । हाम्रो पूजा गर्ने सर्जम्(सामग्री) पनि कुखुरा, सुंगुर, जाँड-रक्सी आदि छन्, त्यसैले वेदमा लेखेको संस्कृति हाम्रो होइन भन्ने आधुनिक तथाकथित किरातहरुको पनि कमी छैन ।

तर ऐलेसम्म दुनियाले प्रश्न गर्ने र मैले मात्रै उत्तर दिनुपर्ने किन ? म पनि अब प्रश्न गर्नेहरुसँग केही सानो प्रश्न राखेर समाधानपट्टि लाग्नेछु । किरातहरु अलग्गै हुन भने वेदमा किरातहरुको उल्लेख छ । किरात संस्कृतिको उल्लेख छैन किन ? किरातहरुको भाषा संस्कृत भन्दा भिन्नै थियो भने त्यस भाषाको उल्लेख किन भएन ? किरातको भाषा र संस्कृति अलग्गै थियो भने उसको संस्कृति सभ्यताको इतिहास उसैको भाषामा किन लेखिएन ? किरातहरुको गोत्र किन संस्कृत भाषामा लेखिए ? ऋग्वेदकालदेखि महाभारत कालसम्म ठूला-ठूला राजा-महाराजा, सम्राट, धनिमानी, अरबपति, वैज्ञानिक, कलाकार, राजदूत, गुप्तचर आदिदेखि लिएर के-के थिएनन् किरातहरु ? यतिसम्म भएर पनि कुनै न कुनै राजाले आफ्नै भाषामा आफ्नै लिपीमा आफ्नै संस्कृतिको इतिहास लेख्नुपर्ने हो । त्यस्ता समर्थ किरात राजा-महाराजाहरु सयकडौं थिए । पचासौंको नाम प्राचीन इतिहासका अनेक ग्रन्थहरुमा उल्लेख भएको छ । के यी किरात राजा-महाराजाहरुको दिमाग आजका किरातहरु भन्दा कम थियो ? के यी किरातहरुका पासमा धनको कमी थियो । अरबौ-अरब त युधिष्ठिरलाई दान वा सघाऊको रुपमा धन दिने किरातहरुको वुद्धि नै थिएन कि ? आफ्नो लिपीमा, आफ्नो भाषामा आफ्नो संस्कृति, कला, सभ्यता र आफ्नो हार-जीतको इतिहास नलेख्नुको अर्थ हो प्राचीन किरातहरुको भाषा संस्कृतै थियो, त्यसैले संस्कृतैमा लेखेर छोडे । सुनारको सयचोट, कामीको एकैचोटमा उत्तर बुझ्नुहोस् । ...पृष्ठ-३५, **प्राचीन किरात इतिहास**, २०५१, डा. स्वामी प्रपन्नाचार्य

.....उक्त किरात राजा 'पटुकको दरबार' सम्बन्धि "किरातः हिजो र आज "नामक पुस्तकमा वर्णन छ, धेरै इतिहासकारहरुका मान्यता छ कि यलाखोम भित्रिएका लिच्छविहरुको आक्रमणबाट सुरक्षित र हन किरात राजा पटुकले आफ्नो राजधानीलाई गोर्कण (यलाखोमको एक स्थल)देखि दक्षिण करिव ४ घण्टाको बाटो टाढा बागमती नदीपरि यल(किरात राज्यका संस्थापक एलुङ/यलम्बरका नामबाट नामांकित) भन्ने स्थलमा सारेका थिए । त्यसैले उनै राजा पटुकको नामबाट (हाल ललितपुर शहरको वडा नं. १८ मा पर्ने) उक्त स्थलको नाम नै 'पटुको टोल' भन्ने एउटा साँघुरो गल्ली आजसम्मै कायम रही आएको छ । ...पृष्ठ ३१,**निप्सुङ साकेला विशेषाङ्क,** २०५६, हडपमा परेको किरात राजाको दरबार - दुर्गाहाङ याक्खाराई


विजयादशमी तथा
शुभ-दीपावली २०६१ को

**शुभ उपलक्ष्यमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अरुण ज्योति बोर्डिङ्ग स्कूल**
जोरपाटी, काठमाण्डौ
फोनः ४४८५९०१

# सत्ययुगी खक्चुलुपा, तोमा र खेमा



- रत्नमाया दुमी(साम्पाङ) राई

सत्ययुगमा किरात राईहरूको पुर्खा मानिने दिदी बहिनी तोमा र खेमा साथै भाई खक्चुलुक्पा बाल्य अवस्थामा नै माता पिताको देहान्त भई खुक्चुलुक्पाको पालन पोषणको अभिभारा ती दुई दिदि वहिनी तोमा र खेमाको भयो । बाँच्ने र खाने आधार नभएपछि तोमा र खेमा गाँउलेहरूको घर घर गई ढिकी र जाँतोले अन्नकुटेर निफनेर फालेको चामलको कनिका सिला गरेर ल्याई आफ्ना भाई र आफ्नो लागि गाँसको व्यवस्था गर्दथ्यो ।

एक दिन तोमा खेमा चामलको कनिका खोज्ने क्रममा एउटा गाँउलेको घरमा पुगेछन् । त्यहाँको ढिकीमा अलिकति पोखेर छाडेको चामल भेट्टाउँछन् । त्यो चामल घर लगी भाई खक्चुलुपालाई सानो माटोको भाँडा (छुब्लु) पकाईदिए । यसरी छुब्लुमा भात पकाई दिए भनेर हर्षले चुलोको वरिपरि नाच्न थाल्यो । नाच्दा नाच्दै अचानक चुलामा बलिरहेको लामो दाउरामा खुट्टाले टेकेर छुब्लुमा पाकिरहेको भात पोखिन पुग्छ । भात पोखिएको देखेर तोमा र खेमाले भाईलाई हकाऱ्यो र उ घोप्टो परी रून थाल्यो । रूदा रूदै उ त्यही नै निदाएछ तर तोमा र खेमाले निदाएको भाईलाई मरेको ठानेर टाउकोमा चिन्डो र खुट्टामा केराको पुत्ला राखी दाह संस्कार गर्न थालेछ । दिदिहरूको यस्तो क्रियाकलाप गरेको देखेर झुक्याउन उ दिदीहरूको आँखा छली त्यहाँबाट उठेर आफू सुतेको ठाँउमा दाउरा राखी सेतो कपडाले छोपी केराको थाम पछाडी गएर लुकेछ । टाउकोमा राखेको चिण्डो र खुट्टामा राखेको केराको पुत्लामा तोमा र खेमाले अचानक कुल्चन पुग्दा टाउको फुटेछ र खुट्टा भाँचेछ भनी झन रून थाल्यो । भाईको मृत्युले उनीहरूलाई ठूलो चिन्तामा पिरोल्यो र त्यहाँबाट अन्य ठाँउमा बसाई सर्ने निर्णय गऱ्यो । घर छाडेर हिडेपछि दिदी बहिनी डाँडामा आइपुगे । दिदीले सोध्यो "बहिनी तिमी लेक (पहाड) जाने कि औल (तराई) जाने ? तर हामी छुट्टीनु भन्दा अगाडी यो डाँडामा फूल रोपौं । यदि फूल ढकमक फूलेको छ भने हामी सकुशल छौं भनी सम्झौ । यदि फूल मऱ्यो भने हामी मऱ्यौ भनी सम्झौं "

दिदीको यस्तो भनाईसंग सहमत हुदै बहिनी मधेश जहाँ मामा दिलीपोप्पो बस्थ्यो त्यहा जाने निर्णया गऱ्यो । बहिनीको मधेश मामा दिलीपोप्पो कहाँ जाने निर्णय सुनेपछि भन्यो "मामा रिसाहा हुनुहुन्छ जिस्कायो भने खाईदिनुहुन्छ । त्यसैले गर्दा नजिस्काउनु"

दिदी बहिनी डाँडामा फूल रोपी उनीहरू आ-आफ्नो बाटोमा लागे । बहिनी मामा कहाँ मधेशमा गईन । मामा दिलिपाप्पोसंग बस्न थालीन।

एकदिन मामाले डोको र नाम्लो बुनिरहेको बेलामा खेमाले दिदीको कुरालाई वास्ता नै नगरी जिस्काउन थाल्छिन् । मामाले भन्यो "नजिस्काउ मलाई, नत्र म तिमीलाई खाई दिन्छु " यति भन्दा भन्दै पनि " लु मलाई कसरी खानुहुन्छ ? मुख आँ... गरेर देखाउनुहोस् त" भनेको मात्र के थियो, मामाले खेमालाई खाईहाल्छ ।

केही समयपछि तोमा आफ्नो बहिनीले रोपेको फूल हेर्न दिदि बहिनी डाँडामा जादा बहिनीले रोपेको फूल मरि सकेको देख्छ र उनी बहिनीको हालखबर बुझ्न मामा कहाँ जान्छीन । तोमाले मामालाई आफ्नो बहिनी कहाँ छ भनी वारम्बार सोधेपछि मामाले हातले देखाउदै भन्छ "उ परको केरा घारीमा मरिरहेकी छ " । केरा घारीमा हेर्न जाँदा साच्चै बहिनीको हड्डीको टुक्रामात्र भेट्छ । त्यो हड्डीको टुक्राहरू जम्मा गरेर एउटा काठको बक्समा जडीबुटीको औषधीमा र ाखी उनी हलेसीमा गईन । त्यहाँ तान लगाई बाँकी दिनहरू बिताउन थाल्छ ।

केही वर्षपछि तोमाले बहिनीको सम्झनामा फूल रोप्न दिदि बहिनी डाँडामा गएर फूलको विरूवा रोप्यो । त्यो बिरूवा दिनप्रतिदिन हुर्कदै गई एकदिन ढकमक फूलहरू फूल्यो । जति विरूवा हुर्कदै गयो त्यति खेमाको मृत शरिर बक्स भित्र नै निर्माण हुदै गयो । जव फूल फूल्यो मृत शरिरमा ज्यान प्रवेश भयो र फेरि खेमाले नया जीवन पायो ।

उता दिदि र बहिनीको बिछोडपछि मिलन हुन्छ भने एता भाई खक्चुलुपा भने दिदिहरूले छाडेपछि बिचल्ली भइ संघर्षशील दिनहरू बिताईरहेको हुन्छ । उसले चराचुरूङ्गी, माछा, मासुको शिकार गरी जीवनयापन गर्दै युवा अवस्थामा प्रवेश हुन्छ ।

एकदिन खक्चुलुपा माछा मार्न मालिङ्गोको टाँगो र माछा मारेर बोक्ने फुलुङ (झोला) बोकी खोला तर्फ लाग्यो । खोलामा पुगेर जाल फ्याँक्यो । एकैछिनमा माछा पऱ्यो भन्ने शंकाले जाल निकाल्दा एउटा लामो चिल्लो ढुङ्गा जालमा परेको देख्यो । खक्चुलुपाले त्यो ढुङ्गाको के काम भनेर फेरि खोलामा नै फ्याकिदियो । दास्रो पल्ट पनि जालमा त्यो ढुङ्गा नै पऱ्यो । फेरि खोलामा नै ढुङ्गा फाली दियो तर तेस्रो पल्ट पनि त्यही

ढुङ्गा जालमा पऱ्यो। आश्चर्य मान्दै यस पटक भने घरमा लगेर खोर्सानी पिध्ने ढुङ्गा बनाउन घरतिर लग्यो । घरको चुलो (अगेना) दहँछेम (सरङ) मा राख्यो ।

एकदिन खक्चुलुपा शिकार खेल्न गयो । उ शिकार खेली बेलुका घर फर्कदा उसको खाना पाकिसकेको देखेर उ अचम्म मान्दै घर नजिक उभिईरहेको एउटा सेतो कपाल फुलीसकेकी लुम्धुमी बुढी बज्यैलाई सोध्छ । " मेरो घरमा कसले खाना पकायो बज्यै" बजैले उत्तर दिन्छीन "नानी त्यो खाना मैले पकाएको हो यसरी बात गर्दै दुबैले त्यो खाना खाए। यसरी दिनप्रतिदिन खाना पाकेको देखेर खक्चुलुपाले जिज्ञासाकासाथ फेरि बजैलाई सोध्यो "बजै यो खाना साच्चै कसले पकाउछ ? मलाई इमान्दारीपूर्वक भन्नुहोस् " खक्चुलुपाको यस्तो जान्ने उत्सुकता देखेर बजैलाई ढाँट्न मन लागेन र उनले भनिन "तिमी भोली शिकार खेल्न गए जस्तो गर र घरमा नै लुकेर खाना कसले पकाउछ हेरिरहनु " लुम्घुमी बुढीले भनेजस्तै गरी खाक्चुलुपाले लुकेर चियाउन थाल्यो । अचानक चुलो माथिको सरङ्गबाट नागेढुङ्गा एक युवतीको रूपमा झऱ्यो र खाना पकाउन थाल्यो । पकाईसकेपछि नाधेढुङ्गा फेरि सरङ्गमा पस्न मात्र लागेको थियो, खाक्चलुपाले च्याप्प समात्यो। नाधेढुङ्गाले खाक्चुलुपालाई विन्ती गर्दै भन्यो "मलाई नसमात किनभने तिमीले मलाई तिम्रो (फेदङ्गमा) जालबाट झिकेर फेरि खोलामा नै फ्याक्यौ, मेरो ढाँड भाँचियो । फेरि म तिम्रो जालमा पसे , त्यसबेला पनि मलाई तिमीले फ्याक्यौ मेरो हड्डी नै भाँच्यो त्यसैले म तिमीसंग बस्दिन ।

यो कुरा सुनेर नाधेढुङ्गालाई खक्चुलुपाले आफूसंग नै राख्ने निर्णय गऱ्यो। विवाहको निम्तो गर्नेक्रममा आफ्नो दिदिहरू तोमा र खेमालाई पनि निम्तो दिन उडुस पठाएछ। तर निम्तो दिन अगाडी नै उडुसले तोमालाई टोकेछ र तोमाले उडुसलाई मारिदियो । फेरि खक्चुलुपाले उपियालाई पठायो । उपियाले पनि तोमालाई टोकेछ। उपियालाई मार्नु भन्दा उपिया उफ्रिएर भागेछ। दिदिहरू नआएपछि उसले गाईलाई पठायो । गाईले तोमा र खेमाकोमा पुगेपछि भनेछ "बाँ बाँ तोमा खेमालाई खक्चुलुपाको विवाहको निम्तो छ " यो कुरा सुनेपछि दिदिहरूले विश्वास नै नगरी मरिसकेको भाईको यस्तो कुरा गर्ने भनेर गाई खेदाएछ । यसरी खक्चुलुपाको विवाह दिदिहरू बिनानै सम्पन्न भयो ।

केही समयपछि खक्चुलुपाको एउटा छोरो जन्मीयो र एउटा सानो घर पनि बनाउने बिचार गऱ्यो । घर बनाउन दुईतिरबाट हाँगा भएको थाम अथवा खम्बा ल्याउनुको सट्टा खक्चुलुपाले जंङ्गलबाट सिधा खम्बा ल्याएको देखेर नाधेढुङ्गेनीले चिभेचराको पुच्छर देखाउदै भन्यो "घर बनाउन चिभेचराको पुच्छर जस्तै भएको दुईतिरबाट हाँगा भएको खम्बा चाहिन्छ " यस्तो भन्दै खक्चुलुपालाई देखाएको मात्र के थियो घर बनाउन खनेको खाल्डोमा आफ्नो छोरा खसी त्यहाँ नै मृत्यु भयो । एकदिन खक्चुलुपाले थापेको लिसोपासोमा कुरले ढुकुर पऱ्यो। त्यो ढुकुरलाई घरमा लगि चिरफार गर्दा गाँडमा सतबीउ भेट्याउछ। त्यो सतबीऊलाई छरिदिन्छ। त्यो सतबीऊबाट खाएर पनि नसक्ने बाली फल्यो । यसको खुशीयालीमा यो बालीले तिदाम छिदाम छ्याम्दाम गर्ने बिचार गर्यो र जाँड पकायो । तर मार्चा नभएकोले गर्दा कुहेर गयो । पछि गएर एउटा कीर्भुले एउटा गहते झारलाई एकहातले पक्रेर तीनखुट्टाले हिडेर काँधमा बोकेर ल्याईदियो । त्यसबाट मार्चा बनाएरू जाँड पकायो । तिदाम छिदाम गर्दा धमीनी सुम्निमा र धामी पारूहाङ्गलाई निम्ताए। सबै नर नाता, खोला नाला र जीवजन्तु सबैलाई निम्तायो । आफ्ना दिदिहरू तोमा र खेमालाई पनि निम्तो गर्न पहिले झै उपियाँ र उडुसलाई पठायो। तर निम्तो दिन अगाडी नै टोकिदिएकोले गर्दा तोमा र खेमाले उडुस र उपियालाई मारि दियो । तर तेस्रोपल्ट खक्चुलुपाले कुखुराको भाले पठाउँछ । भाले तोमा र खेमाकहाँ पुगी "खक्चुलुपाको तिदाम छिदाम छम्दामको निम्तो " भनेर बास्यो ।

फेरि पनि खक्चुलुपाको यस्तो निम्तो आएको सुनेर अचम्म मान्दै तोमा र खेमाले भालेको पछिपछि पछ्याउन थाल्यो। भालेले पखेटा खसाउँदै "तोमा, खेमा खक्चुलुपा" भन्दै भाले भाग्यो । अन्त्यमा त्यो भाले खक्चुलुपाले तिदाम, छिदाम छम्दाम गरेको ठाँउमा पुग्यो । आफ्नो भाई देखेर उनीहरू आश्चर्य एवं हर्षित पनि भए । र भाईको अगाडी देखापर्न हिच्कीचाए । खक्चुलुपाले रोपेको ऋषीको बोटमा ऋषी रातै फलिरहेको देखेर दिदिहरू त्यही त्यो खान अघि हिडेपछिमात्र भाईसंग भेट् भयो । खक्चुलुपाले आफ्नो दिदिहरूलाई रोटी राखी दिए । चेलीहरूले पनि आफ्नो माईती खक्चुलुपालाई दाहिने पट्टिको चारवटा प्वाँख र देब्रेपट्टिको प्वाँख जम्मा गरी आठ प्वाँख दिए। चेली र माईतीको भेटपछि बिदा भई आफ्नो आफ्नो घरतिर लागे। यसरी यस कथामा आधारित कतिपय रीतिरिवाज आज पनि जीवन्त नै छन्। **मुची ।**

# दुमी ब्रला
# (दुमी भाषाबाट)

✍...अमर दिक्पा हजुर दुमीराई
लामिडाँडा-३, चिउरिबास, खोटाङ्ग
chyanbag@hotmail.com



आसाला मिन्सोआ आस्नम्
आस्नम मिन्सोआ आम्ना
आम्ना मिन्सोआ नाम्ना
मामला,
मोओ मामुना चाम्ना !
माचाफन आस्सोआ ङुक्ना
मोओ मामुना रुम्ना
होपो ब्रलाई चाम्ना
मोसुअप्ना चाम्ना
दुमी आसोआ ऱ्याप्ना
होपो ब्रलाई माचामुना
कुक्तिम खल जेना
माकुन्पोनम् चुचु, पिपिकायो सिङ्ना !!
चुक्पो तुम युक्ना
मोसु न्याप्ना
शेरअप्ना
मोसु हिसिना
लाम लुईसिसो
सामसुईसिसो
होपो नुकाय "दुमी" चप्ना !!!

*भोलि सम्झिकन हिजो*
*हिजो सम्झिकन आज*
*आज सम्झिकन पर्सि*
*तत्पश्चात्,*
*केही नगरी हराऊनू !*
*सकिन भनिकन रोएर*
*केही नगरी ........*
*आफ्नो भाषा हराउनु*
*पितृकार्य हराउनु*
*दुमी भनिकन उभिनु*
*आफ्नो भाषालाई नबिर्सनु*
*जानेको सबै बोल्नु*
*नजानेको बाजे, बजुसँग साध्नु !!*
*जानेको कुरा बाँड्नु*
*पित्रिकार्य गर्नु*
*चुला पुज्नु*
*अगेनातिर फर्किनु*
*अघि सर्दै*
*चित्त बुझाउदै*
*आफ्नो नामसँग "दुमी" लेख्नु !!!*











# शुभ-विवाह

हाम्रा स्नेही छाछुपु छेकुमा खबेना दबेना सूर्य खबचु दुमीराईको सुश्री कुमारी राईको साथ सु-सम्पन्न हुन लागेको शुभ-विवाहको पावन अवसरमा हामी सम्पूर्ण खबचु दुमीराई परिवारको तर्फबाट सुखद दाम्पत्य जीवनको लागि हार्दिक मंगलमय कामना गर्दछौं ।

छछुपु छेकुमा खाबेना दाबेना खबचु दुमीराइ
पारवार जालपा-९, खाटाङ्ग





# हार्दिक बधाई

श्रीमान मुकेश साम्पाङ्ग राई तथा श्रीमती कमला साम्पाङ्गको कोखबाट मिति २०६१/५/२४ का दिन आयुष्मान सुपुत्र **अनुप साम्पाङ्ग राई** लाभ भएकोमा वहाँहरुलाई हार्दिक बधाई तथा शुभकामना ब्यक्त गर्दछौं

| | | | | | |
|---|---|---|---|---|---|
| फुपा | भलमान साम्पाङ्ग राई | दिमा | मनकुमारी साम्पाङ्ग (दुमीराई) | बब | सनत साम्पाङ्ग राई |
| मुमा | मनसरी साम्पाङ्ग राई | दिपा | अशोक दुमीराई | छमा | गंगा साम्पाङ्ग राई |
| मामा | कमला साम्पाङ्ग राई | नाना | रुसिया दुमीराई | नाना | एलिसा साम्पाङ्ग राई |
| पापा | मुकेश साम्पाङ्ग राई | बुबु | विशाल दुमीराई | छमा | अमृता साम्पाङ्ग राई |

# खबचु, खरदेल र धार्मिक साँस्कृतिक
## सिमेभुमे, देवी, देउराली पुज्ने तरिका



अशोक कुमार छछुपु छेकुमा खबचु दुमीराई
हाल: काठमाण्डौ, महाराजगञ्ज, चक्रपथ

१. खबचु दुमीराई एक परिचय: (सामे:-छाछुपु-छेकुमा, खबेना-ढबेना)

खोटाङ्ग जिल्ला जालपा गा.वि.स. वडा नं. ९ अन्तर्गत खरबारी गाउँमा परापूर्वकालदेखि नै विभिन्न थर (दुमी, खालीङ्ग, थुलुङ्ग) र पाछा (रिप्लाङ तथा खबचु)का राईहरु बसोबास गर्दै आएका छन् । जस मध्ये खबचुको बारेमा इसिलिम वर्ष २ अंक २ मा प्रष्ट पारिए जस्तै यहाँ बहुसँख्यक मात्रामा खबचुहरु नै बसोबास गर्दै आएका छन् । जुन पाछाको वंशावली इसिलिमको यसै अंकमा प्रकाशित गरिदैछ ।

२. खबचु-धार्मिक र साँस्कृतिक परिचय :

अन्य राईहरुले झै खबचुहरुले पनि दशैंलाई खासै महत्वको चाड नमाने पनि सामान्य रुपमा केही आफन्तहरुसँग भेटघाट गरी केही मिठा खानेकुराहरु खाने, आफू भन्दा ठूलाहरुबाट आशिर्वाद लिने गर्दछन् । तर खबचुहरू आफ्नो कूलपित्र, सिमेभुमे, उधौली (मंसिरे पूर्णे), उभौली (वैशाखे पूर्णे) तथा देवी देउराली भने अति उत्साहका साथ मौलिक परम्परा अनुसार नै मान्दै आएका छन् । साकेला (वैशाखे पूर्णे) जेठमा परेपनि गाँउघरमा बैशाखे पूर्णे नै भन्ने चलन छ । यस बेलामा खबचुहरु आफ्नो सिमेभुमे, देवी देउराली, खोलानालालाई पूजा गर्दछन् । यस महान चाड मनाउन खबचुहरु देश बिदेशतिरबाट समेत आफ्नो प्यारो जन्मथलोमा फर्कने गर्दछन् ।

३. सिमेभुमे, देवी, देउराली पूज्ने तरिका :

जब बुद्ध जयन्तीको दिन (वैशाखको पूर्णे), सिमेभुमे, देवी, देउराली, खोलानाला, लगायत सिकारीहरुको पूजा गर्ने क्रम त्यही दिनदेखि शुरु हुन्छ । यस वर्षको साकेलालाई कसरी सफल पार्ने, प्रत्येक घरबाट के कति रकम उठाउने, केमा कति खर्च गर्ने, क-कसले के समान जुटाउने भन्ने विषयमा छलफल गरी हौंचुर गा.वि.स. समेत गाउँभरिको प्रतिनिधित्व हुने गरी एउटा भुमे समिति गत साल नै गठन गरिसकिएको छ । यसै समितिले पहिले नै रकम उठाएर आवश्यक सामग्रीहरू पनि जुटाईसकेको हुन्छ । साकेलाको पहिलो दिन भएकोले सबै भुमे समितिहरु, गाउँका पूर्खाहरु, सम्पूर्ण पगरी भाइहरु नागीरे (कुवी) पदम बहादुर राईको घरमा भेला हुन्छन् त्यहाँबाट शुरू हुन्छ कामको बाँडफाँड, दुई पगरी भाइ रिप्लाङ्ग र खबचु "कुलमा कुटुम्ब : काजमा भाइ" भन्दै रिप्लाङ्ग र खबचु एक आपसमा बिहेबारी पनि गर्दछन् फेरी कुनै पनि कार्यमा मर्दापर्दा होस या जस्तोसुकै दु:ख सुखमा पनि साथ दिने भनेर चारमाने दाजुभाइ भनेर बाँधिएका छन् । रिप्लाङ्ग र खबचुको नोक्छोले एक आपसमा डालो खन्याउने काम पनि गर्न सक्छन् । भनाई अनुसार पित्र समेत गर्न सक्छन् । तर गरिहालेको चाहिँ छैनन् । यो चलन पुस्तौं अगाडिदेखि रहेको कुरा जानकार व्यक्तित्व श्री श्याम बहादुर राई बताउछन् । कामको बाँडफाँडमा ३ वटा समूहमा बिभाजीत गरिन्छ । २ पगारीका नोक्छो(धामी) खबचु र रिप्लाङ्गको घरको सुप्तुलु (चुल्हो)मा गई दाउलो खन्याउने केही पुर्खाहरु लिई दुई भागमा बिभाजित हुन्छन् भने केही पूर्खाहरू गाउँका जवानहरु सहित दुईजना कन्यकेटा पण्डा(देवीको पूजा गर्ने पुजारी) जसलाई विहान नुहाई धुवाँई गराएर चोखो मुख राखी(उपास बसी) तयार पारिएका हुन्छन् । ती पण्डाहरुका साथ देवी, सिकारी, देउराली, खोलानालाको पूजा गर्न माथि कोरेडाँडाको कालिका देवीथानतर्फ निम्न पूजा सामाग्रीहरू सहित लागिन्छ ।

१. धुप बाती - धुपध्वाँर गर्न
२. सिन्दुर - सिकारीलाई चढाउन
३. गाईको नौनी घिउ -धुप बाल्न
४. फूल (पूमा)-मन्दिरमा चढाउन
५. त्रिसुल -देवीलाई, सिद्धसिकारीलाई चढाउन
६. चोखो गाईको दुध - खिर पकाउन, कुण्डमा चढाउन
७. चोखो चामलको पिठो - देवीस्थानमा रेखि हान्न र नैबेद्य बनाउन
८. बाखाको पाठी - कालिका देवीलाई (राजपूजा भनेर भोग दिने)
९. कुखुराको भाले र पोथी - सिमेभुमे सिकारीहरुलाई भोग दिन
१०. गाईको गोवर–कुण्ड बनाउन (बनाईसकेपछि त्यसमा दुध राखिन्छ ।)
११. ध्वाजा(नयाँ कपडाको टुक्रा)-मन्दिरको त्रिशुल र छुरमाथि चढाउने
१२. चोखो चामल-खिर पकाउन, रेखी बनाउनेदेखि भुमे सिकारीलाई चढाउन
१३. भेटी(बुलुदाम)-चानचुने पैसा, नयाँ छोडेर पुरानोलाई पण्डाले लैजाने चलन छ ।

यसका साथै खरबारी गाउँ र अन्य गाउँका व्यक्तिगत भाकलेहरु पनि देवीलाई चढाउन बाखाको पाठी भाकल गरेका हुन्छन् । ती भाकले लगायत केही व्यक्तिहरु, चोखो मुख लिएर गाउँका पुजारीहरु(जसले बाखाको मासु खादैनन्) ती दुई जना पण्डाहरू अगाडि लगाएर गाउँ भरिका घर–घरबाट जम्मा गरी ल्याइने चोखो शुरु (अक्षेता), बुलुदाम(भेटीपैसा), फूल(पूमा), पाती आदि देवीको पूजा गर्नु अगाडि नै देवीथानमा पुर्‍याउनु पर्ने हुँदा प्रत्येक घरबाट अछेता-भेटी ल्याउन ढिलो होला कि भनेर पुर्खाहरु देवीथानतर्फ उकालो लाग्दै "पूजा ढल्न लाग्यो है, अछेता भेटी छिटो ल्याउ है" भन्दै खबर गर्दै जान्छन् । देवीथानमा पुगेपछि, देवीको मन्दिर, सिमेभुमे, सिकारीहरु रहेका थान पूर्खाहरु र पण्डाहरु सबै मिलेर सफा सुग्घर गर्छन् भने कोहीले मन्दिर अगाडि आगो फुकी चामलको पिठोको नैवेद्य, खिर, रोटी पकाउन थाल्छन्, कोहीले गाईको गोबरको कुण्ड बनाउँछन्, कोही गाँउबाट ल्याएको अछेता भेटी भेला पार्छन् । जसको घरमा छोरी बुहारी सुत्केरी हुने छ, त्यस घरको अछेता भेटी अलग्गै राखी राजपूजामा चढाईदैन । यदि भूलवश चढाएमा तत्काले हावा-हुरी, भलपैह्रो जस्ता दैविप्रकोपले गाउँलाई नै आपत पार्ने विश्वास रहिआएको छ । देवीथान सबै सफा गरिसक्दा गाउँभरिबाट अछेता भेटी पनि ल्याइसकेको हुन्छ । पूर्खाहरु र भाकलेहरु देवीको थान अगाडि भेला हुन्छन । यस कालिका देवीथानको अवस्थिति प्राकृतिक रुपमा बढो अनौठो किसिमको छ । जुन फल्याक जस्ता ठूल्ठूला ढुंगाहरुले तलमाथि अनि वरिपरि पर्खालले घेरी माथिबाट पनि पूरैथान(करिब २-३ सय मान्छे अट्ने)लाई ढाक्ने गरी छानो पनि ढुंगाको नै छ । अन्य सिकारीहरुको थान रहेको ठाउँ समेत गरी पूरै देवीथान क्षेत्र नै ठूलाठुला रुखहरुले ढाकेको छ । त्यहाँ घाँसदाउरा काट्न, सुकेको दाउरा टिप्न र अरु समयमा जो कोही त्यस क्षेत्रभित्र पस्न बर्जित छ । बस्तुले घाँस खाएमा वा खुवाएमा तत्काल बिरामी भई मरिजाने हुँदा धार्मिक दृष्टिकोणले यस ठाँउमा धेरै वनको संरक्षण हुदै आएको छ ।

सबै सरसामान तयार भएपछि राजपूजाको पाठी, भाकलेको पाठी सबैलाई थान अगाडि लस्करै राखेर पण्डा दुईले चोखो फूलपानीले पाठीहरुलाई चोख्याउन थाल्छन्, पच्छ्याँउदै गर्दा पूर्खाहरु गाउलेहरु देवीथानको अगाडि उभिएर टोपी टाउकोबाट झिकेर हात जोडी देवी मातासँग हामी सोझासिधा गाउँलेको रक्षा गरीदेउ, शान्ति राखिदेउ, अन्न पानी देउ, भलबाढी पहिरो र असिना पानी रोकीदेउ, रोग ब्याधि, हटाईदेउ, समयमा वर्षा गराईदेउ है माता हामी गाउँलेहरु तिम्रो पूजा गरी बल माग्दैछौ, शरण पर्दैछौ भनी बिन्तीभाउ गर्छन् । बाखाको पाठी राम्ररी नपछीन्जेलसम्म देवी माताको आराधना गर्दछन् । पाठीले पर्छेपछि पण्डाले नै भित्र थान अगाडि लगी भोग दिइन्छ । त्यसपछि भुमे र सिकारीको पूजा गर्न लाग्छन्, सिकारीहरु नाम्डुङ र सिद्ध छन्, सिद्धलाई अछेताभेटी खिर, नैवेद्य, धुपध्वाँर, त्रिशुल चढाँइन्छ भने नाम्डुङलाई कुखुरा काटी भोग दिइन्छ ।

पहिले पूर्खाहरु सिकार खेल्दै खेल्दै यस ठाँउमा आएको हुँदा र सिकारमा सौखिन भएकोले सिकारीको पूजामा पनि ध्यान दिईन्छ । नाम्रूङ्ग सिकारी चाही एकदमै छ्यात्छ्याती भएको कुरा त्यसै वरिपरि जग्गा जमीन वस्तुभाउ, घाँस दाउरा गर्ने स्थानीय भल्टाउके गुरुङ्ग बताउछन् । निज गुरुङ्गका अनुसार, त्यतातिर घाँस काटेमा काट्ने मान्छे विरामी हुने वस्तुले खाएमा बस्तु नै दुखबिमार भइमर्ने, केही बिफाई गरे राती बाघ आएर गोठकै बस्तु मारिदिने अनि रातभरी गर्जने भएकोले निज गुरुङ्गले केही भुलचुक भैहाल्छ कि भनेर सालन्य (बर्षै पिच्छे) बाखाको पाठी, कुखुराको बास्ने भाले र पोथी चढाउन छाड्दैनन् ।


गाउँका पुर्खाहरु भाकल गर्दै देवीको अगाडि

देवी, भुमे, सिकारीको पूजा सकेपछि अग्लो ढुगामाथि रहेको देउराली, खोलानाला, रावा, रेनु, कौसिका, दूधकोशी, तामाकोशी यी सबैको नाम लिएर कुण्डमा दूध राखी, रुखको हाँगाको लिङ्गो काटी थान बनाइन्छ । त्यसमाथि ध्वजा राखी धुपध्वाँर गरिन्छ । त्यसपछि पूजा सकिन्छ । अनि गाउँभरि पूजा ढल्यो है भनी कराइन्छ । त्यहाँबाट गाँउभरि भोलिसम्मका लागि खनजोतमा बाधा (रोक) लगाइन्छ । पूर्खाहरु वैदाङ्गकर्ता मनबहादुर र गौरुङ्ग चित्रबहादुर राईको भनाई अनुसार त्यहाँपछि गाउँमा खनजोत गरेमा माटो मरेर उब्जनी घट्ने कुरा बताउनु हुन्छ, देवी थानमा तयार पारिएको खिर, रोटी प्रसादको रुपमा अत्यन्त मीठो मानी खाईसकेपछि जौबारीमा सबै जना झरिन्छ । त्यसपछि देवीथानमा कोही पनि व्यक्ति फर्केर आउन नहुने कुरा पूर्खाहरु बताउछन् । यदि त्यहाँ फेरि फर्केर गएमा ज्यान जोखिममा पर्न सक्ने जनविश्वास छ । कारण उक्त थानमा कालिका देवी आफूलाई भोग दिएको पाठीको खुन(रगत) खान सिंहको रुपमा आउने बताउछन् ।

जौबारीमा सबैजना फेरि भेला हुन्छन् र केटाकेटीहरू बाँसको बन्दुक बनाएर असारेको दाना पड्काउदै एक अर्कामा रमाईलो गर्छन् । प्रत्येक व्यक्तिले आ-आफ्नै घरबाट भात, ढिँडो बोकी आएका हुन्छन् । देवीलाई चढाएको पाठी र भालेको प्रसाद(मासु) छुट्टा छुट्टै पकाइन्छ र अलग्गै राखी सबैजसो गाउँलेहरु (केटाकेटीदेखि बुढापाकासम्म) जम्मा भई लस्करै बसेर प्रसादको रुपमा बाँडीचुँडी खान्छन् । खाइसकेपछि सबैजना नागिरे(नक्छो)को घरतर्फ लाग्छन् । अनि पूर्खाहरू ठूलो पात्लेको पाँचवटा डाली 'छुरु'( सेउली) जंगलबाट काटेर बोकिन्छ । ती पाँच मध्ये एउटालाई नागिरेको घरको आँगनमा मुन्धुम गरेर (बाखाको मासु नखानेले) गाड्नु पर्छ । गाडिसकेपछि त्यहाँ ढोल झ्याम्टा झुण्ड्याइन्छ । जहाँ धामीहरु इँखुलु, भुमेथान जानु अगाडि बिसाउछन्, त्यस ठाँउलाई घेरेर चण्डी नाच नाचिन्छ । अन्य चारवटा छुरुहरु मध्ये एउटा इँखुलुमा अरु ३ वटा इँखुलु हुदै भोली भुमेथान पुऱ्याइन्छ ।

माथि देवीथानको सम्पूर्ण पूजा सकी छुरु लिएर नागिरेको घरमा भेला भएपछि त्यहाँ मुनिबाट प्वाल सहितको माटोको घ्याम्पामा पानीले भिजाएको जाँड चिदाममा छाँदी जाँड झारिन्छ । नोक्छोहरुका साथ डालो खन्याउन गएका पुर्खाहरु पनि आइसकेका हुन्छन् । सबैजना भेला भइसकेपछि चिबेन्दी(जाँड भान्से)ले सबै जनालाई उम्मा तुङ्गतानी (जाँड खानु पर्छ है) भन्दै त्यहाँ आएका सबै जनालाई बाँडिदिन्छन् । जाँड टन्न खाएपछि नागिरेको आँगनमा मुन्धुमबाट हाम्रो यो सालको साकेला (बैशाखे पूर्णे) खुल्यो है भन्दै ढोल-झ्याम्टा बजाउदै छुरु गाड्छन् । गाउँका सार्की आएर ढोल कसकास गरिसकेको हुन्छ । त्यसपछि गाँउको रहरे ठिटाठिटी मात्र नभएर अन्य पूर्खाहरु पनि ढोल झ्याम्टा बजाउदै नाँच्न थाल्छन् । ढोलेहरु ढोल बजाउदै रमाउन थाल्छन् **"घाँसै काट्नु टुनीमाःनाची जाउ है भूमेमा"** भन्दै उफ्रन्छन् । सम्पूर्ण गाउँभरी ढोल र झ्याम्मटाले गुन्जिन्छ ।

आजको काम अरु पनि धेरै भएकोले गर्दा फेरि पनि पूर्खाहरु सबै ठिटाहरु लिएर सुङ्गदेलकु (मुल पंधेरो) सच्याउनु (सफा गर्न) जान्छन् । सबैजना भएर सुङ्गदेल कु क्षेत्र सरसफाई गरी कुवा धारा मर्मत गर्दछन् । त्यसपछि हरियो बाँसको चोयाको डोरीमा भकिम्लोको वा उत्तिसको रुखको हाँगालाई काटेर त्यसको तरवार बनाई सुङ्गदेलकुको वरिपरि घेरिन्छ । उक्त सुङ्गदेल कुमा नै रहेको नागको पूजा गर्ने, चोयाको चित्रा बुनी त्यसमाथि केराको पात राखी चामलको पिठोको जोडी नाग (सर्प)को आकृति बनाई कालो दालको मिक्सि (आँखा), दुबोको जिब्रो बनाइन्छ, छारुङ्ग (बाखा)को दूधले पूजा गरिन्छ । प्रत्येक घरबाट ल्याएको अछेता (चामल)लाई पानीमा भिजाएर बेसारले रंगाएर सुङ्गदेलकुमा आएका हरेक मान्छेले हातहातमा दिई सुङ्गदेलकु वरिपरि बसी सुङ्गदेलकु, बयाकु, अन्न पानी फलाई देउ, भलबाढी रोकी देउ भन्दै अछेता छर्दै नागसँग बल मागिन्छ । त्यसपछि नागिरेको घर फर्केर उम्मा तुङ्गतानी (जाँड) खाइन्छ ।


सुङ्गदेल कु (मुल पंधेरो) सच्याउदै, सफा गर्दै
नाग बनाएर पूजा गर्दै पुर्खाहरु

### ४. सुप्तुलु (चुल्हा) खन्याउने तरिका :

खबचुहरु उभौलीमा चै नयाँ नागी पूजा सलल वा चिदाम छिदाम गरिन्छ भने बैशाखे पूर्णेमा साकेलामा गरिने सुप्तुलुको पूजालाई चाँही दालो खन्याउने मात्रै भनिन्छ । यतिखेर घरघरमा नक्छो, तांकु सहित पूर्खाहरु आउँछन् भनेर बिहानै गाईको गोबरले घर लिपपोत गरेर, चोखो उम्मा (जाँड) १५-२० दिन अगाडि नै पकाइ राखिएको हुन्छ । दालो(अगेना) खन्याउदा एउटा बुप्लो (कुखुराको चल्ला), फिरु(पुरानो अदुवा), सुरु(चामल) तयारी गरिएको हुन्छ । नक्छो, ताङ्कु(धामीको साथी) सहित अन्य पूर्खाहरु चोखो उम्मा खानलाई रमाईलो गर्दै सागसागै हिँडिरहेका हुन्छन् । गाउँघरमा हिँड्दा-हिँड्दै पूर्खाहरु रंगेली भैसकेका हुन्छन् । नक्छो र ताङ्कु सुप्तुलु( चुल्ला)को छेउछेउमा गएर चोखो उम्मा फिरु,सुरुले तीन चुल्लाहरुमा...**रुडिलु, "सेरेलु, साखुल"** लाई चढाउदै **"चाचाहाम्मा मासुमे, माधुमे, छमदम मुतानी पुमाबेनी, आमाबेनी, सुम्निम् सलप मुनिम छिरिरि, खररा म मूनि अनिपो"** भनेको -"तिमीहरुको नाती नातिनी ढोले झ्याम्टे नाँच्छन्, बाजेबजु, पितापूर्खाहरू सिमेभुमे नरिसाई दिनु अन्न पानी देउ फूलपाती चढायौ नरिसाउ है"भनेर नक्छोले सुप्तुलुलाई बखानेपछि यो सालको दालो खन्याउने काम सकिन्छ र गाँउमा बाँडिएर गएका पूर्खाहरु, नक्छोहरु सबै जना नागीरेको घरमा जम्मा हुन्छन् ।

५. भूमेपूजा गर्ने बिधि :

खबचु र रिप्लाचु दुवै पगरीको नोक्छोहरु कुवी(नागीरे) पदमबहादुर खबचु राईको घरमा भेला भएपछि यस वर्षको भुमे पूजा सम्पन्न गर्नको लागि छलफल गरी रिप्लाचुको मापा नक्छो श्री जगत बहादुर राईको घरमा प्रम्चाएर (पहिराएर) ल्याउनको लागि उनको घरतर्फ पगरी भाइ मिलेर बनाएको नक्छोलाई पनि त्यहाँ सबै पगरी भाइहरु भेला हुन्छन् । मापा श्री जगत बहादुर राईलाई नागी कुवी पदम बहादुर राईको घरमा ल्याउनको लागि गाउँभरिका पूर्खाहरु हरेक ठिटाठिटीहरु सबैजना जम्मा भई मापाको पहिरन भैइन्जेल आगनमा नाचिरहन्छन् । ढोलेहरू **ढोल ढङ् ढङ ढङ्....**, मासुमेहरु झ्याम्टा **झ्याम् झ्याम् झ्याम्.....** गर्दै नाचिरहेको हुन्छन् । गाउँले युवाहरु गीत गाउदै "**...बहर गोरु हल गर : दाजु भाइ हो बल गर**" भन्दै ढोलेहरु सबैलाई जोश दिइरहेका हुन्छन् । मापा जगत बहादुर राईलाई पहिराई सकेपछि थुलु(ढोल) र हर( झ्याम्टा) बजाउदै नागिरे नक्छोको घरमा सबै भएर लगिन्छ । उता नक्छो श्री पदम बहादुर राई पनि उनैको प्रतिक्षामा हुन्छन् । ल है हामीहरु आईपुग्यौं है भन्दै दूवै पगरीका पूर्खाहरु भलाकुसारी गर्छन् । चिबेन्दीले सबैलाई उम्मा बाँडिदिन्छन् । नक्छो श्री पदम बहादुर खबचुराईलाई पनि प्रम्च्याउनु सुरु गरिन्छ । पहिराउनु पहिले नागिरेको सबै सामानहरू नाङ्लोमा राखिन्छ । नागिरेलाई पहिराउदा सबै पगरी भाइ पूर्खाहरु मासुमे, मादुमे उपस्थित हुन्छन् । बाहिर आँगनमा ठिटाठिटीहरु ढोल झ्याम्टा बजाउदै नाचिरहेका हुन्छन् । मासुमे, माधुमे, तांकु तोकाए (धामीको साथी) सबै हुन्छन् । नागिरेको सामानहरु, थुलु, हर, खार्चा(भाला), सेवारी(टाउकोमा लगाउने दुम्सीको काँडा सहित झुम्का भएको हातले बुनेको फेटा) पगरी(सेतो फेटा), कोट(सुम्निम्मु), फ्याक्सुम(सुनाखरीको धागोले बुनेको झोला)मा चिण्डो र अदुवा बोकेको हुन्छ । बुलिम(घण्टी), चिण्डो( खर्सा) बलंखा(धामी बस्ने काठको पिरा), लाइतो(थुम्से)मा कोदो, कोदोको रोटी, मोदाम (माछा वा चराको मासु), फिर्कु जा(चामलको भात) चोखो उम्मा(माटोको सानो घैटो भित्र) राखिन्छ । नक्छोले पूजा गरेपछि मात्र पहिराउने काम सुरु गरिन्छ ।

ढोलेहरूढोल बजाउदै "**...असिना पानी ओइरियो है हाम्रो धामी पहिरियो है**" भन्दै भित्र नक्छो पहिरिरहेको जानकारी गराइन्छ र बैशाखे पूर्णे साकेला नाच कै लागि भनेर अन्य गाँउबाट आएका हरेक नाता गोता छोरीचेली बाउमाइती सबै मिली दुमी सिलिमा गीत गाउदै "**उकालीको उक्ली मुक्ली हा है मटेउलीको माटो ए होइ स्यामुना : हाँसीमा राखौं, नाचीमा राखौं हा है सम्झनाको बाटो ए होई स्यामुना** " भन्दै स्वरमा स्वर सिलिमा सिलि मिलाई नाचिरहन्छन् । नक्छोलाई पहिराई सकेपछि नागिरे अघिअघि मापा, तांकु तोकाया अनि मासुमे, माधुमे सबै जना सुप्तुलुलाई तीन फन्को घुमेपछि नक्छोहरु लाइतो लिन गइन्छ । सबैको सरसल्लाह बमोजिम लाइतो खबचु श्री मुगाधन राई र रिप्लाङ्ग श्री प्रेम राईको घरमा राख्दै आइएको छ । नागिरेको घरबाट लाइतो लिन दुवै घरमा गएपछि त्यहाँबाट सोझै इंखुलुमा गइन्छ । इंखुलुमा पुगेपछि देवीथानबाट ल्याएको छुरु गाडी त्यसको मुन्तिर सबै लाइतोलाई राखिन्छ । अनि इंखुलुलाई नक्छोहरुले पूजा गरेपछि सम्पूर्ण सामानहरु त्यहीं नै खोलेर राखिन्छ । (रातको १० बजे नै शुरु गरिएता पनि यतिबेला रातको १-२ बजेको हुन्छ ।) अन्य गाउँहरु (माक्पा, हंचुर, खार्मी, ससर्का, पुरानो गाउँ, पोखरी, राईसिङ्गे)बाट आएका नाता गोताहरु पनि इंखुलुमा रातभरि नाच्छन् । तैपनि केही पूर्खाहरू इंखुलुमा सुत्नु पर्ने प्राबधान भएकोले त्यही सुत्छन् ।




भुमेथान लैजानको लागि दुई जना पूर्खाहरू बिहानै सुडदेलकु गई बाँसको ढुंग्रोमा चोखो पानी ल्याउँछन् र बिहान गाउँका प्रत्येक घरका एक-एक जना इंखुलुमा भेला हुन्छन् । सबैले कुटो कोदालो लिएर आएका हुन्छन् । इंखुलुदेखि भुमेथानसम्म पुग्ने सबै बाटाहरु मर्मत तथा सम्मार गर्दै भुमेथानको वरिपरि समेत सफा गरिन्छ । बिहान खाना खाईवरी सबै गाउँलेहरु इंखुलुमा नाच्न भेला हुन्छन् । भुमेथानमा जानको लागि फेरि नक्छोलाई प्रम्च्याउछन् । प्रम्च्याइसकेपछि भुमेपूजाका लागि आवश्यक सामानहरु लिई मापा, तांकु, तोकाय, मासुमे, ढोले, सहित गाउँलेहरु नागिरेलाई अगाडि लगाई भुमेथानतर्फ लाग्छन् । पितापूर्खाहरुको भनाई अनुसार बाटोमा केही ढिलो भएमा भुमेथानतर्फ जाँदा भूमेथानबाट नाग बीच बाटोसम्म मुख फिजाएर लिन आउँछ । (जसको एउटा मुख आकाशतिर हुन्छ भने अर्को जमीनतिर हुन्छ ) नागिरेले मुन्धुममा भाला तेर्स्याई चोखो उम्माले छर्किदै र अदुवा हान्दै फकाउदै भुमेथानतर्फ लैजानु पर्छ । भुमेथान पुगेपछि नागले भुमेलाई बेरेर राख्छ भन्ने जनविश्वास रहिआएका छ । ढोले झ्याम्टेहरु "**...सोइ ढोले सोई अर्को ढोले खोई**" भन्दै उफ्रिरहेका हुन्छन् । भुमेथान एकदमै ठूल्ठूला रुखहरुको छहारीभित्र अवस्थित छ । देवीथानमा झै त्यहाँको पनि घाँस, दाउरा, फूलहरु आदि समेत टिप्न, फोहोर गर्न, अरु बेलामा त्यसभित्र जान नहुने । यदि त्यसो गरिएमा गउँमा अनिष्ट हुने विश्वास रहिआएको छ ।




नागिरे, तांकु, मासुमे, मादुमे सबै जनाले भुमेलाई खुशी पार्न भुमेथानलाई पुग्ने बित्तिकै तीन फन्को घुम्नुपर्छ । ढोल झ्याम्टा बेस्सरी बजाउनु पर्छ । मासुमेहरुले झ्याम्टाको तालमा र ढोले ठिटाहरुले जोडले ढोल ठोक्दै "गोरुको मासु धानको भात किरातीको यही हो जात" भन्दै उफ्रदा साथी साथी वा कसैलाई खुट्टाले छोएमा ढोलेहरु गीतबाटै "तीनतले घरको लाई लिस्नु : कुल्चियौं भने हाई बिस्नु" भन्दै क्षमा माग्दै नागिरे, तांकु, मासुमेको पछिपछि लाग्छन् । त्यसपछि भुमेलाई नागले छोडिदिन्छ । अनि

नोक्छोहरु तांकु तोकाय, मासुमे, पूर्खाहरु भुमेथानभित्र प्रवेश गरी छुरु गाडिन्छ । लाइतोमा ल्याइएको सामानहरु झिकी केराको पातमाथि राखिन्छ । अनि नागिरेले मुन्धुममा बखानेपछि भुमे रहेको स्थान जमीनभित्र कहाँ छ भनी पत्ता लगाउँछन् । त्यहाँ खोज्नु भनेर चिण्डोको चोखो उम्माले चिन्ह लगाइदिन्छ । त्यसपछि तांकु पूर्खाहरु भुमे खन्छन् । भुमेलाई निकालेर सुङदेलकुबाट ल्याएको चोखो पानीले सफा गरी केराको पातमा राखिन्छ । धागोले वरिपरि बेरेर सिन्दुर समेत लगाइदिन्छन् । चोखो उम्मा, मदम, अदुवा, बेसारले रंगाएको अछेता चामलले सबैले भुमेलाई पूजा गर्छन् ।

भूमेलाई कुखुराको भाले र पोथीले पनि भोग दिई त्यसलाई भूमेथानमा नै बनाई प्रसादको रुपमा बाँडिन्छ । त्यसरी भूमेलाई सम्पूर्ण किसिमले पूजा गरिसकेपछि नोक्छोहरु सबै जना बाहिर निस्कन्छन् । बाहिर निस्केर सबैसँग भलाकुसारी गरी बेसार पानीमा भिजाएको चामल अछेता सबै गाऊँले, अतिथि पाहुनाहरुलाई बाँडी दिन्छन् । त्यसपछि पुनः घरतर्फ फर्कनलाई सबैजना तयार हुन्छन् । नोक्छोहरु, तांकु, पूर्खाहरु, ढोलेहरु सबैले पुनः भुमेथानलाई ३ फन्को घुम्नुपर्ने हुन्छ । ढोलेहरु, "**कोदो, मकै कमैमा : बाँचियो भने समैमा**" भनेर बिदाईको अनुभुति दिन्छन् ।

## ६. घर फर्कने तयारीमा ढोलेहरु :

भूमेथानबाट सबैजना नागिरेको आगनमा छुरु गाडेको ठाऊँमा भेला हुन्छन् । अब जालीम (प्रकृति, भुमी, माटो)को पूजा गरिन्छ । त्यहाँ गाऊँभरीका प्रत्येक मान्छेले आ-आफ्नो बारीको मकै, बोक्सासीको बोट माटोसंगै (लुजाम सावे) कोदोको रोटी, एक कठुवा जाँड ल्याई सबैले एकै ठाँउमा राख्छन् । त्यसपछि नागिरे र कुवि पालैले साक्लीफु, सावेलुजामले चारीचुरी गर्छन्, त्यसो गर्दै सबैले आ-आफ्नो मकैको बोट चिन्दै घर लगी पुनः त्यसलाई रोप्नु पर्छ । नागिरेले यसरी पूजा गर्दा अन्नको सह जुन घरको मकैको बोटमा बसेको नागिरेले देख्छ, यस सालको सह(जसम) त्यसैको घरमा भई त्यो घरको खेती सप्री अन्नबाली बढ्छ । यस सत्यलाई त अहिलेको पुस्ताले पनि अनुभव गरेका छन् ।


घर फर्कने तयारीमा नागिरे मासुमे ढोलेहरु

जालिम पूजा सकिएपछि पुनः सबैजना इंखुलुतर्फ नै लागिन्छ । त्यहाँ गएर अघिल्लो दिन नै लाइतोमा जो बिरामी छ, उसले प्रयोग गरेको कपडा (लासो) राखिएको हुन्छ त्यसलाई पालैले जोखना हेरिन्छ । छुरु(सेउली)को पातबाट चिटपोट उत्तानोलाई चिट, घोप्टोलाई पोट मानी कचुर हानिन्छ । प्रत्येकको लागि ६ वटा पात फाल्दा दुवै चिट पोट आए राम्रो, तर पोटैपोट वा चिटैचिट आएमा त्यस ब्यक्ति वा उसको परिवारमा अनिष्ट हुने सम्भावना रहन्छ । त्यहाँबाट हिजो लाइतो लिएको घरमा नै पुनः पुऱ्याउन गइन्छ । त्यतिखेर सबै ढोलेहरु "**गहुँको वाला खुरियो हाम्रो भूमे तुरियो**" र "**कोदो, मकै कमैमा, बाँचियो भने समैमा** "भन्दै विदाई गर्न तयार हुन्छन् । हाम्रो यो पर्वमा कतै भूलचूक भयो कि भनेर नरनाता, इष्टमित्र, दरदाज्युभाइसँग ढोलेहरु "**रावै खोला तापखोला गल्ती भए माफ होला**" भन्दै बिन्ती गर्दछन् । लाइतो दुवै घरमा पुऱ्याई सकेर नोक्छोहरु नागिरे पदम बहादुर राईको घरमा जम्मा भई जाँड खाएर भलाकुसारी गरी यस सालको सकेलाको विट मार्छन् ।

भूमे पूजा, साकेला सकिए पनि देवी देउरादी पुज्ने क्रम अझै बाँकी छ । वैशाखे पूर्णेको दिन शुरु गरेर फेरि पञ्चमीको दिन तल्लो गार्देलमा रहेको मालीका देवीको पूजा गरिन्छ । कालिका देवीलाई झैं सम्पूर्ण आवश्यक सामाग्रीहरु यसलाई पनि चाहिन्छ । यस देवीलाई खास गरेर भलवाढी, असिनाबाट जोगाई देउ भनेर यसको पूजा गरिन्छ । यस देवीलाई पनि गाऊँलेहरुले भाकल गरेका हुन्छन् । यहाँको पूजा गरिसकेपछि मास्तिर खेतमा निस्की घरबाट ल्याएको ढिँडो, भातसँग राजपूजाको पाठा, कुखुराको मासु बाँडीचुँडी खान्छन् । त्यहाँ विशेष यस सालको आम्दानी खर्च विवरण (आय-व्यय) भूमे समितिले गाउँलेलाई सुनाउँछन् । सबै जनाले थपडी बजाएर सहमति जनाउछन् अनि नयाँ समिति गठन गर्ने वा त्यही समिति राख्ने छलफल गरी निर्णय गर्दछन् ।

त्यहाँबाट मूल पधेरो (सुदेल कु ) तर्फ सबैजना लाग्छन् । त्यहाँ ६ भाइ कन्य केटाहरु तल मालिका देवी पूजामा नै पाठीको खुट्टा खुवाएर जोगी बनाउनको लागि तयार गरिसकिएको हुन्छ । निजहरुलाई मूल पँधेरोमा नुहाई धुवाई गरेर कमेरो (सेतो) माटोले रंगाई कोइलाले जुँगा, त्रिशुल इत्यादि बनाई बाँसको चोयाको खुँगी, (जसमा गाँऊलेले दिएको अक्षता, भेटी राखिन्छ ) हातमा भलायो (रुख) को हाँगाको तरवार बनाई २-२ भाइको जोडी गाउँको ३ तिरबाट कुनै घर पनि नछोडी अक्षता भेटी भेला पार्न सुंदेल कु को चोखो पानीले पछ्र्याएर विदा दिइन्छ । ती जोगीहरु गाउँमा डुल्दा कसैसँग पनि बोल्न नहुने हुन्छ । यी जोगीहरुले भेला पारेको अक्षता भेटीले सनसारी माईको पूजा गरिन्छ ।

खास गरेर संसारी माइको पूजा, रोगब्याधी, देशानहरु जै जाओस भनेर गाउँभरिबाट अक्षता भेटी जोगीद्वारा भेला गरेर संसारी माइको पूजा बाखाको पाठी, कुखुराको वास्ने भाले र पोथी एक जोर परेवा काटी गाउँभरिको मान्छे भेला भएर पूजा गरि यस सालको भूमे, इंखुलु, सुंदेलकु जालिम पूजा, नाग पूजा, सनसारी पूजा, देवी, देउराली, सिकारी, खोलानाला सबैको पूजा गर्ने क्रमको अन्त्य हुन्छ ।

सुङ्गदेलकोमागाउ डुल्न जान तयारी भएका जोगीहरु



**स्रोत व्यक्तिहरु**

बैदाङ्ग कर्ता मनबहादुर राई,
अनुभवी पूर्खा श्यामबहादुर राई
नागिरे कुवी श्री पदमबहादुर राई,
मकर राई, सूर्य राई,
विशेष सहयोगी राजेन्द्र राई

——— **मुचि ।** ———

गाउघरमा अक्षताभेटी उठाउन आएका जोगीहरु



# A hundred word list (स्वाडेश सय शब्द)

- नेत्रमणि दिक्पा-हलक्सु दुमीराई

| | Dumi(दुमी) | English(अँग्रेजी) | Nepali(नेपाली) | Dumi(दुमी) |
|---|---|---|---|---|
| १ | (तुक्) | | (म) | aangu (अङु, आङु) |
| २ | (सक्) | you | (तिमी) | anu/aani(आनि्) |
| ३ | (सुक्) | we | (हामी) | inki (इङ्की,उङ्कु) |
| ४ | (बुक्) | this | (यो) | tamताम्) |
| ५ | (नेक्) | that | (त्यो) | mam (माम्) |
| ६ | (रेक्) | who | (को) | aasu/aasi(आसि्) |
| ७ | (सेक्) | what | (के) | mo(मो) |
| ८ | (उक्) | not | (हैन) | mono (मोनो) |
| ९ | (नुक्) | all | (सबै) | khala/jhara(खल,झारा) |
| १० | (तुक्सी) | many | (धेरै) | dumo (दुमो) |
| ११ | (तुक्तु) | one | (एक) | tukli (तुक्ली) |
| १२ | (तुक्स) | two | (दुई) | sakli (सक्ली) |
| १३ | (तुक्सु) | big | (ठूलो) | ghalsa/ghalpa(घल्सा,घल्पा) |
| १४ | (तुक्बु) | long | (लामो) | songsa(सोङ्सा) |
| १५ | (तुक्ने) | small | (सानो) | tilsaa (तिल्सा) |
| १६ | (तुक्रे) | woman | (आइमाई) | misma(मिस्मा) |
| १७ | (तुक्से) | man | (मानिस) | laswa (लस्वा) |
| १८ | (तुक्कु) | person | (व्यक्ति) | minu (मिनु) |
| १९ | (तुक्नु) | fish | (माछा) | ngu (ङु) |
| २० | (सक्सी) | bird | (चरा) | silpu (सिल्पु) |
| २१ | (सक्तु) | dog | (कुकुर) | khliba (ख्लिबा) |
| २२ | (सक्स) | louse | (जुम्रा) | syar (स्यार) |
| २३ | (सक्सु) | tree | (रुख) | bu: (बु) |
| २४ | (सक्बु) | seed | (बीऊ) | ra:ru (ररु) |
| २५ | (सक्ने) | leaf | (पात) | saphu(सफ्) |
| २६ | (सक्रे) | root | (जरा) | suphar (सुफार) |
| २७ | (सक्से) | bark | (बोक्रा) | kwa (क्वा) |
| २८ | (सक्कु) | skin | (छाला) | sako (साको) |
| २९ | (सक्नु) | flash | (मासु) | su (सु) |
| ३० | (सुक्सी) | blood | (रगत) | hi (हि) |
| ३१ | (सुक्तु) | bone | (हाड) | salu (सालु) |
| ३२ | (सुक्स) | grease | (बोसो) | tsadwa(छद्वा) |
| ३३ | (सुक्सु) | egg | (अण्डा) | phati (फाती) |
| ३४ | (सुक्बु) | horn | (सिङ) | ghro (घ्रो) |
| ३५ | (सुक्ने) | tail | (पुच्छर) | miri (मिरी) |
| ३६ | (सुक्रे) | feather | (प्वाँख) | swam(स्वाम्) |
| ३७ | (सुक्से) | hair | (कपाल) | doswam(दोस्वाम्) |
| ३८ | (सुक्कु) | head | (टाउको) | dakhla(दख्ल) |
| ३९ | (सुक्नु) | ear | (कान) | ngicho(ङिचो) |
| ४० | (बुक्सी) | eye | (आँखा) | miksi (मिक्सी) |
| ४१ | (बुक्तु) | nose | (नाक) | nu (नु) |
| ४२ | (बुक्स) | mouth | (मुख) | kwam(क्वाम्) |
| ४३ | (बुक्सु) | tooth | (दाँत) | ngilo (ङिलो) |

| | | | | |
|---|---|---|---|---|
| ४४ | (बुक्बु) | tongue | (जिभ्रो) | lyem (ल्येम्, ल्याम्) |
| ४५ | (बुक्ने) | finger | (औँला) | sendi (सेन्दि,आँउली) |
| ४६ | (बुक्रे) | leg | (खुट्टा) | phalu (फलु) |
| ४७ | (बुक्से) | knee | (घुँडा) | tumchhu(तुम्छु) |
| ४८ | (बुक्कु) | hand | (हात) | khur (खुर) |
| ४९ | (बुक्नु) | belly | (पेट) | mupu (मुपु) |
| ५० | (नेक्सी) | neck | (घाँटी) | taktshu(तक्छु,ताक्छी) |
| ५१ | (नेक्तु) | breast | (छाती) | dhakdu(धक्दु) |
| ५२ | (नेक्स) | heart | (मुटु) | tshuwa(चुवा) |
| ५३ | (नेक्सु) | liver | (कलेजो) | lumu (लुमु) |
| ५४ | (नेक्बु) | drink | (पिउनु) | tung(लब(तुङ्ना) |
| ५५ | (नेक्ने) | eat | (खानु) | dzu-na(जुना) |
| ५६ | (नेक्रे) | bite | (टोक्नु) | ka-na (काना) |
| ५७ | (नेक्से) | see | (हेर्नु) | sen-na(सेन्ना) |
| ५८ | (नेक्कु) | hear | (सुन्नु) | ngi-na (ङिना) |
| ५९ | (नेक्नु) | know | (जान्नु) | cok-na/chuk-na(कोक्ना,चुक्ना ) |
| ६० | (रेक्सी) | sleep | (सुत्नु) | imsi-na(इम्सिना) |
| ६१ | (रेक्तु) | die | (मर्नु) | mi-na (मिना) |
| ६२ | (रेक्स) | kill | (मार्नु) | se-na (सेना) |
| ६३ | (रेक्सु) | swim | (पौडनु) | chlemsi-na(क्लेम्सिना) |
| ६४ | (रेक्बु) | fly | (उड्नु) | byar-na(ब्यार्ना) |
| ६५ | (रेक्ने) | walk | (हिँड्नु) | lamthi-na(लाम्थिना) |
| ६६ | (रेक्रे) | come | (आउनु) | hu-na (हुना) |
| ६७ | (रेक्से) | lie | (पल्टिनु) | thisi-na(थिसिना) |
| ६८ | (रेक्कु) | sit | (बस्नु) | ngaisi-na(ङाइसिना) |
| ६९ | (रेक्नु) | stand | (उभ्नु) | ryapna(-याप्ना) |
| ७० | (सेक्सी) | give | (दिनु) | bi-na (बिना) |
| ७१ | (सेक्तु) | say | (भन्नु) | aa-na (आना) |
| ७२ | (सेक्स) | sun | (घाम्) | nam (नाम्) |
| ७३ | (सेक्सु) | moon | (जुन्) | lölmutu(लल्मुतु) |
| ७४ | (सेक्बु) | star | (तारा) | songer(सोङ्गेर) |
| ७५ | (सेक्ने) | water | (पानी) | kangku(काङ्कु,कङ्कु) |
| ७६ | (सेक्रे) | rain | (झरी) | hu (हू) |
| ७७ | (सेक्से) | stone | (ढुङ्गा) | lu (लू) |
| ७८ | (सेक्कु) | sand | (बालुवा) | sigyama(सिग्यामा) |
| ७९ | (सेक्नु) | clay | (माटो) | pukhu (पुखु) |
| ८० | (उक्सी) | cloud | (वादल) | haksu (हाक्सु) |
| ८१ | (उक्तु) | smoke | (धुवाँ) | mikhuma(मिखुमा) |
| ८२ | (उक्स) | fire | (आगो) | mi (मी) |
| ८३ | (उक्सु) | ashes | (खरानी) | pu (पू) |
| ८४ | (उक्बु) | burn | (बाल्नु) | gra-na(ग्राना) |
| ८५ | (उक्ने) | path | (बाटो) | lamdu (लाम्दु) |
| ८६ | (उक्रे) | hill | (पहाड) | तयथब (तोया) |
| ८७ | (उक्से) | red | (रातो) | halalam(हालालाम्) |
| ८८ | (उक्कु) | green | (हरियो) | walu (वालु) |
| ८९ | (उक्नु) | yellow | (पहेँलो) | omloma(ओम्लोमा) |
| ९० | (नुक्सी) | white | (सेतो) | bubum(सेतो) |
| ९१ | (नुक्तु) | black | (कालो) | maktsupu(माक्चुपा) |
| ९२ | (नुक्स) | night | (रात) | sinam (सिनम्) |
| ९३ | (नुक्सु) | hot | (तातो) | haksa (हाक्सा) |
| ९४ | (नुक्बु) | cold | (चिसो) | chhuksa(छुक्सा) |
| ९५ | (नुक्ने) | full | (भरि) | venthe(भेन्थे) |

| | | | | |
|---|---|---|---|---|
| ९६ | (नुक्रे) | new | (नयाँ) | malom(मालोम्) |
| ९७ | (नुक्से) | good | (राम्रो) | khanuksa(खानुक्सा) |
| ९८ | (नुक्कु) | round | (गोलो) | khiriripa(खिरिरिपा) |
| ९९ | (नुक्नु) | dry | (सुकेको) | hangsa(हाङ्सा) |
| १०० | (सिम्) | name | (नाम) | nu (नू) |

० (सुन्य - सी)
१ (एक - तुक्)
१० (दश - तुक्सि)
१०० (सय - सिम्)
१,००० (हजार - हिम्)
१,००,००० (लाख - लिम्)
१,००,००,००० (करोड - क्रिम्)
१,००,००,००,००० (अरब - रिम्)
१,००,००,००,००,००० (खरब - खिम्)
१,००,००,००,००,००,००० (नील - निम्)
१,००,००,००,००,००,००,००० (पद्म - पिम्)
१,००,००,००,००,००,००,००,००० (शँख - ङिम्)

मूचि ।

# जानि राखौं ।

- सुजाता थुलुङ्गराई, मनकामना मा.वि.
दक्षिणढोका, गोकर्ण, काठमाण्डौं

१. सर्बप्रथम प्रजातन्त्र आएको देश ग्रीस हो ।
2. The area of Nepal is 147,181 square kilometers.
३. बि.सं. २०३० साल असार २५ गते सोमबार सिंहदरबारमा आगलागि भएको थियो ।
4. Sir Edmund Hillary and Tenzing Norgay took four flags to the Mt. Everest, they are:- The Nepalese, The Indian, Union Jack and UN flag.
५. २५ करोड बर्ष अघिदेखि अहिलेसम्म रुप परिवर्तन नहुने जीव साङ्लो हो ।
6. The normal temperature of human body is 96° F or, 35.5° c.
७. शनिबार विदा दिने चलन चलाउने राणा प्रधानमन्त्री भीम शमसेर हुन् ।
8. Humming bird is the smallest bird which can also fly backward.
९. नेपालमा सबभन्दा पहिले जनगणना बि.सं. १९६८ सालमा गरिएको थियो ।
10. The instrument which is used to measure sadness is called algometer.
११. विश्वको सबैभन्दा कम क्षेत्रफल भएको देश भ्याटिकन सिटी हो ।
12. Baglung district of Nepal has a map similar to the country, Nepal.
१३. क्षेत्रफलको आधारमा नेपाल विश्वको ९०औं स्थानमा पर्छ ।
14. The Radio boardcasted in Nepal for the first time in 2004 B.S.
१५. नेपालको सबैभन्दा पुरानो दैनिक पत्रिका गोरखापत्र हो ।
16. The first and last kirat kings of Nepal were Yalamber and Gasti respectively.
१७. घामको किरणमा भिटामिन डी पाईन्छ भने वर्षाको पानीमा भिटामिन बी$^{१२}$ पाइन्छ ।
18. Guinese book was first published in London on 26th August 1955.
१९. देशको नाम र मुद्राको नाम एउटै भएको देश जायर हो ।
20. The country which doesn't postage its name on the stamp is Great Britain.

# समाजसेवी श्री रामबहादुर दुमीराईसँगको भेटवार्ता

खोटाङ जिल्लाको उत्तरी भेग जालपा गा.वि.स. वार्ड नं. ९, दुमीराईगाऊँ खरदेल(खरबारी)मा बाबु तायामी एवं नक्षी वर्णध्वज दुमी(खवचु)राई र आमा चन्द्रीमाया दुमी(खारुबु)राईको कोखबाट जेठो छोराको रुपमा १९९१ साल बैशाखे पूर्णिमाका दिन जन्मी जन्मथलोमा नै हुर्किएर बि.सं. २००२ सालमा म्यामशोभा दुमी (खालिङ)राईसँग बिबाह बन्धनमा बाँधिनु भएका दुमी किरात राई फन्सिकिम (दुकिराफ) केन्द्रीय कार्य समितिका भू.पू.सदस्य, जेष्ठ तथा तायामि परिषद्का संयोजक एवं 'इसिलिम का सल्लाहकार, भू.पू.सैनिक, समाजसेवी एवं सक्रिय राजनीतिक ब्यक्तित्व श्री रामबहादुर दुमीराईसँग काठमाण्डौमा इसिलिमका प्रतिनिधि चतुरभक्त दुमीराई र नेत्रमणि दुमीराईले २०६१ भाद्र ७ गते लिएको प्रत्येक्ष भेटवार्ता प्रस्तुत छ।



समाजसेवी श्री रामबहादुर दुमीराई श्रीमतीका साथ

***इसिलिम-१,तपाई जन्मँदाको आफ्नो पारिवारिक वातावरण र बाल्यकालबारे प्रष्ट पारिदिनोस् न ?***

परिवारमा मेरो जन्म जेठो छोराको रुपमा भएकोले भाइ-बहिनीहरुको हेरचाह लगायत घरको हरेक काममा सघाऊ पुऱ्याउनु पर्थ्यो । उमेर बढ्दै जाँदा गोठाला गर्दैमा दिनहरु बित्ने गर्थे । त्यो बेला सिधा जमाना, लाटो समय, हाम्रो गाऊँ-समाजमा कोही शिक्षित मान्छे नै थिएनन् । सबैजना असाध्य लाटो, सोझा थियौं । म मात्र नभएर त्यो बेलाको सबै दौंतरिहरु आजभोलिको बाल-बच्चाहरु जस्तो विद्यालय गएर लेखपढ गर्ने चलन नै थिएन। त्यस्तो स्थितिमा कहिलेकाहीं काठको पाटीमा अँगारले पोतेर यसो साऊँ अक्षरसम्म पढियो। हाम्रो बुवा गाऊँमा बही तमसुक लेख्नजान्ने हुनाले उहाँबाट नै अंकहरु लेख्न र क,ख, .....चाहिँ छिचोलियो । यसरी नै मेरो बाल्यकाल चाहिँ बित्यो ।

***इसिलिम-२, त्यस बेला गाऊँघरका युवाहरु लेखपढ गर्ने चलन थिएन कि कसो ?***

त्यो बेलामा भेला भएर पढ्ने चलन त थिएन। तर गाऊँमा एकजना पुरोहित बसाई सरेर माथि गाऊँमा आएको थियो । बुवाले उसैलाई टोलको दुई-चार जना हामी केटाहरुलाई लेखपढ गर्न सिकाइदिनु पऱ्यो भनेकाले दुनअंक र पहिला किताब अनुसारको नेपाली सावाँ अक्षर छ महिना जति पढाइदिदा निक्कै फाइदा भयो । पढाए बापत पुरेत बाजेलाई केही पारिश्रमिक समेत दिइन्थ्यो ।

***इसिलिम-३, महिलाहरु चाहिँ पढ्ने चलन थिएन कि कसो ?***

त्यो अवस्थामा महिलाहरुलाई पढ्नुपर्छ भन्ने थाहा नै थिएन । महिलाहरु पढे भने त बोक्सि हुन्छन् भन्ने चलन नै थियो

***इसिलिम-४, हजुरको बुवाको त्यो बेलामा गाऊँमा विषेश भूमिका रहन्थ्यो कि कसो ?***

हाम्रो बुवा चाहिँ गाऊँको भूमेधामी पनि हुनुहुन्थ्यो । त्यसो भएको हुनाले आफ्नो मौलिक संस्कृति र धार्मिक कार्यहरुबारे उहाँ आफै पनि निक्कै सचेत भएको हुनाले हामीहरुलाई पनि बताउने र सचेत गराउने गरिनै रहनुहुन्थ्यो । आफ्नो परिवार भित्रको साथसाथै हामी छोराछोरीहरुलाई मात्र नभएर वल्लघर पल्लघरदेखि टोलछिमेकका सबैलाई लेखपढको लागि सल्लाह दिने गर्नुहुन्थ्यो ।

***इसिलिम-५, गाउँको भूमेको कुरा निस्क्यो, त्यो बेलाको र अहिलेको भूमे गराइमा कुनै फरक पाउनुभा'छ ?***

सकेसम्म त पहिले कै चलन अनुसार नै गर्दैआएका छन्। यदाकदा दाकाप्चीहरु हु-बहु हुन नसक्ला, बाँकी बिधिहरु त भरसक प्रयास गहिरहेकै छन्। बरु अलिकति फरक चाहिँ भूमेधामीलाई साथ दिने ढोले र मासुमे पहिले जति निपूण हुन्थे, अहिले आएर सिपालु र पोक्त नभै जो पायो उहीं नै ढोले र मासुमे हुने हुनाले सिलि टिपाईमा पहिलेको जस्तो ल्याउदैनन् नै ।

***इसिलिम-६, बिगतदेखि वर्तमानसम्मलाई विचार गर्दा के कारणले यसरी पुरानो सिलिहरु लोप हुदैछ भन्ने लाग्छ यहाँलाई ?***

बुढापाकाहरुले पहिले के कसरी गर्थे, परम्परा के कस्तो

रहिआएको छ भन्ने तरिका र विधिहरुतिर ध्यानबिचार पुऱ्याउन र भाँति पुऱ्याएर सिक्न कोशिश गरेनन् अहिलेका नयाँ पिढिँहरुले। जो पायो उसैले ढोले र मासुमे बन्यो सिलिको ताल नै नमिलाइकन आ-आफ्नो कर्तब्य र जिम्मेवारीप्रति ख्यालै नगर्ने चलन बढेको छ। त्यसो हुदा पुरानो सिलिहरु हराउदै छन्।

***इसिलिम-७, त्यो बेलामा पैसाको चलन चाहिँ थियो वा थिएन होला ?***

त्यै डोली पैसाहरु, मोहरहरु, पुनिऊँको डण्ठा काटेको जस्तो पैसाहरु नै चलन चल्तिमा थिए। कम्पनि पैसा कुच्याएर आठानी चारानीको हारी, चुरा आदि बनाएर लगाउने गर्थे। लिम्बुहरुले गाऊँघरमा जगर किन्न आऊँदा तामाको पाँच पैसे ढकहरु ल्याउने गर्थे। नोटहरु चाहिँ त थिएन नै।

***इसिलिम-८, डोली पैसा चाहिँ कहाँ बनेको थियो होला ?***

नेपालमा नै बनेको हुनुपर्छ। किनभने त्यस बेलाको पाँच पैसे ढकमा पछिपछि राम्ररी हेर्दा छाप चाहिँ लागेको हुन्थ्यो। धनकुटा भनेर लेखिएको थियो राणा शासनकालमा।

***इसिलिम-९, गाऊँले परिवेशबाट बाहिरिएर कसरी सेनामा भर्ति हुनपुग्नुभयो त ?***

एक त सानोदेखि नै लाहुरे हुन मेरो प्रबल इच्छा थियो। यतिकैमा २००७ सालमा हौंचुरमा मखमले कार्की मारेको सुनेर हामी रमित हेर्न त्यहाँ गा'को। लौ युवाहरु को-को वखलढुङ्गा जान्छौ ? भनेर त्यहाँका ठूलाबडाहरुले सोधेपछि त्यतैबाट हामी नौ दशजना केटाहरु मिलेर सिपाहीँमा भर्ति हुने भनेर वखलढुङ्गा गयौं। पछि ऐसेलुखर्कमा मामा कप्तान(श्रीमानबहादुर नाछिरीङ्गराई)को बडिगार्ड भएर सेवा गरैं। त्यसपछि मामाले काठमाण्डौ जाने ? भनेर सोध्नुहुदा हुन्छ जान्छु भनेपछि उहाँहरुले नै वखलढुङ्गा छनौट हुन जानको लागि अवसर मिलाई दिनुभयो। त्यहाँ गएपछि नभन्दै छनौटमा पनि परियो। अनि छनौटमा परेका हामी सबैजना काठमाण्डौ आयौं।

***इसिलिम-१०, काठमाण्डौ आइसकेपछि नि.....?***

यहाँ काठमाण्डौमा आइपुगेपछि मुक्तिसेना भनेर सिङ्गदर बारमा तीन बटालियन राखे। करीब एक बर्ष सेवा गरिसकेपछि के.आई.सिं काण्ड चल्यो। हामी सबैलाई मोटरमा लादै नाराणहिँटी राजदरबारभित्र राख्यो। दिनभरि भोकभोकै पऱ्यौं। बेलुकातिर चिउरा खाजा खान दिएर फेरि मोटरमा चढ्न लाएर त जम्मैलाई सेन्ट्रल जेलमा लगेर राखे। दिनभरि शहरैभरि डाङ्गडाङ्ग र डुङ्गडुङ्ग गोली चल्यो। हामी मात्र छुट्टै गार्डमा थियौं। रामप्रसाद राई र डा.के.आई.सिँह चिनतिर भागेको कुरा पछि पो सुनियो। रामप्रसाद त त्यतै गायव पनि भए। तर के.आई.सिंह भने पछि नेपाल आएर प्रधानमन्त्री पनि भए। ३३ दिन थुनेपछि बल्ल निस्क्यौं हामी, बयान लिदै छाड्नथाल्यो। किरण शम्सेर थियो, कमाण्डर इन चिफ (Commander in chief ), नर शम्सेर आई.जी.पी. (IGP), उनीपछि चाहिँ जी.बी. याक्थुम्बा भए (IGP)। २००९ सालको कुरा हो यो, ऊनले तीनै बटालियनलाई मिसाएर सबलाई छिन्नभिन्न पारे। पछि एन.ए.सी.(NAC), ट्राफिक(Traffic), सिभिल प्रहरी (Civil Police) गरी तीन अलग समूहहरुमा बाँडफाँट गरे।

***इसिलिम-११, तपाईं आफू चाहिँ कुन समूहमा पर्नुभयो र के-कस्तो कर्तब्य निर्वाह गर्नुभयो ?***

म आफू चाहिँ एन.ए.सी.(NAC-Nepal Armed Constable) अन्तर्गत परेँ। त्यसैबेला मैले हतियार चलाउन पनि सिकेँ। ०१६ सालका समूह विभाजनमा होमगार्ड(Homeguard)मा गएँ, जुन समूह नै पछिगएर बर्दबहादुर गणले चिनिए पनि त्यो बेलामा भने आर्मीको अण्डरमा रहेको थियो। त्यसमा रहदा निकै आधारभूत तालिमहरु गरियो। मेरो हवल्दारमा पदोन्नति पनि त्यसै बेलामा हुदाखेरी आफूमा हौसला निक्कै बढ्यो।

***इसिलिम-१२, शुरुमा वखलढुङ्गा पुगेर युद्धको तयारी चाहि के-कसरी गर्नुभयो ?***

त्यहाँ पुगेपछि एक हप्ता जति मट्याङ्गरे राईफल हान्ने तालिम दिए। त्यो भन्दा अरुबढि त खासै केहि गर्नै परेन नि। बीस-बीस राउण्ड गोली लिएर युद्धमा भिड्न जानुपर्थ्यो। गोली सकिएमा फेरि पोतमा लिन आउनुपर्थ्यो।

***इसिलिम-१३, त्यस बखतको स्मरणयोग्य अरु पनि घटनाहरु भए.....?***

मुगाधन, रामप्रसाद सबैजनासँग त्यही नै हाम्रो भेट भएको थियो। टोक्सेलबाट नेपाल फौज(राणातर्फको) आउदा म त्यहिं वखलढुङ्गामा नै थिएँ। तीनिहरुले माने भञ्ज्याङ्गबाट आक्रमण गर्दाखेरि हामी रिक्रुटहरु अनि एक दुईजना लाहुरेहरु समेत गरि असिनेमा थियौं। त्यहाँ त दुई तीन पटक नै दोहोरो भिडन्त भयो। पछिल्लो पटक पनि गोली सकेर पोतमा माग्न आउदा छैन भने पछि हामी गाऊँलेहरु पोतमा राईफल छोडिराखेर ठोट्ने खोला हुदै भागेर घर आयौं।

***इसिलिम-१४, अघि ऐसेलुखर्कको प्रसङ्ग उठ्यो, त्यहाँको तत्कालिन वस्तुस्थितिबारे अरु प्रष्ट पारिदिनोस् न ?***

२००८ सालमा वखलढुङ्गाबाट फिरेपछि म चाहिँ ऐसेलुखर्क गएर भर्णा भएँ। मामा कप्तान पनि त्यहिँ हुनुहुन्थ्यो। पदम बहादुर हेड र कप्तान मानबहादुर सेकेण्ड थिए। म चाहिँ त्यहाँ उहाँहरुको बडिगार्डको रुपमा नौ-दश महिना बसें। त्यसै बेलामा ऐसेलुखर्कबाट ५०-६० जना उत्सुक युवाहरु वखलढुङ्गामा हर्कराज क्याप्टेन कहाँ छनौटका लागि गयौं।

***इसिलिम-१५, हजुर त त्यस क्षेत्र कै माध्यमिक स्तर उत्तीर्ण सबैभन्दा पहिलो ब्यक्तित्व। कहाँ के-कसरी आफ्नो अध्ययन पूरा गर्नुभयो, सबै बेलिविस्तार सुनाइदिनोस् न ?***

०१२ सालमा म एन.ए.सी.(NAC-Nepal Armed Constable)मा सेवारत रहदा जो-जस्लाई पढ्ने इच्छा छ, गेटपास लिनु भन्ने सर्कूलर भयो। त्यस बेला तीन बर्षभित्रमा एस.एल.सी पूरा गराऊँने भनेर एक दुई ठाऊँ (नक्साल, डिल्लीबजार)मा रात्री पाठशालाहरु खोलेका थिए। त्यसैले मैले पनि बीच बीचमा छुटाउदै

नै भएपनि मौका-मौकामा पढ्न गएर दुई तीन पटकमा नन्दीरात्री पाठशाला, नक्साल र त्यसपछि बिजय एडल्ट मेमोरियल स्कूल, डिल्ली बजारबाट कोर्स पूरा गरी School Leaving Certificate चाहिँ प्राप्त गरेँ । नोकरीले गर्दा भनेको बेलामा जाँच दिनसम्म पनि नपाइने । तै पनि ठाउँ-ठाउँमा कोचिङ्ग पनि खुल्थ्यो । त्यसमा पनि समाबेश भएँ । जसले गर्दा मलाई निक्कै नै सजिलो पनि भयो । रात्रि कक्षाको पढाइ पनि निक्कै राम्रो थियो । दैनिक तीन घण्टा पढाई हुन्थ्यो ।

***इसिलिम-१६, त्यतिका १२ वर्षसम्म रहिसकेको जागीर चटक्कै छोड्नुको कारण चाहिँ ?***

मूलकारण चाहिँ बुवा खस्नुभयो । दुईजना भाइहरु पनि वृटिश सेनामा नोकरीमा रहेकाले घर परिवार बेहाल हुने अवस्था आयो । घरमा अरु भरपर्दो कोही नभएपछि नचाहदा नचाहदै पनि मैले बाद्य भएर जागिर छोड्नुपरेको थियो ।

***सिलिम-१७, विदेशमा नोकरी गर्ने सोँच चाहिँ कहिल्यै आएन ?***

त्यो बेलामा गाऊँघरमालाहुरेहरुको निक्कै महत्व थियो, इज्जत नै पनि थियो । उनीहरु बुटजुत्ता लगाएर पैसा पनि लिएर छुट्टिमा निस्कन्थे । त्यसैले आफू पनि लाहुरे बन्न एकदमै उत्सुक । त्यस बेलामा मुग्लीको गल्लावालले दुबेमा नापजाँच गरिवरि छनौट्मा परेर पनि रम्भुवामा आउनु भनेको पनि थियो । तर बजुहरुले "विदेशमा लडाइँ भैराखेकोले विदेशमा नजानू, विदेशको पैसा नै पनि फारो हुदैन" भनेर रोकेपछि स्वदेशको नोकरीतिर लागेँ ।



समाजसेवी श्री रामबहादुर दुमीराई परिवारका साथ

***इसिलिम-१८, तपाईं आफ्नो जीवनकालमा आजसम्म गर्नुभएका सामाजिक सेवा तथा सुधारका कार्यहरु...?***

समाज सेवा र सामाजिक कामको बारेमा भन्नुपर्दा चाहिँ गाऊँको विद्यालयको लागि प्रा.वि., नि.मा.वि, मा.वि. हुदै हालको उच्च मा.वि.सम्म बिस्तार गर्दै लैजादा विभिन्न समयमा अनगिन्ति कामहरु गरियो र अझै गरिदै छ पनि । विद्यालयमा पानीको ब्यवस्था गर्नको लागि निक्कै पटक वृटिस वेलफेर, धरानमा धाएर अन्ततः सफल पनि भइयो । त्यस्तै वनजँगल संरक्षणको अभियान स्वरुप खरबारी गाऊँदेखि तल सालघारी संरक्षणको लागि वनपालेको ब्यवस्था गरी त्यो जँगल आजको त्यस अवस्थामा हराभरा राख्न सकिएको छ । यस अतिरिक्त गाऊँमै शुक्रबारे र रावाखोलाको तीरमा मंगलबारे बजारको शुरुआत, साबालुङ्ग र मंगलबारेमा पूलहरुको निर्माणका अतिरिक्त विभिन्न ठाउँहरुमा बृक्षरोपण आदि कामहरुमा पहल गरी सम्पन्न पनि गरियो । ती योजनाहरुमा सबै गाऊँलेहरुको साथ सहयोग प्राप्त हुन सककोमा म उहाँहरु प्रति पनि आभार ब्यक्त गर्दछु । अर्कोतिर म आफैले गाऊँमा एक-दुई जनालाई वही तमसुक लेख्न समेत सिकाएँ । पछि घरायसी कागजातदेखि वही तमसुक सबै हामी आफैद्धारा काम चलाउन थालियो ।

***इसिलिम- १९, सामाजिक सेवा गर्दाको बखत सम्झन योग्य प्रसङ्ग पनि छन् कि ?***

आजको पूरै जालपा गा.वि.स. तत्कालिन हैंचुर पञ्चायत अन्तर्गत पर्थ्यो । सानातिना सिफारिसदेखि अन्य कामको लागि हाम्रो गाऊँबाट त्यहाँसम्म धाउनु सर्बसाधारणलाई ज्यादै विकट र कष्टकर थियो । उसै त हामी सोझा राईहरु सामान्य बही तमसुक लेख्नसम्म पनि त्यहाँको कार्कीहरुमा नै भर पर्नुपर्दा असाध्य हण्डर खेप्नुपर्थ्यो । यसो बही टिपन केही लेख्न परे लेख्ने मान्छेलाई लिन गई अनुनय विनय गर्नुपर्ने । घरमा आएर लेखिदिए बापत् दस्तुर रकम, चामल, अलग्गै भात-भान्सा आदि यावत किसिमका टण्टा र मानमनितो गरिबस्नु अनावश्यक बाद्यता थियो । त्यसैले यी यावत बन्धनहरुबाट छुटकारा दिलाउनको लागि पञ्चायत नै फुटाउनु जरुरी ठानी त्यहाँको कार्की खलकसँग मित्रवत ब्यबहारबाट नै यो काम मिलाउनको लागि त्यहाँको ज्ञानबहादुर कार्कीसँग मीत समेत लाएँ । उहाँ मीतज्यू लगायत त्यहाँ कै समाजसेवी केशर ब. कार्कीको ठूलो सहयोगबाट उक्त काम पूरा भयो पनि । जसमा जनक राई, भोटुमान् राई, बिक्रमणि राई आदि गाऊँले दाजुभाइहरुबाट पनि मैले बेलाबखतमा निकै साथ सहयोग पाएको थिएँ । भनौ, स्थानीय तवरमा सामाजिक सेवाको लागि म आफूले पहल गरे तापनि सफलताको श्रेय भने सबै सहयोगी गाऊँलेहरुलाई नै जान्छ ।

***इसिलिम- २०, राजनीतितर्फ उच्च पदीय भार चाहिँ कहाँसम्म सम्हाल्नुभयो ?***

पञ्चायत कालभरि नै उच्च पदीयभार चाहिँ सम्हाल्नु परेन । किनभने माथिल्लो स्तरको ओहदाको महत्वाकांक्षा पनि राखिएन । त्यस्तो अवसर पनि प्राप्त भएन । गाऊँस्तरमा रहेर नै अनगिन्ति सामाजिक कामहरु गरियो । गाऊँस्तर भैकन ओहदामा रहेर वा नरहेर भएपनि ०२१ सालदेखि आजसम्म अनवरत रुपमा बिभिन्न ठाऊँहरुमा विद्यालय स्थापना तथा भवन निर्माण कार्यहरुको बेलिबिस्तार लगाउने हो भने एउटा पुस्तक नै तयार हुन सक्छ । केवल आफू गाऊँमा प्रधानपञ्च भएको बखत र अरु बेला नै पनि किन नहोस् । ०३२ सालदेखि ०३८ सालसम्म प्रधानपञ्च रहदा भन्दा ज्यादा सामाजिक काम बढि गरिएको अनुभूति हुन्छ ।

***इसिलिम-२१, अहिले आएर केही थरिराईहरुले हामी राई होइनौं, राई पद्वी मात्र हो भन्ने गरेको पाइन्छ, यस विषयमा तपाईको चाहिँ विचार के छ ?***

थरलाई नै जात हो भनिहिँड्नु चाहिँ त अबुझ नै हो। यतिका भाषा सम्बन्धि जागरण बढ्दै गरेको बेलामा, किरात राईहरु वीच नै विज्ञ ब्यक्तित्वहरु हुर्कदै गरेको अवस्थमा, आ-आफ्ना भाषाहरुका ज्ञाताहरुको खोजि भइरहेको परिस्थितिमा प्रचलनमा रहिआएको र स्थायित्व लिइसकेको शब्द 'राई' प्रति द्विविधा ल्याउन खोज्नु भनेको सिङ्गो किरात राई जातिको नै भावनामा चोट पुऱ्याउनु हो। मलाई त लाग्छ, ती ब्यक्तिहरु जो भ्रममा परेका छन्, छिट्टै सच्चिएर आफूलाई सुधार्लन्।

***इसिलिम-२२, नयाँ किरात धर्मको नाममा फलफूलमार्गी किरात धर्मीहरु पनि देखा परेका छन्। यस तर्कको बारेमा उनीहरुलाई के भन्न चाहनु हुन्छ ?***

एकाध मान्छेहरु आफ्नो लोक परम्परा, मौलिक पहिचान, जातिय अस्तित्व आदिको ख्याले नगरी आफू रहेको वातावरणलाई नै संसार ठानेर आफ्नो ब्यक्तिगत सोँच नै अरु सबैको लागि दर्शन हो भन्नेतिर लाग्छन् भने त उसैको सन्तानले धिकारि छाड्छन् उसैलाई नै नकि अरुहरुले केही गर्न परोस्। सवाल रह्यो, सुधारको नाममा आफ्नो मौलिक परम्पराको विषेशतालाई नै नामेट हुने ढङ्गबाट कसैले एकलकाँटे पारामा अरु सिधासाधा किरात राईहरुलाई पनि भ्रममा पार्न खोज्छन् भने त बेलैमा सबै सज्जन किरात राईहरुले उनीहरुको नियत र सक्कली रुपको पर्दाफास गर्नैपर्ने हुन्छ। कति त्यस्ता समूहहरु त नाङ्गि सकेका पनि छन्।

***इसिलिम-२३, किरात धर्ममा बिकृतिहरु छन् भन्ने कुरालाई यहाँले स्विकार्नु हुन्छ ?***

किरात धर्ममा बिकृति छन् भन्ने कुरा म स्विकार्छु। किनकि हाम्रै समाजमा पनि किरात समुदायबाट अन्य जातिहरुले जग्गा लिएका छन् भने ती प्रत्येकले घरलौरि बैशाखे पूर्णमा भूमेपूजा गर्ने दिन ठेकीको रुपमा एक-एक पाथि रक्सी ल्याउनै पर्ने। जम्मा भएको रक्सी घ्याम्पाको घ्याम्पा छाँद्यो, अत्यधिक खायो, एक आपसमा झगडा गऱ्यो। अनि यस किसिमको बिकृतिको अन्त्यको लागि ०२४ सालमा मैले नै उक्त ठेकीप्रथा मिनाहा गराएँ। यद्यपि तत्कालमा आवेशमा आएर कतिले विरोध त गरे नै। तर पछि बिस्तार सबैले ठीक काम भयो भनेर आफै सहमत भए।

***इसिलिम-२४, मादल किरात राईहरुको मौलिक बाजा हो कि होइन ?***

अन्य जातिहरुले मादल प्रयोगमा ल्याएको त्यति पाइदैन। अर्कोतर्फ किरात राईहरुको परम्परा केही रोमाञ्चकारी भएको, विशेष रङ्गरवस गर्ने हाम्रो मौलिक संस्कार नै भएकोले प्रायः सबै बस्तिहरुमा मादल अनिवार्य जस्तै रहेको पाइन्छ। यसकारण यो हाम्रै किरात राईहरुको मौलिक बाजा हुनुपर्छ।

***इसिलिम-२५, मारुनी नाँच हामी किरात राईहरुको नै हो त ?***

मादल हामी किरात राईहरुको भएपछि मारुनी नाँच पनि हुनु स्वाभाविकै हो। त्यसो त किरात राईहरुले अझैपनि मारुनी नाँच धुमधामसँग मनाउदै नआएका पनि त होइनन् नै। अझै पनि नचाई राखिएको छ नै। त्यसमा गाईने लवज, ताल, लय आदिले पनि किरात राईहरुको नै हो भन्ने आभास मिल्छ पनि।

***इसिलिम-२६, किरात राईहरु बीच दशैंको बारेमा हाम्रो हो र होइन भनेर विभिन्न खाले तर्कहरु उठ्ने गरेका छन्। यसबारेमा तपाईको ब्यक्तिगत धारणा चाहि के-कस्तो रहेको छ ?***

दशै मान्ने जुन शैली छ, जाड रक्सीमा नै ज्यादा ढर्रा, अत्यन्तै खर्चिलो र आडम्बरयुक्त पनि छ। यसमा गरिने कतिपय विधिहरु वास्तवमै किरात संस्कारसाग अमिल्दो पनि देखिन्छ। फरक यति नै मात्र हो कि हामी किरात राईहरुले पहिलेदेखि मानिल्याएकोले परम्पराको रुपमा स्विकारेको मात्र हो। यथार्थमा दशै किरातिहरुको नै हो भन्ने बारेमा चाहि कुनै आधार पाइएको छैन। कति किरात राईहरुले छोड्दै आएका र कतिले चाहि मानिआएका जहासम्म सवाल छ, त्यस बारेमा मेरो भन्नु यति नै छ कि ब्यक्ति विशेषको आ-आफ्नो इच्छामा भरपर्ने कुरा हो। म आफू भने आफ्नो समुदायमा जे थिति बस्छ त्यही गर्न उपयुक्त ठान्छु र किरात राईहरुले यस तर्कमा अल्झेर समय खेर फाल्नु भन्दा स्वविवेकले काम गरेमा नै बुद्धिमानी ठहर्छ भन्ने लाग्छ मलाई।

***इसिलिम-२७, तिहार पर्व बारे नि त...?***

तिहार चाहिँ त राम्रो र पवित्र पर्व पनि हो। यस चाडको विशेषताले गर्दा रमाइलो त लाग्ने भयो नै। विशेष रुपमा बालबच्चाहरुदेखि छोरीचेलीहरु सबैका लागि उमङ्ग कै रुपमा लिने गरेका पनि छन्। विशेष गरी चेली-माइतिहरुका वीच प्रगाढ प्रेम दर्शाउने एक महत्वपूर्ण अवसरको रुपमा तिहार पर्व महत्वपूर्ण पनि छ।

***इसिलिम-२८, हजुरहरुकहाँ चाहिँ पित्रि कार्य के कसरी गर्ने चलन छ ? के कस्ता सामग्रीहरु चाहिँन्छ ?***

हाम्रो समुदायमा पित्रि कार्य ठूलो र सानो गरी दुई किसिमबाट मनाउने चलन छ। सानो पित्रिकार्यलाई सलल पनि भन्ने गरिन्छ। यसमा नयाँ धान, चोखो जाँड, नयाँ अदुवा, कुटे-कोदालो, खुँडा, बञ्चरो, कट्टि, बेलुवा बेग्लै लाईतौ(थुन्से)मा माथि राख्नुपर्छ। अनि नयाँ धानको चारमाना चामलको चोखो भात पकाएर पातिडालोमा भुसि पातिजा दाछेममा राखिन्छ र नाङ्लोमा फिर्कूजा राखेर पर्सादको रुपमा केटाकेटीहरुलाई बाँड्ने गरिन्छ। यसमा खासै धेरै समय लाग्दैन, सामान तयार भएपछि आधा घण्टामा नै सकिन्छ। ठूलो पित्रि कार्य भने बिबाह हुदा, मरौ-परौमा, नयाँ घर बनाउदा गर्ने चलन छ। यसमा कुखुरा, सुँगुर समेत काट्ने हुदा निक्कै लामो लहरी हुन्छ। अनि बाहिर निस्केर आँगनमा नाँच्ने चलन पनि रहिआएकोले दिनभरि नै लाग्छ।

***इसिलिम-२९, किरात राई संस्कारहरुमा सबैभन्दा खराब पक्षलाई औंल्याउन पर्दा...?***

विशेष गरि हाम्रो संस्कारमा मरौपरौमा मान्छे मरेको लगत्तै सुंगुर काटेर जाँडसँग खाने, खुवाउने परिपाटि चाहिँ असाध्ये असभ्य काम हुने गरेको छ। खासमा चाहिँ कुनै अचानक परिस्थिति पर्दामा त्यसरी चोख्याऊने प्रावधान रहेको मात्र हो। तर पछि गएर तत्काल चोख्याउदा भन्जट कम हुन्छ भन्ने मनसायबाट नै त्यसो गर्ने चलन बढेर गयो। तर विवेकपूर्ण काम चाहिँ अवस्य नै होइन, यसमा समय सापेक्षे सुधार गरिनु चाहिँ जरुरी नै देख्छु म।

***इसिलिम-३०, शुरुमा खरबारी भनेर त्यो गाऊँको नाम कसरी र हुन गयो होला ?***

उ बेलामा हाम्रा पूर्खाहरु शुरुमा सिमाङ्ङ(सिम्रौनगढ)बाट भैसेमा आएर बसे। ती मध्ये सुबालु भन्ने पुर्खा चाहिँ हालको खर बारी गाऊँदेखि तल सालघारी छेऊँमा आएर बसेछन्। त्यहीँबाट पछि पो माथि सरेका रहेछन् त। बुढापाकाहरुको भनाइ अनुसार त्यस बेलामा हाम्रो गाऊँमा खर(चिण्डो) चाहिँ खुबै फल्थ्यो रे। त्यसैले त्यो गाऊँको नाम नै खरदेल( चिण्डो-गाऊँ) भन्नेर चिनिएको हो रे। पछि पृथ्वी नारायणको राज्य एकिकरणपछि मात्र लगत टिप्ने सिलसिलामा डोरहरुले खरबारी लेखिपठाएछन्। त्यसपछि पो खर बारी भनेर अपभ्रंस भएको रहेछ।

***इसिलिम-३१, खरबारीमा चाहिँ यहाँहरुको शुरुदेखि कति पुस्ता गलेको (बितेको) पाउनु भा'छ ?***

हामी आफैले वंशावली संकलन गर्ने क्रममा पत्ता लागे अनुसार र पुर्खाहरुले बताए अनुसार १२-१३ पुस्तामा हामी पर्छौं। त्यो भन्दा अरु पछि जानकारी पाइएमा यसै पत्रिका मार्फत पेश गर्दै जाने नै छौं।

***इसिलिम-३२, इसिलिम आठौं अंकमा तपाईंहरुको बंशावली प्रकाशन हुदैछ, यसको संकलन बारेमा प्रेरणा कसबाट मिल्यो ? इसिलिमको सल्लाहकारको हैसियतले यसमा अरु मनसाय राख्न चाहनुहुन्छ कि ?***

त्यस बेलामा खासै गरिकन बंशावली नै लेख्ने त्यस्तो चेतना त थिएन नै। लिखित रुपमा इतिहास राख्नुपर्छ भनेर सोच्ने त धेरै कमै थिएहोलान्। जस्तो हजुरहरुले सोच्नुभयो। तैपनि मैले चाहि कति जानिन्छ, बाजे बराजुहरुको नाम टिपेर राख्ने भन्नेसम्म चाहि सोंचेको थिएा। त्यसै अनुरुप ०२१-०२२ सालतिर लिखित रुपमा राख्नको लागि संकलन पनि गरि हिडो। नियमित र ब्यबस्थित तरिकाले चाहि त होइन, यसो टिपोटको रुपमा लेखिराख्ने प्रयाससम्म चाहि गरेको थिए। संयोगबश हामी सबै दुमीराईहरुको आस्थाको केन्द्र दुमी किरात राई फन्सिकिम(दुकिराफ)को स्थापना भएपछि बंशावली प्रकाशनको अभियानलाई अगाडि बढाइएकोले ती बिगतका मेरा टिपोटहरु पनि उपयोगि सिद्धभयो। भनौ, यसले जीवन्तता पाउन सक्यो। अब भने बल्ल लिखित् ऐतिहासिक दस्तावेजको रुपमा संरक्षित हुनेभयो। यसप्रति अति नै गौरबान्बित भई यस उदाहरणीय र प्रशंसनीय कामका लागि दुकिराफ र इसिलिम परिवारलाई म धेरै धन्यवाद पनि दिन चाहन्छु। यस अतिरिक्त सबै पाछाहरुले उतिकै चासो लिएर आ-आफ्नो बंशावली प्रकाशनको लागि आफै अघि सरुन् र दुकिराफको उद्धेश्यमा सहयात्री बनून् भनेर सल्लाह एवं सुभाव पनि दिन चाहन्छु। किनकि अल्मलिराखेका हाम्रा किरात समुदायमा यो नै जागरणको पहिलो फड्को हो।

**परिवार सदस्यहरु**

| | | | |
|---|---|---|---|
| जेठा छोरा | अशोक दुमीराई (२०१६) | बुहारी | मनकुमारी दुमी(साम्पाङ्ग)राई |
| नातिनी | रुसिया दुमीराई, | नाति | बिशाल दुमीराई |
| माहिलाछोरा | मदन दुमीराई (२०२४) | बुहारी | तिर्थ दुमी(खालिङ्ग)राई |
| नाति | हेमन्त दुमीराई | | |
| कान्छा छोरा | राजेन्द्र दुमीराई (२०२८) | बुहारी | बिजया दुमी(सत्म)राई |
| नाति | उत्सव दुमीराई | | |
| छोरी | तारा (रिप्ला)राई (१०१९) | ज्वाँइ | प्रेम दुमी(रिप्ला)राई |
| नातिनी | पुष्पा दुमी (हम्रु) राई | ज्वाँइ | राम कुमार दुमी(हम्रु)राई |
| पनाति | सम्राट दुमी(हम्रु)राई | जेठा नाति | जन्मजय दुमी(रिप्ला)राई |
| कान्छा नाति | प्रितम दुमी(रिप्ला)राई | | |

***इसिलिम-३३, बंशावली संकलनमा के कस्ता समस्याहरु आइपरे ? यस बारेमा प्रष्ट पारिदिनोस् न ?***

लिखित प्रमाणहरु र भरपर्दो श्रोतब्यक्तित्वहरुको अभावमा यो काम ज्यादै नै चुनौतिपूर्ण छ। कति पाका पुर्खाहरुलाई नै पनि आफ्नो पूर्ख्यौलि नालिबेलि बारेमा थाहा नहुने, कतिजना पूर्खाहरु त चेतनाको अभावमा कुनै तथ्य कुरा ओकल्न पनि हिच्किचाउने, धक फुकाएर सुनाउनै नचाहने। आफ्नो वंश र सन्ततिहरु बारेमा दायित्व बोध नै नहुने, अनुमानको भरमा बंशावली राख्न पनि नमिल्ने, पुस्तौ-पुस्तासम्मको अभिलेख राख्ने परम्परा नहुनू आदि कारणले यो काम आफैमा चुनौतिपूर्ण त छनै। यसरी बाह्रौ पुस्तासम्म चाहि प्रष्ट र सहि रुपमा नै आएको छ। छुट वा थपमा अरु तथ्यहरु फेलापर्दै गएमा पछि पुनः पेशगर्ने नै छौं।

***इसिलिम-३४, खरबारीमा हजुरहरुको बंश र साकेला कुन चाहि जेठो होला ?***

जेठो चाहि त हाम्रो बंश नै हो। साकेला त अलिपछि

स्थापना गरिएको रहेछ । पहिले त बंश नै आयो । अनि पछि मात्र साकेला स्थापना गरिएको रहेछ । त्यो साकेला निकाल्ने धामी चाहि लेवा गाउँको अरे । उनैले निकालेको हाम्रो गाउँको भूमे । हाम्रै साखाबाट निकालेको पनि होइन । उताको धामी बितेपछि हाम्रै मापाहरुले नै ती धामीले गरेको आधारले गर्दैजादा पछि पो हाम्रै साखामा भूमेधामी निस्क्यो । मेरो पिता बर्णध्वजपछि वर्तमान भूमेधामी( नक्षो) कान्छोभाइ पदम बहादुर नै छन् ।

***इसिलिम-३५, अहिलेसम्म हजुरहरुकोतिर एउटै पाछाभित्र बिहेबारी चलेको छ ?***

अहिलेसम्म चलेको छैन । बरु राईचु र हम्रुचुसँग हामी खवचु पाछाका पूर्खाहरु बीच बिगतमा भएको सहमति अनुसार चाहि बिहेबारी नचलाउने भन्ने रहेतापनि फेरि दुबै तर्फका पुर्खाहरु बसी आइन्दा चलाउने सहमति गरी बिबाह पनि भैसक्यो । तर आफ्नै पाछाभित्र त गर्न मिल्ने कुरै भएन । नत अरु पाछाहरुमा नै यो काम भएको होला । यदि कुनै त्यस्तो अवस्था सिर्जना भएको खण्डमा पुर्खाहरु बसेर छलफल गरी निर्णय गर्नुपर्ने हुन्छ । किनकि हाम्रो किरात संस्कार भनेकै प्रकृति, पितृ र पूर्वजहरुमा आधारित रहिआएको छ । त्यसैले पुर्खाहरु नै निर्णायक हुन्छन् । ऐनमा समेत सात पुस्ता गलेपछि हाड फुटाउन सकिने भन्ने उल्लेख भएतापनि त्यो चलन ब्यवहारमा लागु भैसकेको भने छैन ।

**पदक तथा प्रशंसा पत्रहरु**

- जिल्लामा गठित भूमि सुधार कार्यक्रममा राम्रो काम गरे बापत कदर स्वरुप स्व. श्री ५ महेन्द्र सरकारबाट आदर पत्र २०२५
- गाउँमा सामाजिक सेवा गरे बापत कदर स्वरुप स्व. श्री ५ वीरेन्द्र सरकारबाट पदक सहित प्रशंसा पत्र प्राप्त २०३५

***इसिलिम-३६, आफ्नो पारिवारिक उन्नतिको पछाडि प्रेरक पक्षहरु औंल्याउन पर्दा...?***

विषेशगरी त्यो समयमा मेरो आमाको बुवा(माहुलीबाजे) डि.सम्पुरसिंह(माक्पा) राणाकालमा नै डिट्ठा हुनाले हाम्रै परिवार को लागि पनि प्रेरणाको श्रोत त हुनेभए नै । त्यसमा पनि मेरा पुज्य मामा (मान्य नेपालतारा क्या.मानबहादुर नाछिरीङ्गराई, स्थानीय दुमी खारुबु पाछामा भाइ बाधिनु भएका)बाट बेलामौकामा प्राप्त साथ सहयोग, अर्तिउपदेश, सरसल्लाह, सुझाव, प्रेरणा, हौसला आदि मेरो जीवनको मार्गदर्शन कै रुपमा रहेको छ । भनौ, हाम्रो परि वारको उन्नतिको लागि प्रेरणाको प्रमुख श्रोत नै मांहुली परिवार भएकोले यसको श्रेय पनि मामा लगायत सपरिवारलाई नै जान्छ ।

***इसिलिम-३७, यहाको जीवनमा सबैभन्दा दुःख र सुखको क्षणको स्मरण गर्नुपर्दा...?***

सबै भन्दा दुःखको क्षण भन्नु नै मेरा जन्मदाता बुवा-आमाको देहान्त हुदा र मेरी श्रीमति दुई-दुई पटक सिकिस्त बिरामी पर्दा म निक्कै नै विक्षिप्त हुन पुगे । त्यस असामयिक परिस्थितिहरुमा मैल ज्यादै कष्टदायक समयहरु बिताउनु पर्‍यो । त्यसरी नै सबैभन्दा सुख वा खुशीको क्षणलाई स्मरण गर्नुपर्दा चाहि जेठो छोरा अशोक बृटिस सेनामा गएपछि घरब्यबहारदेखि भाइ-बहिनीको पठन-पाठन लगायत सबैतर्फ नै टेवा पुर्‍याएकोले जीवनमा सन्तोषको सास फेर्ने मौका पाए र असाध्य खुशी पनि लाग्यो । त्यस्तै श्रीमतिको उपचारमा पनि माउलीहरुबाट विषेश डा. शंकरमान राई (मामा कप्तानको माहिला छोरा)को विशेष सहयोगले निको पनि भईन् । यसर्थ पनि हाम्रो परिवार उहााहरुप्रति अत्यन्तै आभारी छौं ।

***इसिलिम-३८, गाउँमा ऊ बेला प्रचलनमा रहेको तर अहिले आएर लोप भैसकेको त्यस्तो कुनै प्रसङ्ग सुनाउन पर्दा...?***

उहिले म आफैले सुनेको त के देखेको, भोगेको कुरा हो कि, हाम्रो बजु, फूपूहरु मधेशबाट कपास ल्याउन लगाएर ओइटामा पेलिवरी धागो कातेर गाउँभरि नै घरघरै खाडी कपडा बुन्थे । ऐसेलुखर्क कपडा बेच्न समेत लान्थे । टिकाउ हुने, तातो, जति धुयो झनै सुकिलो राम्रो देखिने । दौरा, सुरुवाल, भोटो, खास्टो, खेसको पटुका, सिरकको खोल, पिठो बोक्ने नाम्जा, आईमाईहरुले नेवारहरुलाई छिट्न लगाएर छिटको फरिया आदि इत्यादि आफै तयार पारि सिलाएर लगाउने चलन थियो ।

***इसिलिम-३९, यहाँको मनसाय चाहिँ खाँडी बुन्ने प्रचलन किरात राईहरुको मौलिक परम्परा अन्तर्गत नै पर्छ भन्ने हो या... ?***

हो, खााडी कपडा अरु जातिले परम्परागत रुपमा बुनेको कतै पाइदैन । हाम्रैतिर पनि अरु जातिका मानिसहरुले राईहरुबाट नै किनेर लगाउने गरेको म आफैलाई राम्ररी थाहा छ । उनीहरु आफैले बुनेर चाहि त उहिलेदेखि नै लगाएको पाइदैन नै । त्यसैले अरु जातिहरुमा अन्त कतै नपाइएकोले खाडीको तान बुन्ने चलन चाहि किरात राईहरुको मौलिक परम्परा अन्तर्गत नै पर्दछ । ०२२-२३ सालसम्म पनि किरात बस्तिहरुमा विद्यमान किरात पुर्ख्यौलि रि खिता(घरेलु उद्योगहरु) आज आएर एकाएक लोप भैसके । यी र यस्तै पौराणिक स्वाबलम्बनका वैकल्पिक उपायहरुलाई संस्थागत रुपमा संरक्षण गर्नसके हाम्रो किरात पहिचानहरुलाई अक्षुण्ण राख्ने मात्र नभै मौलिक सिप र प्रतिभाहरुको समेत जगेर्ना गर्न सकिन्छ ।

***इसिलिम-४०, त्यो बेलामा घरबाट काठमाण्डौ आउदाको बाटो.. ?***

कहिले काहि घर जाादा हिाडेर १२-१३ दिन लाग्थ्यो । एक खेप चाहि दौडेर जाादा १० दिनमा घर पुगेको थिए । बाटो चाहि घरबाट हिाड्दा रम्भावा, वखलढुङ्गा, त्यहााबाट मोलोङ्ग खोला, कटुञ्जे, रातमाटे हुदै माथि आहाले, रामेछाप, त्यसपछि लिखु झरेपछि रशि खोला(जहाा निक्कै चोरको बिगबिगि थियो ।) हुदै दोलखामुनि हुदै साागा भञ्ज्याङ्ग आइपुग्थ्यो । त्यहाा कोही बेला ट्रक भेटिन्थ्यो । एक दुई वटा ट्रकहरु भाग्यबश भेटिगएमा बीस पच्चीस पैसामा यहाा शहरसम्म ल्याइपुर्‍याउथ्यो । कहिले त धुलिखेलमा पनि ट्रकहरु पाइन्थ्यो । बाटो चाहि धुलेबाटो मात्र थियो ।

***इसिलिम-४१, त्यतिबेलाको काठमाण्डौलाई स्मरण गर्नुपर्दा...?***

त्यो बेलाको अवस्था निक्कै नै फरक थियो । बढिजसो ज्यापूहरु भेटिन्थे । जताततै सुनसान फाट, बस्ति पातलो थियो । मान्छेहरु पनि अति सिधासादा । अहिलेको जस्तो हामीमा चेतना नै थिएन नि । अहिले सोच्दाखेरि आजको जस्तो बुद्धि भएको भए यहि नै यसो घर-घडेरीको बन्दोबस्त गर्न सकिन्थ्यो भनेर पश्चाताप पनि लाग्छ । त्यस बेलाका प्राय: घरहरु नै झिङ्गटी र टायलको छानाहरु हुन्थे । जताततै खुला फाट मात्र भेटिन्थे । पिचरोड भनेको चाहि नयाँ सडक र सिंहदरबार अगाडि मात्र देख्न पाइन्थ्यो । हामी पाटनदेखि बुढानिलकण्ठसम्म हिडेर नै पुग्थ्यौं, डुल्थ्यौं ।

***इसिलिम-४२, हजुर त दुकिराफ केन्द्रीय सदस्य पनि भैसक्नु भा'छ, यस संस्थाप्रति यहाको प्रतिक्रिया (पाठकहरुलाई सुनाउन पर्दा) कस्तो रहेको छ ?***

संस्था भनेर मात्र हुदैन । यसलाई चलायमान राख्न र क्रियाशील पार्न योग्य र दक्ष वौद्धिक समूहको जरुरत पर्दछ । त्यसैको लागि पहिले त आर्थिक अवस्था नै मजबूत हुनु नितान्त आवश्यक छ । त्यसैगरी आर्थिक पारदर्शीताको पनि त्यतिकै महत्व रहन्छ । अन्यथा सामाजिक काममा आफ्नै मान्छेको विश्वास जित्न पनि गाह्रो पर्छ । त्यसैले दुकिराफले योजना बनाउदा अल्पकालीन र दीर्घकालीन गरी दुई किसिमबाट काम अघिबढाउनु पर्छ जस्तो लाग्छ मलाई । शब्द संकलन, शब्दकोष, ब्याकरण, पाठ्यक्रम, पाठ्यपुस्तक प्रकाशन, भाषा कक्षा सञ्चालनका लागि दक्ष जनशक्ति तयार पार्नको लागि संस्थाले निक्कै चुनौतिका साथ काम गर्नु पर्ने देख्छु म ।

***इसिलिम-४३, दुमी समुदायको पाको पुस्ता र इसिलिमको सल्लाहकारको हैसियतले सम्पूर्ण दुमीराईहरुलाई केहि भन्न चाहनु हुन्छ कि ?***

प्रथमत: सन्देशको साथसाथै वौद्धिक खुराक वा ज्ञान दिने सशक्त र भरपर्दो माध्यम त 'इसिलिम' पत्रिका नै हो । यसै मार्फत नै संस्थाको उद्धेश्यहरु, प्रगतिहरु सबै शुभेच्छुकहरु माफ सजिलो र आधिकारिक तवरले पुर्याउन सकिएको छ । दोश्रोमा चाहि आर्थिक कठिनाई लगायत यावत अप्ठ्याराहरुलाई पर्वाह नगरी पत्रिकालाई प्रकाशन गरी हातहातमा पुर्याउन सक्षेम् दुमी वौद्धिक व्यक्तित्वहरुको प्रयास प्रशंसनीय छ । इसिलिम प्रकाशनको लागि पनि अर्थको नै सवाल अगाडि देखापर्ने भएकोले दुकिराफ मार्फत संचालित आफ्नै सहकारी 'रिजेन्सी'मा इसिलिमको पनि छुट्टै कोष 'इसिलिम कोष' खडा गरिनु आफैमा उल्लेखनीय कामको भएको छ । यसबाट दुकिराफको स्थापना यता हामी निक्कै परिपक्क र सक्षेम हुदैगएको अनुभूति भइरहेको छ । यसका साथै अन्य दुमीराईहरु जो भौगोलिक हिसाबले विभिन्न गाउँ-ठाउँहरुमा छरिएर रहनु भएको छ, ती सबैले दुकिराफ र इसिलिम बारे जिज्ञासा लिएर स्वयम् आफै सरिक भई संस्थाको उद्धेश्यमा योगदान पुर्याउन सकून् भन्ने सन्देश पनि यसै मौकामा दिन चाहन्छु ।

***इसिलिम-४४, 'इसिलिम'लाई अझ ब्यवस्थित र प्रभावकारी बनाउन के गर्नुपर्ला ?***

यसमा चाहि विषेश गरिकन सल्लाहकारदेखि सम्पादकसम्म नै काम गर्न अघिसर्ने सक्रिय व्यक्तिहरुलाई मात्र समावेश गरी समय समयमा अन्तरक्रियाको माध्यमबाट राय संकलन गरी इसिलिमलाई समय सापेक्षे ढङ्गबाट आवश्यक सुधार र परिमार्जन गर्दैजानु पर्छ नै । तर यसमा नाम राखेर पनि कोही कामै नगर्ने छन् भने नाम मात्र राख्नुको कुनै औचित्य छैन । अन्त्यमा नामबाट काम होइन कि कामबाट नाम चिनिनु चाहि सास्थाको लागि हितकर हुन्छ र यसैमा हामी सबैको कल्याण पनि छ भन्ने कुरा सबैले बुझ्न सके यो नै काफि हुन्छ भन्न चाहन्छु ।

मूचि ।

## जानि राखौं

१. कर्कपेट्रिकका अनुसार नेपालमा २७ जना किरात राजाहरुले १६३० बर्षसम्म शासन गरे ।
   -An accpunt of the kongdom of Nepal
२. राइटका अनुसार नेपालमा २९ जना किरात राजाहरुले जम्मा १११८ बर्षसम्म शासन गरे ।
   -History of Nepal
३. के.पी. जयसवालका अनुसार नेपालमा २९ जना किरात राजाहरुले जम्मा ७०० बर्षसम्म शासन गरेका थिए ।
४. योगी नरहरीनाथका अनुसार नेपालमा किरातका ६-७ वंशले तीनहजार वर्षजति शासनगरे ।
५. ऋग्वेद पूरै किरात इतिहास हो ।
६. किरातहरुवारे हिन्दुग्रन्थ ऋग्वेदमा शम्बरलाई किरात जातिका नायक भनी उल्लेख गरिएको छ ।
७. काठमाण्डौ इन्द्रचोकको आकाश भैरवलाई 'आजु द्यौ' भनिन्छ र त्यहाँ राखिएको भैरवको टाउकोलाई उही यलम्बरको टाउको भनी पूजा गर्ने वा मान्ने गरेको पाइन्छ ।...११३, नवीन
८. प्रथम किराती शासक यलम्बरको नामबाट ललितपुरको नाउँ 'यल' रहन गएको धारणा पाइन्छ । ...११८
९. किरात कालमा शासन स्थीर नभई बारम्बार अस्थिर हुनाले गोकर्ण, बानेश्वर, शंखमूल र पाटनमा दरबार सार्नु परेको थियो ।...११८, नवीन दृष्टिमा नेपालको प्राचीन इतिहास, प्रा.केदारनाथ प्रधान

## सूचना

आईन्दा दुमी किरात राईहरुले आफ्नो नाम लेख्दा नामको अन्त्यमा सामे, पाछा, थर, जात खुलाई आफ्नो नाम लेखी आफ्नो चिनारीलाई सु-स्पष्ट पार्न दुमी किरात राई हार्दिक अनुरोध गर्दछ । जस्तै:

- श्री चतुरभक्त ब्राक्सुपा सत्म दुमीराई
- श्रीमती जानुका छेकुमा रङ्कासु दुमीराई

# दिम्मचुको वशांवली : त्यसको श्रोत र किंवदन्तीहरु

प्रस्तोताः चतुरभक्त ब्राक्सुपा सत्म दुमीराई

दुमीको २१ पाछ्राहरूमध्ये दिम्मचु खारम्बुका नाती बुसुरूका चार छोराहरूमध्ये एक माहिला पुत्र हुन्। दिम्मचु बन्धुहरू आफूलाई ख्वालुङबाट आएको हौं भनी परिचय दिन्छन् । बुसुरू युयुमा सामेबाट चिनिने दिम्मचुहरूको मूल गाँउ खार्मी रूदालुङ होङगे, चोखुम, केलासी, पर्दछ भने हाल बसाई सरी जानेहरू सुनसरी जिल्लाको विभिन्न क्षेत्रहरू तथा उदयपुरको कटारी बजार र काठमाण्डौमा पनि बसोबास गरेको पाइन्छ। प्रस्तुत पाछ्राको वंशावली संकलन गर्ने कार्य २०५१ बाट नै शुरू गरि एको हो र दुमीकिरात राईको आवाजको प्रतिनिधित्व गर्ने पत्रिका "इसिलिम"को प्रकाशन नभएसम्म यो केवल कागजको पानामा मात्र सिमित भएर रह्यो । ०५६ वाट "इसिलिम"को थालनी भएपछि यस पटक मात्र यसले आफ्नो मुहार प्रस्तुत गरेको छ । वंशावलीलाई तथ्यगत वनाउन अनेकौं प्रयासहरू गर्ने सिलसिलामा २०६० माघ महिनामा २४-२९ गतेसम्म विभिन्न दिम्मचु व्यक्तित्वहरूसंग भेटघाट गरी बिभिन्न थपघट र सुधार गरी प्रस्तुत वंशावली प्रकाशन गरिएको छ।

**वशांलीका श्रोतहरू :**

**तेजराज दिम्मचु राई, खार्मी**

दिम्मचुको वंशावली प्रकाशनमा तिब्र इच्छा लिई सहयोग पुऱ्याउने प्रथम व्यक्तित्व हुनहुन्छ दुमी किरात राई फन्सिकिमका केन्द्रीय पूर्व उपमहासचिव तेजराज दिम्मचु राई। ख्वालुङवाट खार्मी आई फैलिएका दिम्मचु पाछ्राका प्रारम्भिक मूल वंश र त्यसका विभिन्न शाखा सन्तानहरूको वंश विवरण करवीर राईको हस्तलिखित वंशावलीको स्वरूप उहाले प्रस्तुत गर्नु भएको थियो। फन्सिकिममा रहँदासम्म उहाँको संयोजकत्मा दुमी शव्दकोष निर्माण समितिले दुमी शव्दावलीहरूको संकलन पनि गरेका छ। यस वाहेक खार्मी क्षेत्रबाट धार्मिक, सांस्कृतिक र आर्थिक सहयोग लगायत जनसंख्या लगत निकाल्ने कार्य समेत गरी फन्सिकिमलाई माथि उठाउने कार्यमा उहाँको योगदान महत्वपूर्ण रहेको छ।

**३. जुक्तबहादुर दिम्मचु राई चोखुम**

करवीर दिम्मचुले तयार पारेको दिम्मचुको वंशावलीका संरक्षक ६८ वर्षीय श्री जुक्तबहादुर राईले यो प्रस्तोतालाई सक्कलै वंशावली उपलब्ध गराई पूर्व तयार पारीएको वंशावलीमा थपघट, सुधार र मिलान गर्नमा ठूलो योगदान पुऱ्याउनु भएको छ। उहाँको साथमा रहेको उक्त वंशावली दिमम्चुहरूको सबै भन्दा अधिकारिक र भरपर्दो दस्तावेज हो । यसमा प्रस्तुत गरिएको बिभिन्न शाखाहरूका वंशावली त्यसैको प्रतिरूप हो । यसमा उल्लेख भएका वंशावली वाहेक उहाँको सक्रियतामा २०६०/९/२७ का दिन खार्मी, तुर्खा, हाङगे, चोखुम, रूदालुङ गाऊँका विभिन्न दिम्मचुहरू भेला गराई छलफल गराउने, साइनो वंश केलाउन कार्यमा समेत उहाँले प्रमुख भूमिका खेल्नु भएको छ। आफ्ना पाछ्रा तथा मौलिक किरात धर्म तथा संस्कृति प्रतिको उहाँको चासो अत्यन्त प्रगाढ रहेको छ।

**१. करबीर राई :**

दिम्मचु पाछ्राको वंशावली तयार गर्ने प्रथम व्यक्तित्व हुन् –चोखुमवासी स्वर्गीय करबीर दिम्मचु राई । किरातहरूको धर्म संस्कृति वंशावली वकितम मात्र हुन्छ भन्ने प्रचलनलाई चुनौती दिदै करीव आज भन्दा ५० वर्ष अगि नै खार्मीवासी बुसुरू युयुमा किरात राईहरूको चारै पाछ्राका वंशावली लेखेर दर सन्तानलाई छोडेका रहेछन । उक्त लिखित वंशावली हाल चोखुम जुक्तबहादुर राईको घरमा संरक्षित रहेको छ। सोही वंशावली आज हामी बुसुरू युयुमाको सन्तानहरूको वंशावलीको आधार वनेको छ।

**२ आलेखबहादुर थुलुङ्गराई**

जिल्ला खोटाङ, गा.वि.स खार्मी कुमदेलका ७५ वर्षीय श्री आलेखबहादुर थुलुङ राई त्यस क्षेत्रकै सर्वाधिक तायामी नक्शो पूर्खा हुन् । थरले थुलुङ भएपनि दुमी राईहरूको क्षेत्रमा पूर्खाहरूकै पालादेखि लामो समयसम्म वसी दुमीहरूकै चुल्हा, साकेला, छिमोदिमेलाई पूज्दै धर्म, सस्कृति, रीतिरिवाज र भाषाको प्रचलनलाई प्राथमिकता दिदै आउनु भएको बयोवृद्ध पूर्खा हुनु भएकोले त्यस क्षेत्रको यावत जानकारी उहाँ राख्नु हुन्छ। दुमी किरात राई फन्सिकिमको स्थापनामा यी बृद्ध पुर्खाहरूले सल्लाहकारको रूपमा रही आफ्नो पसिना बगाउनु भएको छ। दुमी भाषाको ज्ञाताको रूपमा उहाँ परिचित हुनुहुन्छ। नीज राईको भनाई अनुसार खुवालुङवाट खार्मी गाउँ आएको पहिलो पुर्खाको नाम खारम्बु हो । उनै खारम्बुबाट त्यहा आई रस्तीबस्ती वसाएपछि नै खारम्बुको अपभ्रंस रूप "खारम्भु" "खारमी " हुदै बर्तमानमा खार्मी हुन गएको हो ।

आलेखबहादुर थुलुङको भनाइमा खारम्बुको १२ भाइ छोराहरू थिए । त्यसमध्ये एघार (११) भाइको चाही रंकाचु नामग्रावदाङ डाडाको पहिरोले पुरी दुःखद निधन भएको थियो। एउटै कान्छा भाई बुसुरू मात्र बाँकी रहे। तीनै बुसुरूको छोराहरू हुन– जेठा हरसी, माइला दिम्मचु, साइला सरचु, र कान्छा वालाक्पु हो । निज थुलुङ राईसँग विभिन्न किरात लोककथा र किंवदन्तीहरू रहेका छन् जसलाई भबिष्यमा प्रकासन गर्दै लगिनेछ । उहाँसंग बुसुरू तर्फको मूल पाछ्रा र त्यसका वंशहरूको विवरण पाइन्छ। यो वंशावली निर्माण गर्दा सहयोग लिइएको छ।

**३. धनरूप सत्म राई, चिउरीखर्क -**

किरात राई लगायत दुमीहरूको २१ सै पाछ्राको वंशावलीका व्याख्याता सप्तेश्वर, चिउरीखर्कबासी धनरूप राईले बुसुरूका छोराहरू जेठा हरसी, माइला दिम्मचु, साइला सरचु, काइला हमरूचु र कान्छा वालक्पा भनी वताउँदै आउनु भएको छ।

**४.धनकुमार दिम्मचु राई, चोखुम -**

चोखुम गाँउमा रहने दिम्मचुहरूको वंशावली निर्माण हाचामुखदेखिको वंशावली बनाई यो प्रस्तोतालाई हस्तान्तरण गर्ने काम सर्वप्रथम धनकुमार दिम्मचु राईवाट सम्पन्न भएको थियो। दुमी किरात राई फन्सिकिमको केन्द्रिय कार्य समितिको एक नैतिकवान केन्द्रीय सदस्यको रूपमा फन्सिकिमलाई हुर्काउने जिम्मेवारी उहाँले पालना गरिसक्नु भएको छ।

**५. शंखधन सरचु राई, रूदालुङ्ग**

आफु सरचु पाछ्राको भएतापनि रूदालुङ्ग गाउँका दिम्मचुहरूको वंशावली निर्माणमा उहाँको विशेष योगदान रहेको छ।

बंशावलीको बिभिन्न बिबरण सहित ०५४ सालमा भोजपुर क्याम्पसमा यो प्रस्तोतासंग भेटघाट गर्न आईपुग्नु भएको थियो। पेशाले शिक्षक एक नक्षो पुत्रको रूपमा दुमीराईहरूको धर्म र संस्कृतिप्रति उहाँको योगदान सराहनीय रहेकोछ। वंशावलीमा लेखिएको पातुप्सी, पातली केवलसिह, कर्मजीत तहमान कितम्यसिंको वंशावलीको संकलन उहाँकै परिश्रम र मेहनतको फल हो।

**६. गञ्जबहादुर दिम्मचु राई, रूदालुङ**

रूदालुङ गाँउमा रहनु भएको एक पुर्खा गञ्जबहादुर दिम्मचु

राईको सहयोगवाट रूदालुङका दिम्मचुहरूमा रत्ने राईतर्फका सम्पूर्ण वंशावली तयार पार्ने काम गरिएको हो ।

**७. पर्जबहादुर दिम्मचु राई, धरान**

पूर्व चोखुमवासी निज राई दुमीकिरात फन्सिकिम प्रारम्भिक कार्य समिति धरानका भू.पू. अध्यक्ष तथा हाल सल्लाहकार तथा "इसिलिम" अर्ध-वार्षिक भाषिक पत्रिकाको सल्लाहकार समेत हुनुहुन्छ । चोखुमवासीहरूको अधिकांस वंशावली निर्माण हुदाँ पनि उहाँको वंशबारे चाँहि अनविज्ञ र हनु परेको हुनाले उहासंग पुनः धरानमा यसवारे छलफल गरी रामचन्द्र तर्फका उहाँको वंश जोड्ने काम भएको हो ।

**८. महाजीत दिम्मचु र इन्द्रकुमार दिम्मचु राई, खार्मी हाङगे**

हाङगेवासीहरूमा भाद्राईतर्फको वंशावली निर्माणमा महाजीत दिम्मचुसंग धरानमा, इन्द्रकुमारसंग चोखुममा भेटघाट गरी उहाँहरूको वंशावली निर्माण गरिएको हो । पेशाले शिक्षकको रूपमा कार्यरत इन्द्रकुमार दिम्मचुवाट खार्मी गा.वि.स का जनसंख्या लगत पनि तयार पार्ने काम भएको छ । प्रस्तुत व्यक्तित्वहरू वाहेक परशुराम दिम्मचु राई खार्मी-९, मथनबहादुर दिम्मचु राई खार्मी-३, जगतबहादुर सरचुराई खार्मी-८, इन्द्रबहादुर दिम्मचु राई खार्मी-३, पञ्चधन दिम्मचु राई बाक्सिला-८, सुर्जबहादुर दिम्मचु राई खार्मी-३, दिल्लीराज दिम्मचु राई खार्मी-३, उत्तम दिम्मचु राई खार्मी-८ र रूदालुङका इन्द्रबहादुर राईले पनि वंशावली निर्माणमा वंश केलाउने छलफल गर्ने कार्यमा योगदान पुऱ्याउनु भएको छ ।

**९. कृष्णबहादुर दिम्मचु राई, रूदालुङ**

उहाँवाट लामाटुङ तर्फको सम्पूर्ण वंशावली लिइएको हो ।

**बुसुरू युयुमा सामेभित्र पाइने केही किवदन्तीहरू: -**

**(क) कुमदेल पोखरीको निर्माण र विनाश वारेको किंवदन्ती -**

खार्मीवासी आलेखबहादुर थुलुङको भनाइमा उहिले खार्मीको तुर्खा गाउँमा एक पोखरी थियो । हाल उक्त पोखरी विनास भैसकेको छ र त्यसठाउँमा हाल साकेला थान रहेको छ । खोटाङवासी उत्तरी क्षेत्रका दुमी राईहरूको यो प्रशिद्ध साकेला भूमेथान मानिन्छ । धुलुङजीको भनाईमा त्यस समय जहिले पोखरी थियो त्यसको वरीपरी मानिसहरूको रस्तीवस्ती थियो । बुसुरूका नातीहरू चोचुप र मुसक्त बीचमा छुटपुट हुने क्रममा चोचुप छुट्टिएर कुमदेल गाँउ निस्कदा त्यही पोखरीको एकचुङ्गे पानी र एक मुठी बालुवा पनि लिइ निस्के । चोचुपले उक्त पानीको चुङगे र बालुवा हातमा लिई- "यदि हामी भूमिपुत्र हौ भने सत्य सत्य याहा पनि छिर्कुमिर्कु सुवुकु (पोखरी) हुनु पर्छ" भनी भूईमा पानी खन्याए । त्यसपश्चात त्यहाँ दैनिक रूपमा पानी वढ्दै वढ्दै गएपछि एक पोखरीको निर्माण भएरै छाड्यो । यसकोसाथै त्यस पोखरीमा एक जोडी माछाको पनि उत्पत्ति भयो । पोखरी र माछाको उत्पत्ति भएपछि त्यस गाउँमा अन्नबालीको उत्पादन सहस्र भयो । खाएर खाइनसक्नु र थन्क्याएर थन्कयाई नसक्नु भयो । यस्तो चमत्कारपूर्ण उपलब्धिले गर्दा गाउँवासीहरू आश्चर्यमा परे । तसर्थ यसको रहस्य के रहेछ भनी पत्ता लगाउन उनीहरू दिक्तेलको सोल्मा गाउँ पुगी एक नक्षो (धामी) लाई बोलाएर चिन्तावाट चुरी (हेरकोर) गर्न लगाए । नक्षोको चुरीवाट त्यस ठाउँमा साकेला भूमिदेवताको प्रतिरूप माछा रहेको र त्यसैको शक्तिले अन्नबाली पगितो भएको हो भन्ने कुरा पत्ता लाग्यो ।

अन्नबालीको अत्यन्तै पगितो हुनुलाई अनावश्यक ठानी त्यसलाई कसरी कम गर्न सकिन्छ भन्ने सोच बनाउन थाले । धेरैको विचारमा माछा मानु पर्छ भन्ने कुरामा सहमत भएकाले सोही प्रस्ताव नक्षो समक्ष राखे । नक्षोले यसलाई पापकर्म सम्झि पूर्ण इन्कार गरे । तर गाउँवासीहरू एकमुख भएकाले उनको इन्कारको कुनै अर्थ रहेन । माछा मार्नै पर्ने वाध्यता भएकोले अन्तर्ह्रदयले नमान्दा नमान्दै पनि माछा मार्न वाध्य हुन पऱ्यो । तसर्थ माछालाई मार्न दुइटा प्वाखँ मन्तर्न थाले । उक्त प्वाखँ हान्नु अघि नक्षो एकपटक वरर आँसु झारेर रोए र "लौ मलाई पाप नलागोस् है" भनेर पोखरीतिर प्वाँख हानी पठाए । प्वाखँ गएर दुवै माछाको आँखामा गडियो । त्यसपछि माछा पनि अलप भयो । यो काम फाल्गुण महिनामा गरिएको थियो । पछि श्रावणमा उक्त पोखरी खोलिएर गयो । र पानीकोसाथमा एक ढुङगा पनि बगाई लग्यो र लुवाली गहिरा पुग्यो । आलेखवहादुर भन्नुहुन्छ - "उक्त ढुङगा लुवाली गहिराभित्र अझै पनि छँदैछ ।" यसपछि खार्मी गाँउमा अन्नबाली हुनछाड्यो ।

**खार्मीले दुमी बुसुरू युयुमा किरात राईहरूको उत्पत्ति सम्वन्धी किंवदन्ती:**
स्वर्गीय करबीर दिम्मचु राईको लिखित कागज र आलेखबहादुर थुलुङको भनाईअनुसार खार्मीले दुमी बुसुरू युयुमा किरात राईहरूको चारभाई छोरीहरू बुसुरू, हरसी, दिम्मचु, सरचु र वालक्पा किरात राईहरूको साझा बाजेहरू १२ भाई र एक चेली थिए । १२ भाइमा कान्छाको नाम दिम्मचु थियो । चेली कुटुम्बगत लगीसकिएकी थिईन् । हालको बासपानी गा.वि.स अन्तर्गत पर्ने केलासी गाँउको चुचुदहमा पौडी खेल्दा कुनै अदृष्य शक्तिको कारणले १५ हात लामो बाघ हुने र जङ्गल पसेर मृग,वदेल मारेर ल्याई पुनः त्यही दहमा पस्दा मानिसको रूप लिदा रहेछन् । तर नङग्रा चाहि बाघकै रहिरहने भएको हुनाले उनीहरूको माताले सधैं मकै भुटने खपेटा (हाडी) वेस्सरी तताई दिएर वाटोमा पुऱ्याई राखी छोड्दी रहिछिन् र भरै ती छोराहरूले सोही तातो खपेटामा पालैपालो नङग्रा घोटी मानिसकै जस्तो वनाउदा रहेछन् । एव क्रमले शिकार मार्ने, खाने क्रम चलिरह्यो ।

एकदिन त उनीहरूको चेलीको श्रीमानले पनि जेठूहरूसंग सिकारमा जाने प्रस्ताव श्रीमतीसँग राखेछ । यो कुरा सुनेर श्रीमतीले आफ्ना माइतीहरूको यथार्थ कुराहरू सुनाई शिकारमा नजानुहोस् भनी सम्झाइन् तर श्रीमानले शिकारमा जानेनै जिद्धि गऱ्यो । पुन : जेठुहरूले पनि यथार्थ कुरा वताई ज्वाँइलाई शिकारमा नजानुहोस् भनी सम्झाए तर पनि ज्वाँइले शिकारमा जाने नै अठोट गऱ्यो । लौ त भनी सबैजना शिकारमा गए । चुचुदहमा पुगेपछि जेठूहरू ज्वाँईलाई"नडाराईकन रूखको आड लागेर हामी नफर्केसम्म बसिरहनु" भनी दहमा हाम फाले । यो सबै दृष्यहरूलाई देखेर ज्वाँइ डरले काम्दै जेठूहरूको वचनलाई त्यागेर घरतिर भाग्यो ।

घरमा आइपुगेपछि तिमी त बाघको चेलीपो रहेछौ भनी गाली गर्न थाल्यो । उता जेठूहरू शिकार मारी चुचुदहमा आइपुग्दा त ज्वाँई त्यहाँ नभएको देखी अघि नै घरतिर लागेको अनुमान गरी उनीहरू पनि घर फर्के । घरमा आइपुग्नु अगि सदा झैं तातो खपेटामा नङग्रा घोटन थाले तर नङग्रा नघोटिई जस्ताको तस्तै रह्यो । यो के को छापछुल (कारण/दोष) हो ? कतै ज्वाँइ रिसाएको त होइन भनी ज्वाँइको घरमा कान्छा भाईबाट पालैले बुझ्न जान थाले । अन्तिममा जेठोको पालो बुझ्न् गई बाहिरबाट चियो गर्दा घरभित्र बहिनीलाई जेठूहरूकै बिषयलाई लिई धुमधाम हकारीर हेको पायो । अब कसरी ज्वाँइलाई घर वाहिर निकाल्ने भनी उपाय खोज्न थाल्यो । उपाय ठिक्क फेला पाऱ्यो । साँझमा सिकुवामा छोपेको कुखुरा पक्रिन खोज्दा कुखुरा जोड्ले कराउन थाल्यो । यो आवाज घरभित्र सुनी "लौ स्यालले कुखुरा तानेछ" भनी लोग्ने वाहिर निस्कन खोज्दा श्रीमतीले

वाहिर जानबाट रोकिन् । तर पनि लोग्ने वाहिर निस्क्यो । वाहिर निस्कने वित्तिकै बाघले पक्रेर ज्वाँइलाई मार्‍यो ।

लोग्ने मरेपछि श्रीमती शोक विव्हल हुँदै माइतीहरूसँग रून थालिन् । माइतीहरूले वाँचुन्जेल पुग्ने असर्फी तिमीलाई दिन्छौ शोक नगर भनी सम्झाए । तर पनि चेलीले नमानेपछि अन्त्यमा के माग्छ्यौ त भनी सोध्दा चेलीले "माथिको सूर्य टिपेर ल्याईदियौ भने म खुसी हुन्छु" भनी उत्तर दिइन । वहिनीको माग पुरा गर्न बाह्रै भाई माइतीहरूले बराहक्षेत्रबाट ढुङ्गा ल्याई रमिते थाप्लोमा फापरको ढिँडो ओडाली त्यसको हिलो वनाई तापखोला फेदीबाट पर्खाल चिठ्दै माथि निकाल्दा एकदिन त सूर्य भेटे । सूर्य भेटेपछि टोपीले समाउन खोज्दा सूर्यको तापले टोपी डढ्यो । त्यसपछि गोवरले समाउन खोज्दा गोवर पनि डढ्यो । अन्त्यमा कुकुरको पुच्छरको सनासो बनाई एघार भाई नै सूर्य टिप्न गए । कान्छो भाइचाहि बराहक्षेत्र ढुङ्गा लिन गए । कान्छो ढुङ्गा लिएर फर्कदा त ११ भाई माइती र चेली आफूले चिठेको पर्खाल लडेर मिची मरिसकेको रहेछन् । चेली र दाज्यूहरूको यस्तो हाल देखेर कान्छो बुसुरू खार्मी गाउ नै फर्केर बस्यो । खार्मी फर्केपछि उनले दुई वटा विवाह गरे र ती दुई श्रीमतीबाट जन्मेको जेठी पट्टिको चोचुप र मुसक्त र कान्छी पट्टीको छोराहरू छिलुकतारा र रावाकता हुन् । छिलुकतारा र रावाकतालाई चोचुप र मुसक्तले शिकार खेल्दा मारे भनिएको छ ।

लेखिएका कुरा इतिहास भएर रहन सक्छ तथापि सवै लिखित कुराहरू सत्य नै हुन्छ भन्न पनि सकिन्न । कतिपय किंवदन्तीहरू लोककथामा आधिरित छन । तसर्थ अव यहाँ प्रष्ट हुनपर्ने कुरा के हो भने किवंदन्तीका टिपोटकर्ता स्वर्गीय करबीर राईलाई सम्मान गर्दै यो प्रस्तोता के भन्न चाहान्छ भने खारूबुका १२ भाई छोरा र १ बहिनी चेली थिए । कान्छो छोराको नाम बुसुरू थियो । बयोबृद्ध आलेखबहादुर थुलुङ राईको भनाई पनि यस्तै छ । १२ भाई मध्ये ११ भाई र चेली सूर्य टिप्न जाँदा आफूले चिठेको पर्खाल लडेर आफै मिची मरे । आलेखबहादुर थुलुङ्गले चाही यो पर्खाल भत्किएको रंकाचु नामग्राबदाङ डाडा भनेका छन् । यो डाडा ढालतरबार डाडाको पश्चिममा पर्दछ । आलेख वहादुरले कान्छा बुसुरू बराहक्षेत्रबाट ढुङ्गा टिपी आउँदा चेली र दाजुहरू चाही मरेको थाहा पाई उनी खार्मी गाउमा नै आई बस्न लागे । यहाँ उनले युयुमा (रूमाया पनि भन्छन) सँग विवाह गरी जन्मेका सन्तान जेठा हरसी, माइला दिम्मचु, साइला सरचु, काईला हम्रुचु र कान्छा वलक्पा हो । त्यसैले यी पाँचै पाछाको सामे एउटै हो बुसुरू युयुमा । दिम्मचुको दुईवटा विवाह भएको थियो । जसमा जेठीपट्टीवाट चोचुप र मुसक्त जन्मे भने कान्छीवाट छिलुकतारा र रावाकता जन्मे । पछि छिलुकतारा र रावाकता चोचुप र मुसक्तबाट शिकार खेल्दा मारिएकाले उनीहरूको वंश नांस भयो भने मुसक्तको पनि कुनै सन्तान छैन केवल चोचुपको सन्तानमात्र फैलिएर बसेका छन् ।

माथि भनिएको कुरामा करबीर राईले चार पाछाको मात्र कुरा राख्नाले एउटा अनुमान के हुन्छ भने हम्रुचु, बुसुरूको छोरा होइन । त्यसो हो भने उनी बुसुरूको चेली पट्टिको छोरा हुनुपर्दछ । ससर्का पुरानो गाँउको वृद्धपूर्खा भोटुमान हम्रचु राईले हामी सूर्य वंशी हौं हाम्रो पाछा बुसुरू रूमाया हो भन्नु हुन्छ । यसो हुँदा संभवत सूर्यको माग गर्ने चेलीको सन्तान भएरै यस्ता भनाईहरु हुदै आएको हो कि भनी अनुमान गर्न सकिन्छ । जहाँ आज हम्रचुहरूले आफ्नो सामे एक मतले बुसुरू युयुमा वा रूमाया भन्दछन ।

कविता

## किरात हौं

विकाश ब्राक्सुपा सत्म दुमीराई
कटारी मरूवा, ७, श्री त्रिवेणी उच्च मा. वि. कटारी

किराती हौं यस देशका दुमी राई जाति
आफ्नै भेष आफ्नै भाषा आफ्नै छ संस्कृति
आफ्नै चालचलनको हामीले निकाल्नु छ कृति
हुन्न हुन्न रितिरिवाजको कहिले विकृति ।
किराती भै यस देशमा नाम राख्नु छ
अघिबढि उन्नति गर्दै माथि पुग्नु छ
हाम्रो आफ्नै संस्कृतिको विकास गर्नु छ
विकृतिलाई पछि हटाई अघि सर्नु छ ॥

## बाचा बन्धन



- सञ्जिव दुमी राई
कक्षा १० -दस), पृथ्वी उ.मा.वि. बाक्सिला

यो तिम्रो माया हो हरेक सम्झनामा
तड्पाई दिन्छ "
कोशेली लिएर आएका आशाहरू
निरासा भई हराई दिन्छन्
सिमल चौतारीमा पात खेलाई
साँझ परेको बेला
खहरे तर्दै भनेकी थियौ
सदा साथ दिनु पर्ला"
यो कसको रहर हो मयुर भई नाची दिन्छौ "
विश्वासिला वाचाहरू छाल संगै
विलाई दिन्छौ "
"मेरो यथार्थ
यथार्थ साहित्यको
सृजना हुन्छ ।".

## आगामी आठौं अंकको बिषेश... डा. स्वामी प्रपन्नाचार्यसँगको भेटबार्ता–

... आजभन्दा लगभग पाचसयदेखि बढीमा एकहजार बर्ष पहिलेसम्म किरात राईहरु मात्र थिए । त्यसताका २०४७ सालमा जनजाति छुटे भै राईबाट लिम्बुहरु छुटेका हुन् ।

... शिब कुमार दुमीराई (जो खोटाङ्ग, माक्पाबाट सिक्किम्, रिनाग गई पछि खर्साङ्गमा आएर बसेका थिए), इन्द्रबहादुर राई, हरिप्रसाद गोर्खाराई, त्यत्रा साहित्यकार भए ।

...यदि राई, लिम्बु, मगर, सुनुवार, गुरुङ्ग, तामाङ्गलाई मात्र जनजाति भन्ने हो भने क्षेत्री, बाहुन, कामी, दमाई के जातिमा जालान्, पशुजातिमा जालान् ?

... ती ज्ञानको मन्दिर परिसरभित्र राजनीतिक क्रियाकलाप गर्नेहरु गुरु र चेलाहरुका मात्र नभै विद्याको नै शत्रु हुन्, त्यसतालाई त बाईकट गर्नैपर्छ ।

**– सम्पादक**

# १ दिम्मचु





श्रोतदाताः जुक्तबहादुर
दिम्मचु राई

# १० पातुप्सी

- ११ पालसिंह
  - १२ चाम्दल
    - १३ हङ्बीर
      - १४ रन्दीर
        - १५ जैप्रसाद (मा)
          - १६ डल्लुमान (मा.)(नि.)
          - १६ इन्द्र ब. (सा) (वंशावली श्रोतदाता) — १७ उमेश
          - १६ सूर्य ब. (काई) — १७ धन ब.
          - पण्ड ब. (अ) (मुङ)
          - १६ बिच्छे (पट्न ब.)(का)
        - १५ गमप्रसाद (सा)
          - १६ जागिरमान (जे)
            - १७ रघुबीर (मुङ)
          - १६ कृष्णबहादुर (मा)
            - १७ मधुबीर (मुङ)
          - १६ अडि ब. (का) (शाखामात्र)
            - १७ मङ्गलसरी (जे)
            - १७ हर्कसरी
        - १५ कुलप्रसाद
          - १६ वम प्र. (जे)
            - १७ देवराज (मुङ)
          - १६ राजबहादुर (मा)
            - १७ भूपेन्द्र
              - १८ धनीराम
